मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

ग्राफी

संचेतना द्वैमासिक

पूर्णाङ्क ६२, भदौ ०६४

शान्ति स्थापना : अवधारणा र अभ्यास

नेपाल सरकारद्वारा घोषित

लोकतान्त्रिक आन्दोलनका सहिदहरू

देविलाल पौडेल
०५९ चैत २५ गते

ताहिरअलि अन्सारी
०६० वैशाख ५ गते

लालबहादुर बिष्ट
०६१ असार ७ गते

चक्रराज जोशी
०६१ मंसिर २७ गते

उमेशचन्द्र थापा
०६२ माघ २६ गते

होरिलाल राना थारू
०६२ माघ २६ गते

दर्शनलाल यादव
०६२ चैत २३ गते

भिमसेन दाहाल
०६२ चैत २६ गते

हरिराज अधिकारी
०६२ चैत २६ गते

तुलसी डुम्राकोटी
०६२ चैत २७ गते

शिवहरि कुँवर
०६२ चैत २७ गते

विष्णु पाण्डे
०६२ चैत ३० गते

हिरालाल गौतम
०६३ वैशाख ४ गते

सेतु विक
०६३ वैशाख ५ गते

सुरज विश्वास
०६३ वैशाख ६ गते

राजन गिरी
०६३ वैशाख ६ गते

वाशुदेव घिमिरे
०६३ वैशाख ७ गते

सगुन ताम्राकार
०६३ वैशाख ७ गते

दिपक कामी
०६३ वैशाख ७ गते

यमलाल लामिछाने
०६३ वैशाख ८ गते

गोविन्दनाथ शर्मा
०६३ वैशाख १२ गते

प्रद्युम्न खड्का
०६३ वैशाख १६ गते

मोहम्मद जाहाँगिर खाँ
०६३ वैशाख १८ गते

चन्द्रबहादुर बयलकोटी
०६३ वैशाख २३ गते

अनिलकुमार लामा
०६३ वैशाख २३ गते

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

स्युचाटार, कलंकी, काठमाडौं, पो.ब.नं. २७२६, फोन : ४२७८७७० फ्याक्स: ४२७०५५१, वेबसाइट : www.inseconline.org

मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि
उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष १५, पूर्णाङ्क ६३, भदौ २०६४

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

सम्पादक
लक्ष्मणदत्त पन्त

आवरण ले-आउट
गोविन्दप्रसाद त्रिपाठी

फोटो
विमलचन्द्र शर्मा

व्यवस्थापन
शैलेश शर्मा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाण्डौ
टेलिफोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : prachi@insec.org.np
वेबसाइट : www.inseconline.org

मुद्रक
इन्द्रेणी अफसेट प्रेस
अनामनगर, काठमाडौं
फोन : ४७७१४४८

शान्ति स्थापना : अवधारणा र अभ्यास

- शान्ति स्थापना : अवधारणा र अभ्यास ८
- राजनीतिक तथा नागरिक अधिकारको रक्षा : द्वन्द्व रूपान्तरणको मेरूदण्ड १६
- दिगो शान्ति स्थापनार्थ सामाजिक न्यायको आन्दोलन २२
- संरचनागत हिंसा र शान्ति प्रक्रिया २९
- शान्ति स्थापना र आर्थिक, सामाजिक तथा सांस्कृतिक मुद्दा ३३

आवरण फोटो

"निर्भय जनताको सशक्त पहल, दिगो शान्तिको बाटो" शीर्षकमा इन्सेकद्वारा ०६१ सालमा आयोजित पोष्टर प्रतियोगितामा सहभागी रश्मी अमात्यको सिर्जना।

- शान्ति स्थापनाका चुनौती ३५
- शान्ति प्रक्रियाले सम्बोधन गर्न नसकेका स्थानीय मुद्दाहरू ३७
- बेपत्ता छोरी फर्किने आशामा आशु बगाउदै ४३
- शान्ति सहमतिले दिन नसकेको शान्ति ४४
- लघु कथा : निर्दयी शहर ४५
- कविता : शब्दस्मृति ४५
- प्रकाश मानवअधिकार पुरस्कार : विगतदेखि वर्तमानसम्म ४७
- संविधानसभा सदस्य निर्वाचन, २०६४ ५२

नियमित स्तम्भहरू

- यथावत २
- कार्टून २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- पाठक-पत्र ५
- सामयिक ६
- अवतरण ७
- प्राची वार्ता ४९
- जनमत ३९
- मानवअधिकार सामान्य ज्ञान ४६
- पुस्तक परिचय ५१

यथावत्



नेपालमा शान्ति र राजनीतिक प्रक्रियामा राष्ट्रसंघ आशावादी छ। म नेपालको शान्ति प्रक्रियामा सघाउन अन्तर्राष्ट्रिय समुदायलाई आह्वान गर्दछु।

बान की मुन
महासचिव, संयुक्त राष्ट्रसंघ
सुरक्षा परिषद्मा नेपालको शान्ति प्रक्रिया बारे प्रस्तुत हुने तीन महिने प्रतिवेदनमा,
०६४ साउन ८



शान्ति सुरक्षाको बहानामा संविधानसभा निर्वाचन रोक्न मिल्दैन। अन्तर्राष्ट्रिय समुदाय मंसिर ६ गते नेपालमा निर्वाचन भएको हेर्न चाहन्छ।

शिवशंकर मुखर्जी
नेपालका लागि भारतीय राजदूत
भारतीय दुतावासमा सञ्चारकर्मीसँग, ०६४ साउन ३०

जनभावना र जनआकांक्षा नबुझ्ने दल जनताको दृष्टिमा गलत सावित हुनेछन्। संविधानसभा निर्वाचन बिथोल्ने कार्य कसैबाट हुनुहुँदैन।

माधवकुमार नेपाल
महासचिव, नेकपा (एमाले)
नेपाल पत्रकार महासंघद्वारा काठमाडौंमा आयोजित कार्यक्रममा बोल्दै, ०६४ भदौ ९

निर्धारित मितिमा संविधानसभा निर्वाचन भएन भने देशमा ठूलोखाले बिग्रह सुरु हुन्छ। शान्ति प्रक्रिया उपयुक्त ढंगले गएन भने जनविद्रोह अपरिहार्य छ।

पुष्पकमल दाहाल (प्रचण्ड)
अध्यक्ष, नेकपा (माओवादी)
नेपाल, ०६४ भदौ १

कार्टून

● योगेश खपाङ्गी

आयोगबाट खबर आ'रछ ! ग्रह-दशा, तारामण्डल सबै ठीक छ रे, दलहरू चुनावको तयारीमा लाग्नुपर्‍यो रे !

साभार : गोरखापत्र दैनिक
०६४ साउन २५ गते

प्रिय पाठक !

तपाईंलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?

प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाईंको अपेक्षा छ ?

कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला ।

सम्पादक

जसरी हामी परिवारमा देखा पर्ने द्वन्द्वको समाधान युद्धबिना नै गरिरहेका हुन्छौं, त्यसैगरी तिता र अमानवीय युद्धहरूको समाधान पनि त ठूला युद्धबिना नै सम्भव भएका छन् । परिवार, बालबालिका र दम्पतिको भलाईका लागि द्वन्द्वको समाधान खोजिएजस्तै राजनीतिक द्वन्द्वको समाधानका लागि देशको समग्र भलाईलाई केन्द्रबिन्दु बनाइनुपर्दछ । युद्धको आधुनिक अभ्यासहरूलाई अवलोकन गर्ने हो भने पनि द्वन्द्व अत्यन्तै तरल अवस्थाको रूपमा देखा पर्दछ । जसअनुसार राजनीतिक शान्ति संस्थागत हुन्छ भने आध्यात्मिक शान्ति अस्तित्वसँग सम्बन्धित हुन्छ । युद्धोत्तर अवधिमा शान्ति स्थापनाका रेखाहरू स्पस्ट देखिदैनन्, कारण युद्धका रणनीतिक प्रयासहरू परिवर्तन भइरहन्छन् ।

२०५२ सालमा सुरु भएको सशस्त्र द्वन्द्वले नेपाली समाजमा कहालीलाग्दो वातावरणको सिर्जना गऱ्यो । त्यस क्रममा हजारौं ब्यक्ति घरवारविहीन भए । हजारौंले ज्यान गुमाए । हजारौं घाइते भए । माओवादी र राज्यपक्ष दुवैबाट लाखौं ब्यक्ति पीडित भए । हरेक नेपाली नागरिकले असुरक्षा महसुस गरे । शान्ति स्थापनाको प्रयासस्वरूप राज्य र माओवादीका बीचमा धेरैपटक शान्तिवार्ता नभएका होइनन्, तर सशस्त्र द्वन्द्वको औपचारिक अन्त्यका लागि नेपाली जनताले धेरै समय कुर्नुपऱ्यो । १२ बुँदे समझदारी, युद्ध विराम आचार संहिता, आठ बुँदे सहमति पाँच बुँदे समझदारीसम्म पुग्दा मात्र नेपालको शान्ति प्रक्रियाले उपयुक्त बाटो पहिल्यान सक्यो । अहिले सशस्त्र द्वन्द्वको औपचारिक अन्त्य भएको छ । यद्यपी युद्धका घाउहरू मेटिएका छैनन् । जनताका सामाजिक, आर्थिक एवं सांस्कृतिक मुद्दाहरू राष्ट्रिय रूपमा सम्बोधन हुन बाकी नै छ ।

आफ्ना अधिकारका बारेमा अरुले बोलिदिए मात्र अधिकारको रक्षा नहुने यथार्थता विद्यमान रहेको बेला इन्सेकले मध्य तथा सुदूरपश्चिमका बाह्र वटा जिल्लामा बिभिन्न चरणमा शान्ति अभियानसँग सम्बन्धित कार्यक्रम चलायो । कार्यक्रमको उद्देश्य थियो जनतालाई स्थानीय रूपमा अधिकारकाबारे सचेत गराउने, बन्दुकका गर्जनबीच जीवन जिउन बाध्य ब्यक्तिलाई संगठित गराउने र स्थानीय जनताका आर्थिक, सामाजिक तथा सांस्कृतिक मुद्दा उजागर गर्ने । सो उद्देश्य पुरा गर्न जनतालाई संगठित गरी द्वन्द्वग्रस्त क्षेत्रमै बिभिन्न कार्यक्रमरूसेमत सञ्चालन गरिए । प्राचीको यस अङ्कमा हामीले इन्सेकद्वारा सो क्षेत्रमा सञ्चालन गरिएका कार्यक्रमको उपलब्धि मापन गर्ने जमर्को गरेका छौं । संकटको समयमा सञ्चालित कार्यक्रमका केही ठोस उपलब्धिसमेत देखिएका छन् । स्थानीय जनता आफ्ना अधिकारका बारेमा सचेत र जागरूक भएका छन् । पारिवारीक र संरचनागत हिंसाका घटनाहरूमा कमी आएको छ । जनता आफ्ना स्थानीय माग राज्य प्रशासनसँग पुऱ्याउन सफल भएका छन् । समग्रमा अधिकारका बारे चेतनाको लहर फैलिएको छ । कठिन घडीमा सञ्चालित कार्यक्रमको उपलब्धि मापन गर्दा अहोरात्र जनताको घरदैलोमा चेतनाको दियो प्रज्वलित गर्ने शान्ति अभियन्तालाई हामी सबैले साधुवाद भन्नैपर्दछ । यसले संविधानसभामार्फत नयाँ नेपालको निर्माणमा लागेकाहरूलाई पनि मार्गनिर्देशन गर्नेछ ।

अहिले बिग्रेका र भत्केका संरचनालाई पुनःनिर्माण गर्ने, द्वन्द्वका सबै घाउहरू मेटने, शान्ति बहालीको दिगो अभियान सञ्चालन गर्ने र एघार वर्षे सशस्त्र द्वन्द्वबाट पीडित भएकालाई राहत ब्यवस्था गर्ने समय हो । सरकारले यी मुद्दाहरूलाई संविधानसभाको निर्वाचनसँगै अघि बढाउनुपर्दछ । दीर्घकालीन शान्ति स्थापनाको लागि जनताको स्वतन्त्रता र न्यायको विषय पहिलो प्राथमिकता हुनुपर्दछ । यस परिप्रेक्ष्यमा इन्सेकद्वारा सञ्चालित शान्ति अभियान र सशक्तिकरण कार्यक्रमले टेवा पुऱ्याउने छ । संविधानसभाको निर्वाचनमार्फत दीर्घकालीन शान्तिको खोजी भइरहेको बेलामा यस्ता तमाम मुद्दाहरूलाई निर्वाचनमार्फत सम्बोधन नगरिएको खण्डमा शान्ति स्थापनाको क्षितिज झन् टाढा हुनेछ ।

एउटा पत्र प्रकाशको अन्तरङ्ग मित्रको नाममा

प्रिय सुशीलजी

नमस्कार ।

प्रकाशजीसँग प्रत्यक्ष भेट हुनु अगाडिदेखि नै मैले तपाईहरूको नाम सुनेको थिएँ। तपाईहरूले लिएको विदेशी नेताहरूको बहुचर्चित अन्तरवार्ता समाज दैनिकमा छापिएपछि पत्रकारिता जगतमा निकैनै हलचल मच्चिएको थियो। त्यस्तै स्वर्गीय वी. पी. कोइरालाका बारेमा एउटा समाचार समाजमा नै छापिएको थियो। त्यस समाचारको निकैनै चर्चा भएपछि "सुप्र" को बारेमा मलाई माधव शर्माले बताउनु भएको थियो। साहसिक काम गर्ने व्यक्तिहरूलाई भेट्न र उनीहरूसँग कुराकानी गर्न मलाई ज्यादै आनन्द आउने भएकोले तपाईहरूसँग भेट्ने प्रयत्नमा नै थिए। तर भेट हुन सकेको थिएन।

मिति त याद छैन, उक्त दिन जागृतप्रसाद भेटवालले प्रकाशजीलाई लिएर आउनु भएको रहेछ। भेटवालजीले भन्नुभयो। "दाई उहाँ प्रकाश काफ्ले हुनुहुन्छ र हामी दुवै मिलेर प्रकाश साप्ताहिक चलाउने निर्णय भएकोले पत्रिका दर्ता गर्यौं।" प्रकाशजीले भन्नुभयो- "दाजु हामी नयाँ छौं, हामीलाई तपाईको सहयोग चाहिन्छ।" यो प्रकाशको पहिले भेटको भनाई थियो।

ठ्याक्कै तिथिमिति याद छैन, २०४९ सालको असारको आखिरी हो वा साउनको पहिलो साता, एक दिन बेलुका ९ बजेतिर फोन आयो। त्यो प्रकाशजीको फोन रहेछ। "दाजु थाहा पाउनु भयो मैनालीजीलाई मासमको महासचिव बनाएछन् नी।" झण्डै आधा घण्टा जति कुरा भयो। "म केही दिन पछि मानवअधिकारकै काममा बाहिर जाँदै छु। सार्क स्तरीय मानवअधिकार संस्थाको गठन गर्नुपर्छ। त्यसमा दाजुले पनि सहयोग गर्नुपर्छ। हामीले भूटान सम्बन्धी एउटा राम्रो प्रतिवेदन प्रकाशनमा ल्याएका छौं। दाजुलाई पनि एक प्रति ल्याई दिएको छु। यसो अफिसमा आउँदा लिएर जाउँ। म नभए पनि घरमा बुबालाई भनेर छाडिराखेको हुन्छु। फर्केर आएपछि मासमको बारेमा सल्लाह गरौंला।" यो उहाँसँगको अन्तिम कुराकानी रहेछ।

प्रकाशजीसँग परिचय भएको केही दिन पछाडि देखिनै एकअर्कासँग निकै घनिष्ठ हुँदै गयौं। प्रत्येक भेटमा नयाँ नयाँ योजनाका बारेमा कुराकानी भइरहन्थे। कहिल्यै नचाहिने कुरा भएनन्। मैले भेटका तिक्ष्ण बुद्धि भएको र साह्रै जाँगरिलो मानिसहरू मध्ये प्रकाश प्रथम कोटीको मानिसमा पर्नुहुन्छ। उहाँ सधैं नेपालमा भइरहेको अत्याचार विश्व रंगमञ्चमा अगाडि राख्नुपर्छ, अनि मात्र नेपालमा पूर्ण प्रजातन्त्र स्थापनाका निम्ति बल मिल्छ भन्ने धारणा राख्नुहुन्थ्यो। २०४१ साल साउनमा मानवअधिकार संरक्षण मञ्चको गठन भएपछि उक्त मञ्चलाई आजको रूपमा ल्याउने कार्यमा प्रकाशको पचहत्तर प्रतिशत योगदान रहेको छ। मानवअधिकारको क्षेत्रमा त प्रकाश एउटा उदियमान तारा नै हुनुहुन्थ्यो। यसमा कसैले पनि ईर्ष्या गर्ने ठाँउ छैन। प्रकाश पश्चिमा देशमा जन्मनु भएको भए मानवअधिकार क्षेत्रमा उहाँले "नोबल शान्ति पुरस्कार" नै पाउन सक्नुहुन्थ्यो कि भन्ने पनि मलाई लाग्न थालेको छ।

राजनीतिका क्षेत्रमा त प्रकाशजीको कस्तो भूमिका थियो म आफू प्रत्यक्ष संलग्न नभएकोले थाहा छैन। एमाले- महासचिव मदन भण्डारीले हँसिया हथौडासहितको कम्युनिष्ट पार्टीको झण्डा प्रदान गरेकोले पहिले कम्युनिष्ट पार्टीको सदस्य हुनुहुन्थ्यो कि हुनुहुन्न थियो म भन्न सक्दिन। तर प्रकाशलाई प्रखर पत्रकारका रूपमा भने लिनै पर्दछ। उहाँ उत्तम लेखन शक्ति भएका पत्रकारहरू मध्येमा पर्नुहुन्थ्यो। उहाँले लेखेको एउटा समाचार म प्रस्तुत गर्दैछु- "यसरी अहिल्यैसम्म वामपन्थीहरूले संयुक्त भएर कार्यक्रम दिने दिशामा कुनै कदम नचालेकोले वामपन्थीको सल्लाह बालुवाको डल्ला भन्न थालिएको छ।" उहाँले प्राचीबाट पत्रकारिता सुरु गरेर समाज, प्रकाश, छलफल, खबर, ज्वाला आदि विभिन्न पत्रिकामा प्रशस्त योगदान पुऱ्याउनु भएको थियो। पत्रकारिता र मानवअधिकारको क्षेत्रमा काम गर्दा प्रकाश र म कैयन पटक आधा पेट मात्र खाएर पनि सँगै हिंडेका थियौं। हामी कैयन पटक एउटै ओछ्यानमा पनि सुतेका थियौं। आँखामा हाले पनि नबिझाउने साथीलाई भने छिटै अन्तिम विदा गर्नुपर्दा लाग्ने दुःख त भनेर साध्य नै छैन।

गत पुष ११ गते अर्थात् २६ डिसेम्बरका दिन प्रकाशको जन्म दिवस पर्दोरहेछ। मासमको जनकपुर इकाईले आयोजना गरेको वृक्षारोपणमा भाग लिँदा आनन्द होइन अतितका सम्झनाले मर्माहत नै गरायो।

सुशीलजी, प्रकाशजस्ता मिलनसार र सिङ्गो आर्थिक, राजनीतिक र सामाजिक अवस्थाको मानचित्र बोकेर हिंड्ने समकालीन साथी पाउन बहुत मुस्किल छ। तपाईहरूलाई कुनै नौलो मानिसले एकैचोटी देख्दा जुम्ल्याहा नै त होइन भन्ने अनुमान गर्दथे। त्यस्तो अभिन्न मित्र गुमाउनु पर्दा कस्तो भएको होला कल्पना गर्न बहुत गाह्रो छ।

छोटो आयुको हुनुहुँदो रहेछ- प्रकाशले छिटै सबैलाई रुवाएर जानुभयो। यति छोटो समयमै धेरै धेरै काम गर्नुभयो, जुन लामो जीवन बाँच्दा पनि गर्न सकिदैन। प्रकाशले प्रारम्भ गरेका धेरै कामहरू पूरा हुन अझै बाँकी नै छन्। ती बाँकी कामहरू पूरा गराउन सकेमात्र प्रकाशप्रति वास्तविक श्रद्धाञ्जली व्यक्त गरेको ठहर्ने छ।

सुशीलजी, मलाई मनमा के लागेको छ भने प्रकाशको प्रमुख क्षेत्र भनेको मानवअधिकारको क्षेत्र नै हो। त्यसैले तपाई हामी सब मिलेर मानवअधिकारको क्षेत्रमा लागी पर्नेहरूको निमित्त उत्साह प्रदान गर्न एउटा मानवअधिकार पुरस्कार स्थापना गरौं। जसले गर्दा यो मानवअधिकारको क्षेत्र अरू फराकिलो बनाउँदै लैजान मद्दत मिल्नेछ र प्रकाश पनि सधैं मानवअधिकारवादीहरूसँगै हुनेछन्। यस कार्यको निमित्त तपाईले योजना बनाउनुहोस् म सहयोग गर्न तयार छु।

संसारको नियम यस्तै रहेछ। आत्मीय साथीसँगको विछोडबाट भएको दुःखलाई साहसमा बदली स्वर्गीय आत्मालाई चीर शान्ति दिने प्रयत्न गरौं। अधुरा र बाँकी रहेका काम अब तपाई हाम्रो मात्र जिम्मामा रहेको छ। आजलाई विदा।

उही तपाईंको

कृष्णप्रसाद शिवाकोटी

बानेश्वर २४/९/०४९

(प्राची, वर्ष १, अङ्क २०४९)

सम्पादकज्यू

प्राचीको ६२ औं अंक पढने अवसर पाएँ। साह्रै राम्रो लाग्यो। यसभित्र समावेश गरिएका सबै लेखहरु समय सान्दर्भिक लागे । मध्यपृष्ठमा छापिएको 'बेपत्ता नागरिकको स्थिति सार्वजनिक गर' शीर्षक फोटोफिचरले मनलाई निकै छोयो। राज्यद्वारा बेपत्ता पारिएका आठसय भन्दा बढी मानिसहरुको स्थिति कस्तो होला ? बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक हुनु अति आवश्यक छ। जहाँ बैनीले दाजु, छोराले बुबा र सम्पूर्ण परिवारले आआफ्नो सदस्यहरु खोजी रहेका छन्। बेपत्ता हुनेहरुको परिवारको कथा व्यथा क्रुर र दयनीय छ। सो पृष्ठमा देखाइएका तस्वीरहरुले यही अवस्थालाई उजागर गर्दछ। यो अवस्था कहिले सम्म रहने हो ? पीडितले कहिलेसम्म धर्ना दिईरहनु पर्ने हो ? राज्यले छिटो भन्दा छिटो लास वा सासको अवस्थाको जानकारी दिनुपर्दछ भन्ने मजस्ता लाखौं नेपालीको मनमा लागेको छ। यसकालागि सर्वोच्च अदालत र मानवअधिकार सम्बन्धी सम्पूर्ण निकायहरुले चालिरहेको कदमलाई धन्यवाद दिनैपर्दछ। विमलचन्द्र शर्माको फोटोफिचरप्रति ऐक्यबद्धता प्रकट गर्दछु।

राजिन पनेरु, जनप्रिय बहुमुखी
क्याम्पस, पोखरा

सम्पादकज्यू,

नेपालमा भएको राजनीतिक परिवर्तनको बारेमा उचित मूल्यांकन गर्दै संविधान, संविधानसभा, संक्रमणकालीन न्याय र लोकतन्त्रका सम्बन्धमा कुनै पनि पत्रिकाले उपयुक्त विश्लेषण गरेको छैन भन्ने भान मेरो मानसपटलमा परिरहन्थ्यो। तर जब प्राचीको पूर्णाङ्क ६२ मेरो हातमा पऱ्यो, तब लाग्यो यो पत्रिका त जनताको अधिकारको कुरा उठाउँदै राजनीतिक दल तथा शासकलाई कर्तव्यको बोध गराउने सबैको बोली बोकेको साझा मञ्च रहेछ। प्राची देखेर खुशी लाग्यो, मानवअधिकार संघसंगठनसँग आबद्ध रहेता पनि मानवअधिकारवादीकै गल्ति औंल्याएको लेख प्राची भित्र पाउँदा त झनै निष्पक्ष लाग्यो प्राची। प्रेक्षा ओझा, शुशील प्याकुरेल, देवेन्द्रप्रसाद अधिकारी र बियोर्न पिटरसनद्वारा लिखित संक्रमणकालीन न्यायबारेका लेखहरू पढन पाँउदा बिगतमा नेपालमा भएको मानवअधिकार उल्लंघनको अवस्था र पीडितले पाउनुपर्ने न्यायका बारेमा सचेत भए। प्राचीको पूर्णाङ्क ६२ वास्तवमै मननयोग्य र रोचक लाग्यो। लक्ष्मणदत्त पन्तको सत्य निरुपण तथा मेलमिलाप आयोग: दक्षिण अफ्रिकी अनुभव विषयक लेखसमेत समय सान्दर्भिक लाग्यो। वास्तवमा यस्ता तुलनात्मक लेखहरूले पाठकसमक्ष ठूलो प्रभाव पार्छ भन्ने मेरो बिश्वास छ। यसरीनै प्राचीले आफ्नो पाइला अघि बढाउन सफल रहोस्।

सुमन सुवेदी
रेडियो उपत्यका ८७.६ मेगाहर्ज,
काठमाण्डौ

सम्पादकज्यू,

प्राची पूर्णाङ्क ६२ पढ्ने मौका पाएँ। आवरणमा 'मेरो बुबा कहाँ छन् ?' लिखित प्लेकार्ड सहितको बच्चाको फोटो देख्दा लाग्यो यो देशको आठ दलीय सरकार जनताको सेवक नभएर पदको लोभले कुर्सीमा टाँस्सिन लिप्त भएका नालायकहरूको झुण्ड जस्तो छ। अदालतले आदेश दिँदासम्म पालना नगर्ने, बन्दसम्मको आन्दोलनको कार्यक्रम गर्दा पनि कान नुसन्ने यो सरकार जनताको सरकार नभएर जनताको अपमान गर्ने सरकार हो, भन्दा फरक नपर्ला। यो सरकारलाई चाँडै बेपत्ता नागरिकको स्थिति सार्वजनिक गर्ने तथा उनीहरूलाई उचित क्षतिपूर्ति दिने सत्बुद्धि आओस्।

सुबोधराज प्याकुरेलको 'हामी कहाँ चुक्यौं ?' लेख अति सान्दर्भिक, पठनीय र उपयुक्त छ। तर कुकुरको पुच्छरमा तेल लाए जस्तै हाम्रा नेतालाई यो लेखको आग्रह भालुलाई पुराण हुने होला।

प्रेक्षा ओझाको लेखले 'संक्रमणकालीन न्याय' को बारेमा छर्लङ्ग बनायो जसले हामी स्थानीय मानवअधिकार कार्यकर्तालाई संक्रमणकालीन न्यायको बारेमा संचेतना अभियान सञ्चालन गर्न सहयोग पुऱ्याएको छ। लेखमा उल्लेख गरे जस्तै अरू मुलुकको जस्तो हाम्रो मुलुकले असफल राष्ट्रको हैन सफल राष्ट्रको रूपमा संक्रमणकालीन न्याय प्रदान गर्न सकोस् भन्ने शुभेच्छा।

अनि ठूला कुरा गर्दै हिंड्ने कृष्णजंग रायमाझीलाई आफूले तयार गरेको बहुचर्चित प्रतिवेदनमा राजा ज्ञानेन्द्रको नाम लेख्न केले अड्काएछ ? 'आँटिला हुँ' भन्नेलाई 'राजा' शब्द र उनको नाम लेख्ने साहस नआएर 'मन्त्रिपरिषद्को अध्यक्ष' मात्र किन लेखेको ? के तपाईका पछाडि नेपाली जनता थिएनन् ?

सरोकार स्तम्भमा मधु पन्थीको प्रस्तुतिले संक्रमणकालको राम्रो उदाहरण प्रस्तुत गरेको छ जुन देशका अन्य भागमा अनुकरण योग्य छ।

'फिचर' थोरै भए अझ बढी समेट्ने प्रयास गरौं। किनभने नेपाल गाउँ हो र यसमा गाउँका समस्याहरूले प्राथमिकता पाउनु पर्छ नकी सैद्धान्तिक लामालामा लेख मात्र।

सुधीर यादवको कथा "जात" अत्यन्त समयसापेक्ष छ, कथाकारलाई धन्यवाद।

नानीबाबु घिमिरे
अध्यक्ष, मानवअधिकार तथा
अशल शासन क्लब
सिर्थौली-४, सिन्धुली

सामयिक

शान्तिका लागि संविधानसभा

सुबोधराज प्याकुरेल

अहिले संविधानसभाको निर्वाचन गर्नु भनेको विगतका सम्पूर्ण अन्यायपूर्ण चालचलन र तौरतरिकालाई बदलेर न्यायमा आधारित पारदर्शी, जिम्मेवार र जनताको सहभागितामूलक राज्य निर्माणको प्रक्रियाको थालनी गर्नु हो ।

जनआन्दोलनले आधुनिक, स्वतन्त्र, सभ्य र सुरक्षित नेपालको परिकल्पना गरेको थियो। नेपाल भन्नाले त्यहाँ बस्ने बासिन्दाहरूको गरिमा, हक र समानताको परिकल्पना गरेको थियो। उनीहरूको सार्वभौमसत्ताको परिकल्पना गरेको थियो। यसरी जनताले परिकल्पना गरेको स्वतन्त्र र न्यायपूर्ण नेपाल निर्माण गर्ने प्रतिबद्धता कति बलियो रहेछ भन्ने कुरा जनआन्दोलन पछिको तराईमा सुरु भएको आन्दोलनले पनि प्रकट गऱ्यो। तराईका जनताको प्रतिबद्धता पनि भेदभावको विरुद्धमा थियो। तराई आन्दोलनले नेपाललाई संघीय लोकतान्त्रिक बनाउने जनआन्दोलनको जनादेशलाई पूर्णता दिएको छ। अन्तरिम संविधानमा यो कुरा समावेश भइसकेको छ।

संघीय शासन भन्नाले कुनै जात विशेषको विशेषाधिकारको शासन होइन। भर्खर नेपाल आएको विदेशीसँग पनि नेपालीहरूले गर्ने गरेको असल व्यवहार विश्वभरी प्रशंसा गर्ने गरिन्छ भने एउटै भू-भागमा बस्ने एक नेपालीसँग अर्को नेपालीले भेदभाव गर्ने कुरा आउँदैन। त्यसमाथि संघीयताको माग भनेको विभेद विरुद्धको माग हो। भेदभावको विरुद्ध संघीय शासन स्थापना भएपछि कुनै पनि संघीय संरचनामा रहेका जुनसुकै जातजाति सम्प्रदायका भए तापनि अल्पसंख्यक समुदायले कानुनी रुपमै पनि विशेष संरक्षण पाउनै पर्छ।

अहिले संविधानसभाको सन्दर्भमा जातीय कुरा निकै चर्को रूपमा उठिरहेको छ। जातीयताकै आधारमा नेतृत्व तहमा पुग्ने होडबाजी पनि देखा परेको छ। हामी मानवअधिकारकर्मीहरू पनि अल्पसंख्यक, आदिवासी, जनजाति, दलित र महिलाहरूको हक अधिकारलाई पहिलो प्राथमिकता दिएर समाधान गरियोस् भनिरहेका छौं। यसको अर्थ हामीले भाषिक, जातीय, लैङ्गिक आदि छुट्टाछुट्टै देश बनाउनु पर्छ भनेको होइन। एउटा सार्वभौम नागरिकले हिँडडुल गर्ने, बासस्थान रोज्ने, परिवार बनाउने, धर्म-विचार अपनाउने र रुचाएको रोजगारी गर्ने आदि कुरा त नैसर्गिक मानवअधिकारभित्र पर्ने कुरा हो। जाति, भाषा, संस्कृति र आचरण निरन्तर परिमार्जन हुने, विकसित हुने प्रगतिशील तत्व हुन्। तर, राज्यको श्रोत, साधन र क्षमता सबभन्दा पछाडी पारिएकाहरूतर्फ लक्षित हुनुपर्छ भनिसकेपछि आम रूपमा देशको कुन तप्का सबभन्दा पछाडि परेको छ त भन्ने हो भने हाम्रो गरिबीको सूचकांकले पनि भन्छ कि दलित, आदिबासी, जनजाति र महिलाहरू सबभन्दा पछाडी पारिएका छन्। उनीहरूको आवाज र प्रतिनिधित्व उनीहरूको जनसंख्या मात्र होइन त्यो भन्दा बढी अनुपातमा गर्न सके बेस। एउटा राष्ट्रिय योजना र लक्ष्यका साथ सबै दलहरूले जनतालाई यस विषयमा चित्त बुझाउनु पर्छ। अहिले तत्कालै सम्भव नहोला तर कम्तीमा अब प्रक्रिया सुरु भयो त भन्न सक्नु पर्छ।

अबको नेपालमा राजधानीमा बस्ने मात्र राष्ट्रिय व्यक्तित्व हुने र राजधानी बाहिरकालाई स्थानीयमा खुम्च्याउने कुरा हट्दै जानेछ। शासन, योजना र संलग्नता विकेन्द्रित हुनेछ। प्रतिभा र क्षमताले अवसर पाउने छ। विभिन्न संघीय राज्यहरूले आ-आफ्नो ठाउँको सम्भाव्यतालाई प्रचुर उपयोग गर्ने छन्। को सबभन्दा असल भन्ने कुरामा अनुकूल प्रतिस्पर्धा नै हुनेछ। त्यसैले कुन विचार र कुन प्रतिनिधिले जनताको यो अपेक्षालाई इमान्दारीपूर्वक व्यवहारमा उतार्ला भन्ने कुरामा चनाखो भएर, संविधानसभालाई सफल पार्नु हाम्रो युगीन दायित्व हो।

विगतको हिंसाबाट पीडित द्वन्द्वका कारण दुःख पाएका जनताहरूको ठूलो संख्या देशमा छ। उनीहरूका लागि आफ्नो पीडाको सम्बोधन आजको पहिलो एजेण्डा हो। संविधानसभाले उनीहरूको पीडाको, उनीहरूप्रति भएको ज्यादतिको उपचार गर्छ कि गर्दैन ? अहिले संविधानसभाको निर्वाचन गर्नु भनेको विगतका सम्पूर्ण अन्यायपूर्ण चालचलन र तौरतरिकालाई बदलेर न्यायमा आधारित पारदर्शी, जिम्मेवार र जनताको सहभागितामूलक राज्य निर्माणको प्रक्रियाको थालनी गर्नु हो। पुरानोबाट नयाँमा जाने यो अवधिलाई संक्रमणकाल भनिन्छ। संक्रमणकालले न्यायको प्रक्रिया आरम्भ गर्नु पर्छ। यसलाई संक्रमणकालीन न्याय भनिन्छ। जनतालाई पीडकका बारेमा थाहा छ। पीडकहरूको उद्देश्य र तिनका आदेशकर्ताहरूका बारेमा पनि थाहा छ। हिजो आफूबाट भएको अपराध स्वीकार्न र पीडितसँग क्षमा माग्न पीडकहरू तयार छन् कि छैनन् भन्ने कुराले नै संक्रमणकालको प्रस्थान विन्दु तय गर्छ। अपराधहरूको निश्पक्ष छानबीन गर्ने, पीडक ठम्याउने र पीडितलाई उनीहरूउपर भएको अपराधको सविस्तार जानकारी दिने काम राज्यको जिम्मेवारीभित्र पर्छ। संविधानसभा अगावै संक्रमणकालीन न्यायको यो प्रक्रिया आरम्भ गर्नु पर्छ। संविधानसभामा पीडितहरूको न्याय र उत्पीडितहरूको प्राथमिकता पहिलो एजेण्डा बन्नु पर्छ। यसो भएमा संविधानसभा शान्ति, न्याय र प्रगतिको आधारशिला बन्ने छ।

यति कुरा समावेश नगरीकन संविधानसभाको चुनावको घोषणामात्र गर्नाले जनताको विश्वास र सहभागिता दुवैको संकट पर्न सक्छ। ☐

शान्ति र विकासको तरंग

अवतरण
कुन्दन अर्याल

आज प्रत्यक्ष हिंसा देशव्यापी रुपमा फैलिएको अवस्थामा छैन । तर हिंसा रोकिदैमा शान्ति प्राप्त भएको मान्न सकिंदैन भन्ने प्रष्ट देखिएको छ ।

द्वन्द्व के हो? हिंसा के हो? शान्तिलाई कसरी परिभाषित गर्ने? हिंसाका जराहरुको पहिचान कसरी गर्ने? हामी शान्तिकामीहरु दिगो शान्तिको कामना गर्दै यस्ता प्रश्नहरुको उत्तर खोजिरहेका छौं। एउटा पक्षले लक्ष्य प्राप्त गर्न शक्तिको प्रयोग गर्दा विगतमा फैलिएको हिंसा हामीले भोगेका छौं। शक्तिको त्यो प्रयोगले शताब्दिऔंदेखि शक्तिको प्रयोग गरेरै शासन सत्तामा कब्जा जमाउँदै आएको वर्गलाई चुनौती दियो। तर दुई पक्षबीचको घमासानमा आमजनता नराम्रोसँग पिल्सिए। आज प्रत्यक्ष हिंसा देशव्यापी रुपमा फैलिएको अवस्थामा छैन। तर हिंसा रोकिदैमा शान्ति प्राप्त भएको मान्न सकिदैन भन्ने प्रष्ट देखिएको छ।

हामी कहाँ प्रत्यक्ष हिंसाको पो अन्त्य भएको घोषणा गरियो, संरचनागत हिंसा त जारी छ। शोषण, अभाव र विभेद कायम छ। समाजको अन्तरनिहित द्वन्द्वलाई यथासमय सम्वोधन गर्न सकिएन भने त्यसले भविष्यमा फेरि हिंसाको उग्र रुप धारण गर्न सक्दछ भन्ने भूल्न पनि भएको छैन। किनकी, आधारभूत आवश्यकताहरुको अभावले द्वन्द्वलाई चर्काउँदछ भन्ने तथ्य नेपालमा पनि प्रमाणित भइसकेको छ।

शोषण र दमनले सिर्जना गरेको विषमतापूर्ण अवस्थालाई सम्बोधन गर्न नसकेको अवस्थामा द्वन्द्वको आगो झनझन दन्किदै जान्छ। कसैले पनि अत्याचारबाट मुक्ति पाउने अरु उपाय छैन भन्नें ठानेर विद्रोह नगरोस भन्ने हो भने मानवअधिकारको प्रत्याभूति गरिनै पर्दछ। मानवअधिकारको विश्वव्यापी घोषणापत्रले झण्डै छ दशक अघि अगाडि सारेको यो मान्यतालाई राज्यले आज पनि इमान्दारीपूर्वक आत्मसात गर्न सकेको छैन्। त्यसैले आज पनि जरामा होइन शान्तिको खोजी पात पातमा गर्ने गरिएको देखिन्छ।

हामीले आफ्नै घर आँगनमा देख्यौं, द्वन्द्व बुझ्न नसक्दा हिंसाको जन्म हुन पुग्दो रहेछ। अनि द्वन्द्वलाई आँखा चिम्लिएर वेवास्ता गर्दा अन्योल झन बढ्ने अवस्था उत्पन्न हुँदोरहेछ।

सुरुसुरुमा रोल्पा वा अन्य त्यस्तै दुर्गम ठाउँहरुबाट माओवादी गतिविधिसम्बन्धी समाचारहरु आउँदा काठमाण्डौलाई त्यति ठूलो चुनौती आइपरेजस्तो लागेको थिएन। तर गाउँगाउँबाट फैलिएको हिंसाको लहरले अन्ततः सारा राष्ट्रलाई निल्यो। हामी नेपालीले हिंसाका ससाना झिल्काहरु डढेलो भएर फैलिएको देख्यौं। तर ठूलो नोक्सानीपछि हामीले गम्भीर पाठ सिकेका छौं । एक दशकमै हजारौंको ज्यान गएपछि हामी शान्ति प्रयासमा संलग्न भएका छौं।

तर आधारभूत अधिकारहरुको प्रत्याभूति जनताको सचेत जागरण विना सम्भव हुँदैन । शासन, विकास र योजना निर्माणमा जनताको सहभागिता हुन सक्यो भने मात्र शान्तिको जग बलियो हुनसक्दछ ।

त्यसैले कहालीलाग्दो विगत सम्झिएर हामीले शान्तिको आधारशिला तयार गर्न सक्ने हो भने हामी शान्ति र विकासको नयाँ लहरको सिर्जना गर्न सक्षम हुनेछौं। किनकी अब हामी विश्वस्त हुन थालेका छौं, शान्तिका निम्ति भइरहेका ससाना सत्प्रयासहरुले शान्ति र विकासको लहर फैलाउने सामर्थ्य राख्दछन्। जसरी हिंसाको आगो फैलन सक्छ, त्यसैगरी शान्तिको लहर पनि प्रसारित हुनसक्छ।

दुई दुईवटा विश्व युद्धहरुको ज्वालाबाट शान्तिको कामना गर्दै जन्मिएको मानवअधिकारको विश्वव्यापी घोषणापत्रको प्रस्तावनाको पहिलो वाक्यमै मानवीय गरिमालाई न्याय र शान्तिको आधार मानिएको छ। प्रस्तावनाले मानवजातिको आधारभूत आवश्यकताका रुपमा रहेका मानवअधिकारहरुको उल्लंघनबाटै हिंसाको जन्म हुन्छ भन्ने अवधारणा अघि सारेको छ। इतिहासका घटनाक्रमहरुबाट प्रष्ट भइसकेका छन, आधारभूत आवश्यकताहरुको अपहरणका कारण नै द्वन्द्वको विजारोपण हुन पुग्दछ। आधारभूत आवश्यकताभित्र जीवनयापनका उपाय वा गुजाराका साधन पर्दछन, पहिचान र स्वतन्त्रता पर्दछन्।

शान्तिको जग मजवूत तुल्याउन जीवन यापनका आधारभूत साधन, पहिचान र स्वतन्त्रताको प्रत्याभूति गरिनै पर्दछ। तर आधारभूत अधिकारहरुको प्रत्याभूति जनताको सचेत जागरण विना सम्भव हुँदैन। शासन, विकास र योजना निर्माणमा जनताको सहभागिता हुन सक्यो भने मात्र शान्तिको जग बलियो हुनसक्दछ।

संवाद र सम्वोधनका प्रक्रियाहरुले शान्तिको संस्कृतिलाई अघि बढाउँदछ। हिजो सम्पूर्ण नेपाल दुई पक्षको विपरित लक्ष्यबीचको टकरावको दर्शक बन्न वा टकरावबाट पिल्सन वाध्य थियो। न त्यहाँ संवाद थियो, न सम्वोधनका प्रक्रियाहरुको अस्तित्व नै। तर हामी विश्वस्त छौं, नयाँ नेपालमा जनताले आफ्ना गुनासाहरु प्रष्ट शब्दमा अभिव्यक्त गर्ने मौका पाउनेछन्। अनि, जनताका आवश्यकताहरुको सम्वोधन गर्ने परिपाटीद्धारा शान्तिको जग बलियो पारिनेछ।

अधिकार सम्पन्न शक्तिशाली जनता दिगो शान्तिका आधारभूत शर्त हुन। सचेत, संगठित र शक्तिशाली जनताले स्थानीय तहबाट प्रसार गरेको शान्तिको संस्कृतिले साँचो अर्थमा राष्ट्रकै रुपान्तरण गर्नसक्दछ। स्थानीय तहबाट सुरु हुने शान्तिको तरंगमा देशलाई तरंगित तुल्याउने शक्ति समाहित हुन्छ। ☐

शान्ति स्थापना : अवधारणा र अभ्यास

लक्ष्मणदत्त पन्त/मदन पौडेल

मध्यस्थता, सशक्तिकरण, मेलमिलाप, शान्ति निर्माण, द्वन्द्व रुपान्तरण, युद्धोत्तर निर्माण, सांगठनिक र संस्थागत क्षमता अभिवृद्धि, निशस्त्रीकरण र पुनःमिलन, अनुगमन र पैरवी, मनोवैज्ञानिक पुनःस्थापना तथा कानूनी राज्यको स्थापना शान्ति स्थापनाका केही उपायहरू हुन् । यी विधिहरूले दीर्घकालीन रणनीतिको रूपमा द्वन्द्वको उत्पत्ति र सम्भावित परिणाम दुवैको खोजी गर्दछन् ।

१. शान्ति स्थापनाः अवधारणा र अभ्यास

शान्ति एकैपटकको प्रयासमा स्थापना हुने विषय होइन। युद्धविराम, सम्झौता, सहमति, मेलमिलाप यी त केवल युद्ध र दिगो शान्ति स्थापनाको बीचमा कोरिएका जनताका समयसीमा मात्र हुन्। वास्तविक शान्ति त विभिन्न प्रक्रिया र विधि पार गर्दै लामो समयको अभ्यासबाट स्थापना हुन्छ। यसरी स्थापित शान्तिले द्वन्द्वलाई दिगो रूपमा समाधान गर्दछ र शान्तिपूर्ण सम्बन्धको विकाससमेत देखा पर्दछ। यसको लागि त विभिन्न तहमा विभिन्न व्यक्तिबाट विभिन्न तरिकाको प्रयोग गरी द्वन्द्वको समयमा विभिन्न अवयवकोसमेत आवश्यकता पर्दछ। शान्तिका लागि गरिने प्रयासहरू प्रादेशिक, राजनीतिक र संरचनागत द्वन्द्व अनुसार फरकफरक हुन सक्दछन्। मध्यस्थता, सशक्तिकरण, मेलमिलाप, शान्ति निर्माण, द्वन्द्व रुपान्तरण, युद्धोत्तर निर्माण, सांगठनिक र संस्थागत क्षमता अभिवृद्धि, निशस्त्रीकरण र पुनःमिलन, अनुगमन र पैरवी, मनोवैज्ञानिक पुनःस्थापना तथा कानूनी राज्यको स्थापना शान्ति स्थापनाका केही उपायहरू हुन्। यी विधिहरूले दीर्घकालीन रणनीतिको रूपमा द्वन्द्वको उत्पत्ति र सम्भावित परिणाम दुवैको खोजी गर्दछन्।

शान्ति स्थापनाको लागि व्यक्ति र समुदायका बीचमा अनुभव आदानप्रदान, सिकाइ र अन्तर्क्रिया महत्वपूर्ण मानिन्छ। महान सूचनाको अर्थ स्थितिलाई बुझ्न सक्ने क्षमता र सोहीअनुसार अभ्यास गर्ने कला हो। स्थानीय व्यक्तिहरूको निर्णय क्षमताले शान्तिको अवस्था वा द्वन्द्वको स्थिति दुवैलाई ठूलो प्रभाव पारिरहेको हुन्छ। द्वन्द्वका विभिन्न सभाव्य कारणहरू हुनसक्छन्। यद्यपि स्रोतहरूको अभाव जस्तो कि गाँस, बास र कपासलाई मुख्य कारणका रूपमा हेरिन्छ। द्वन्द्व रूपान्तरका लागि विभिन्न संस्कृति, भाषा र सरोकारका बारेमा विस्तृत अध्ययन गर्न सकेमात्र शान्तिका उपाय खोजी गर्न सकिन्छ तर त्यसको दिगोपन स्थानीय बासिन्दाको जीवनशैली र स्थानीय आवश्यकतामाथि निर्भर रहन्छ। अर्थपूर्ण सम्बन्धको खोजीविना शान्ति स्थापना असम्भव प्रायः हुन्छ। दिगो शान्ति स्थापनाका लागि जनता आफैले आफ्ना अधिकारका बारेमा बोल्न सक्ने वातावरणको सिर्जना अनिवार्य सर्त हो।

यसरी सामाजिक वातावरणले द्वन्द्वको ब्यवहारलाई निरन्तर प्रभाव पारिरहेको हुन्छ । यस्ता सामाजिक द्वन्द्व व्यवहारले सरोकारवाला पक्षको आकांक्षाहरुको पुनःसंरचनाको आवश्यकता अनुभव गर्दछ,जो शक्तिको सन्तुलनको आधारमा सहयोगको नयाँ अवस्था सिर्जना गर्न अभ्यास गरिएका हुन्छन् । यस अर्थमा द्वन्द्व र सहयोग सामाजिक वा राजनीतिक जीवनका परिपुरक तत्वहरु हुन् ।

अंग्रेजीको Peace शब्द ग्रीक भाषाको Irene शब्दबाट लिइएको हो, जसअनुसार शान्ति भनेको कलह, हिंसा वा युद्धको अनुपस्थिति हो। भिन्न मान्यता र अर्थहरुको बीचमा शान्तिको अवधारणा न्याय, स्वतन्त्रता, समानता, शक्ति, द्वन्द्व, वर्ग वा आवश्यकताजस्ता विषयहरुबाट टाढा रहन सक्दैन। सबै अवधारणाहरु सामान्यतया एउटा सिद्धान्त वा ज्ञानको रेखाभित्र व्याख्या गरिनु पर्दछ। द्वन्द्व सामाजिक प्रक्रियाको अभिन्न अंग हो। जहाँ व्यक्ति,समूह वा राज्यले आफ्ना विभिन्न र परिवर्तित आकांक्षा,क्षमता र चाहनालाई समायोजन गर्दछ। यो सामाजिक आकांक्षामा हस्तक्षेप वा अवसानको घोषणा र नयाँ आकांक्षा निर्माण गर्ने साधन दुवै हो। द्वन्द्वले सामाजिक आदेशको स्थापना र समायोजनसमेत गर्दछ। आकांक्षाहरु स्थिर रहन सक्छन, यद्यपी चाहना,योग्यता, स्रोत,सीप,तयारी र अवस्था भने परिवर्तन हुनसक्छ। हाम्रा संकल्प र प्रतिबद्धताहरु समेत बदलिन सक्छन। फलस्वरुप शक्ति सन्तुलनमासमेत असर पर्दछ। तनाव र शत्रुभावसमेत विकसित हुनसक्छ। यसरी समाजिक वातावरणले द्वन्द्वको ब्यवहारलाई निरन्तर प्रभाव पारिरहेको हुन्छ। यस्ता सामाजिक द्वन्द्व व्यवहारले सरोकारवाला पक्षको आकांक्षाहरुको पुनःसंरचनाको आवश्यकता अनुभव गर्दछ ,जो शक्तिको

छोराछोरीसँगै आमा पनि बिद्यालयमा

बाँके जिल्लाको शम्शेरगञ्ज गाविस-३ चन्नहवा निवासी ३२ वर्षीय बिष्णी थारु र २९ वर्षीय रामदुलारी आफ्ना बालबालिकासँगै पढ्न थालेकी छन्। उनीहरू सोही गाँउस्थित नेपाल राष्ट्रिय प्राथमिक बिद्यालयको कक्षा ३ मा ०६४ बैशाख २० गते भर्ना भई निरन्तर रुपमा बिद्यालय गइरहेका छन्। इन्सेक बाँकेको आर्थिक सहयोगमा संचालित महिला साक्षरता कक्षाबाट उत्प्रेरित ती दुई महिलाहरुको एउटै आवाज छ, "अब पढाईको कोर्ष समाप्त भयो र घर बसेर पढेका कुराहरु बिर्सिन्छन, त्यसैले स्कूल गइ नाम लेखाएर पढ्यौ भने धेरै कुरा जान्ने भइन्छ। हामीलाई देखेर गाउँका अन्य महिलाहरु पनि पढ्न आउनेछन्। पढ्ने मनलाई उमेरले छेक्दैन, मात्र साहस गर्ने हो भने सबै सम्भव रहेछ।"

तीन छोरीहरुकी आमा बिष्णी थारु अहिले छोरीसँगै घरमा पनि छलफल गरेर गृहकार्य गर्ने गरेकी छिन्। त्यस्तै रामदुलारी थारु पनि दुई छोराकी आमा आफ्नो छोराहरुसँगै स्कूल गई नबुझेको खण्डमा छोराले आमासँग र आमाले छोराहरुसँग छलफल गरि पढ्ने गर्छन्।

दलितहरुलाई मन्दिर प्रवेश गराई पुजारीले आफ्नै हातले टिका लगाए

अछाम जिल्ला लुग्रा गाविसमा संचालन भएको रुद्रा भिषसेक अन्नापूर्ण पुजनम् तथा ज्ञान महायज्ञ कार्यक्रममा पारालिगल समिति संजाल र जनहित सहकारी समूहको पहलमा ०६३ पुस २३ र २४ गते दलितहरुलाई त्रिपुरा मन्दिरमा पुजारी आचार्य गोकर्ण बजगाई र स्थानीय बाहुन विष्णुप्रसाद पाण्डेलगायतले सो गाविसका दलितहरुलाई मन्दिरमा प्रवेश गर्न दिई आफ्नै हातले टिका लगाई दिए। इन्सेकद्धारा अछाम जिल्लामा संचालित शान्ति निर्माण अभियान कार्यक्रमअर्न्तगत लुग्रा गाविसमा गाविस स्तरीय पारालिगल समिति संजाल र जनहित सहकारी समूहसँग अर्न्तकिया भएको थियो। सो अर्न्तक्रियाबाट सहभागीहरुले मानवअधिकार र सामाजिक न्यायका विषयबस्तुहरुको जानकारी प्राप्त गरेका थिए। उक्त समूहका सहभागीहरुले सो अर्न्तकियामा सिकेका कुराहरु समुदायमा प्रचार प्रसार गरी जातीय छुवाछुत न्यूनिकरण गर्ने अभियान संचालन गरे। परिणामस्वरुप त्यस गाँउका गैरदलित ब्यक्तिहरुको चेतनामा अभिवृद्धि भई जातीय विभेद मानवअधिकारबिपरित भएको ठहर गरी त्यसलाई निर्मूल पार्ने अभियानस्वरुप दलितहरुलाई मन्दिरमा पुजाआजा गर्नदिने निर्णय गरियो।

बिगतका दिनहरुमा दलितहरुले मन्दिरमा प्रवेश गर्न नपाउनुका साथै गैरदलितको घरको आगनमासमेत जान नपाउने बिद्यमान जातीय कुसंस्कारको अन्त्यका लागि दलितहरुलाई सो स्थानमा पुराउन इन्सेकद्धारा संचालित शान्ति निर्माण अभियानले प्रारम्भिक चरणमा नै ठूलो सफलता हासिल गरेको लुग्रा गाविसका स्थानीय शान्ति सहजकर्ता गोकुल खड्काले बताए।

सन्तुलनको आधारमा सहयोगको नयाँ अवस्था सिर्जना गर्न अभ्यास गरिएका हुन्छन्। यस अर्थमा द्वन्द्व र सहयोग सामाजिक वा राजनीतिक जीवनका परिपुरक तत्वहरु हुन्।

साधारणतया मानिसहरुले द्वन्द्वलाई नकारात्मक अर्थमा बुझ्ने गर्दछन्। यद्यपी द्वन्द्वलाई सामाजिक अन्तरक्रियाको आन्तरिक र आवश्यक तत्व मानिन्छ। यसलाई परिवर्तन र विकासको वाहक शक्तिका रुपमा पनि हेर्ने गरिन्छ। द्वन्द्वको उत्पत्ति कसरी भयो भन्ने कुरा चाही महत्वपूर्ण हो। यदी द्वन्द्वले हिंसा निम्त्याउछ भने त्यो अवश्य नै आमसरोकारको विषय बन्दछ। समग्रमा द्वन्द्व रुपान्तरणको विवादले विभिन्न पक्षका बिचार बुझ्न र आधुनिक युद्ध स्थितिको संस्थागत गतिको प्रक्रिया पहिचान गराई समझदारी सिर्जना गर्न महत्वपूर्ण भूमिका खेल्दछ। द्वन्द्व विशेषज्ञ राइमनका अनुसार सशस्त्र राजनीतिक द्वन्द्व समाधानका लागि विभिन्न किसिमका विधिहरु अपनाउन सकिन्छ। उनका अनुसार द्वन्द्व रुपान्तरणको प्रक्रियामा तीनवटा मार्गहरु अभ्यास गर्न सकिन्छ। पहिलो मार्गको रणनीतिअनुसार द्वन्द्व रुपान्तरणको प्रक्रियामा कुटनितिज्ञ र सरकारी अधिकारीहरु प्रमुख तत्वका रूपमा सहभागी हुन्छन्। यस्तो प्रक्रिया नितान्त औपचारिक रणनीतिमा सिमित रहन्छ। दोश्रो मार्गको रणनीति अनुसार द्वन्द्व रुपान्तरणको प्रक्रियामा गैरसरकारी पक्षहरु सहभागी हुन्छन्। यस्तो रणनीति नितान्त अनौपचारिक प्रयास मानिन्छ, जहाँ प्रशस्त अनौपचारिक छलफल र बहस गर्न सकिन्छ। तेश्रो मार्गअनुसार द्वन्द्व रुपान्तरणको प्रक्रियामा शान्ति स्थापना र द्वन्द्व समाधानका लागि बढी पहल गरिन्छ। यस मार्गअनुसार तल्लो स्तरको तालिममा संलग्न व्यक्ति, क्षमता र अभिवृद्धिमा सहभागी र मानवीय तथा विकास सहयोगमा आवद्ध पक्षहरुको संलग्नतामा जोड दिइन्छ। यस तहमा गरिने गतिविधिहरुले राहत कार्य, मानवअधिकारसँग सम्बन्धित विषय र विकास कार्यहरुलाई द्वन्द्व रुपान्तरणको प्रमुख विषयबस्तुको रुपमा समेट्दछ।

२. नेपालमा शान्ति स्थापना प्रयास

माओवादीले विगतमा उठाएका हतियारका कारण झण्डै एक दशकसम्म नेपालमा जनता राजनीतिक द्वन्द्वको मारमा परे। विगतको द्वन्द्वको प्रभाव अहिले पनि कायमै छ। शान्ति स्थापनाका लागि नेपालमा प्रशस्तै प्रयासहरू भएका छन्, यद्यपि यहाँको भौगोलिक, सामाजिक, जातीय, क्षेत्रीय, आर्थिक र राजनीतिक वस्तुस्थितिको अध्ययन भने स्थानीय बासिन्दालाई जागरुक बनाउने सन्दर्भमा हुन सकेन। सांस्कृतिक विविधताको गलत व्याख्यासमेत शान्ति स्थापनाको लागि विगतमा बाधक रहेको मान्न सकिन्छ। शान्ति अभियन्ता जोनपल लिड्याचका अनुसार द्वन्द्व सामाजिक अर्थसँग, त्यो अर्थ ज्ञानसँग र ज्ञान स्थानीय संस्कृतिसँग गाँसिएको हुन्छ। उनका अनुसार स्थानीय व्यक्तिले आफ्नो सहभागितासमेतको

शान्ति खोजेका हुन्छन्। इतिहासमा कहिल्यै नभोगेको र नसुनेको सशस्त्र द्वन्द्वको नियती नेपाली जनताले भोग्नु पऱ्यो। ०५२ साल फागुन १ गतेदेखि नेकपा (माओवादी) ले सुरु गरेको सशस्त्र संघर्ष ०६३ वैशाख १३ गतें भएको युद्धविरामपछि रोकियो। सरकार र माओवादीबीच विभिन्न चरणमा सम्पन्न भएका वार्तापछि ०६३ मंसिर ५ गते सम्पन्न भएको शान्ति सम्झौताले स्थायी युद्धविराम भएको छ। अहिले सरकार र माओवादीका सेना तथा हतियारहरू राष्ट्रसंघीय अनुगमनमा छन्।

द्वन्द्व रूपान्तरण एकै रातमा सम्भव छैन। यसका धेरै कठिन बाटाहरू छन्। ती बाटाहरूलाई सहज बनाउन स्थानीय सहभागिता पूर्व सर्त हो। द्वन्द्वरत पक्षका आवश्यकता तथा रूचि समझदारीबाट सम्भव हुन्छ। यस सन्दर्भमा शान्ति कार्यकर्ताले विभिन्न चरणमा विभिन्न चुनौतीको सामना गर्नुपर्ने हुन सक्दछ। झन् जनचेतना न्यून भएको वा दुवै नभएको अवस्थामा त शान्ति कार्यकर्तामाथि जनतालाई शिक्षित तुल्याउने जिम्मेवारीसमेत थपिन्छ। जनचेतना बढाउन र शक्तिको असन्तुलन हटाउन पैरवी र सहभागिता अनिवार्य हुन्छन्। यस्तो अवस्थामा मध्यस्थता जरुरी मानिन्छ। शान्ति स्थापनाको अन्तिम लक्ष्य सम्बन्धहरुको पुन:संरचना र न्यायको प्राप्ति हो। सामुदायिक र व्यक्तिगत सशक्तिकरण शान्ति स्थापनाका लागि अपरिहार्य मानिन्छन्।

नेपालमा सुरुका वर्षमा भएका घटनाहरूलाई हिंसाबाटै तह लगाउन सकिन्छ भन्ने मान्यताले देशको सरकार तथा राजनीतिक दललाई प्रेरित गरेको थियो। बिगतमा दुईपटक भएका शान्तिवार्ताले द्वन्द्व समाधानमा खासै योगदान पुऱ्याउन सकेन। माओवादीद्वारा मागिएको संविधानसभाको माग सबैका लागि हाउगुजी भएको थियो भने राजतन्त्रविना राज्यको कल्पनै गर्न नसक्ने राजनीतिक दलहरू गणतन्त्रका लागि सहमत हुनसक्ने कुरै थिएन। द्वन्द्वको चरम रूप ०५८ साल मंसिर महिनापछि देखियो। शान्तिवार्ता भंग गरी माओवादीले दाङको घोराहीस्थित सैनिक ब्यारेकमा आक्रमण गरेपछि माओवादी विद्रोहीको प्रतिकारमा संकटको घोषणासँगै सेना परिचालन गरियो। सेना परिचालन भएपछि मानवअधिकारको उल्लंघनले पराकाष्ठा नै नाघ्यो। नागरिक प्रशासन कमजोर हुँदै गयो। त्रास र आसमा जीवन गुजारा गर्न बाध्य मानिसका बारेमा बोलिदिने संस्था र व्यक्तिहरूको अभाव खट्कियो। आफ्ना अधिकारका बारेमा अरुले बोलिदिए मात्र अधिकारको रक्षा नहुने यथार्थता विद्यमान थियो। बन्दुकका गर्जनबीच जीवन जिउन बाध्य मानिसलाई संगठित गराउने कार्यक्रमको आवश्यकता यो बेलामा साह्रैनै भयो। जनतालाई संगठित गरी द्वन्द्वग्रस्त क्षेत्रमै कार्यक्रम सञ्चालन गर्ने लक्ष्यका साथ बर्दिया जिल्लाका चारवटा गाविस

जनताका मुद्दाहरूलाई नीतिगत तहसम्म पुऱ्याउन पहल भएको छ

भोला महत
क्षेत्रीय संयोजक
मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,
नेपालगञ्ज

दैनिक औसतमा छ जनाको हत्या, सयौ नागरिकहरूको गैरकानूनी गिरफतारी, नागरिक अपहरण र वेपत्ताले सीमा नाघेको थियो त्यतिखेर। त्यतिवेला शान्तिका लागि अभियान कार्यक्रम सुरु गर्नु निस्चय नै चुनौतीपूर्ण थियो। त्यतिखेर हाम्रो अभियानको लक्ष्य युद्धका बेला लडाकुपक्षहरुले पालना गर्नुपर्ने बाध्यकारी युद्धका नियमहरुको पालना गराउन द्वन्द्वरत पक्षहरुलाई दवाव दिनु, खवरदारी गर्नु र जनताका आधारभूत मानवअधिकारकोलागि सहजीकरण गर्नुथियो। यो कार्यक्रमबाट हामी सधै जनताका सेवक हौ,जनताभन्दा माथी कोही छैनन्, जनताका सुखदु:खको साथी बन्नसक्नु नै एउटा असल मानवअधिकारकर्मीको धर्म हो, चुनौतीले अवसरहरु जन्माउदोरहेछ र त्यसलाई बुद्धिमतापुर्वक समाधान गर्नकालागि आत्मबल र इच्छाशक्तिको आवश्यक पर्दोहरेछ भन्ने कुराको अनुभव लिन सकियो।

धेरै घटनाहरुमा प्रत्यक्षपर्दा मृत्युको मुखबाट पनि बाँच्न सफल भइयो। द्वन्द्वरत पक्षहरुको धम्की,अभियानकर्ताहरु अपहरणमा पर्नु, कुटाई खानु सामान्यजस्तो थियो। संस्थाका नियमित कार्यक्रमहरुमाथी बेलाबेलामा द्वन्द्वरत पक्षहरुले बाधा व्यवधान पुऱ्याउनु, मानसिक तनावमा सबै गतिविधिहरुलाई सम्पन्न गर्नुपर्ने बाध्यता,गोलाबारुद र बममा कहिले परिने हो भन्ने चिन्ताले सधै तनाव दिइरहन्थ्यो। शान्ति निमार्णका लागि ग्रामिण जनताहरुलाई गोलबन्द गर्नसक्नु, उनीहरुलाई संगठित गरी मानवअधिकारविरोधी गतिविधि गर्नेहरुका लागि खबरदारी गर्नसक्ने क्षमताको विकास गराउन सक्नु, जनताका मुद्दाहरुलाई नीतिगत तहसम्म पुऱ्याउन सहजीकरण गर्नु, स्थानीय स्तरका सामाजिक मुद्दाहरुलाई स्थानीय स्तरमा नै समाधान गर्न समुदायलाई सक्षम बनाउनु, मानवअधिकार र मानवीय कानूनको पालना गर्नका लागि सम्बन्धित पक्षहरुको ध्यानाकर्षण गराउनु साथै मानवअधिकार संस्थाहरुको गतिविधिलाई गाउँ गाउँसम्म संस्थागत गराउन सक्नु सो कार्यक्रमका केही उपलब्धिहरू हुन्।

तथा सुर्खेत जिल्लाकासमेत चारवटा गाविसहरूमा एकैपटक सुरु भयो शान्तिका लागि अभियान कार्यक्रम।

३. शान्तिका लागि सशक्तिकरण

०५९ सालमा सुर्खेत र बर्दिया जिल्लाका चार-चारवटा गाविसहरूमा एकसाथ लागू गरिएको शान्तिका लागि अभियान कार्यक्रमको उद्देश्य स्थानीयबासीहरूलाई स्थायीय स्तरमै शान्तिका लागि आवाज उठाउन सक्षम बनाउनु थियो। कार्यक्रम सुरु गरेको केही समयपछि नै कार्यक्रमका सकारात्मक प्रभावहरू देखिन थाले। गाउँमा हुने मानवअधिकार उल्लंघनका घटनाहरूका विरुद्धमा स्थानीय जनताले शसक्त रुपमा आवाज उठाउन थाले। द्वन्द्वको रूप फेरिँदै जाँदा गाउँमा कुनै पनि संघसंस्थाले काम गर्नसक्ने वातावरण नै रहेन। मानिसहरू आफ्ना घर गाउँ छोडेर विस्थापित भएजस्तै धेरैजसो संस्थाहरू पनि आफ्ना गतिविधिहरू छाडेर सदरमुकाम केन्द्रित हुन बाध्य भएको अवस्थामा इन्सेक शान्तिका लागि अभियान कार्यक्रममार्फत स्थानीय जनताका माझमै थियो। शान्ति अभियान कार्यक्रमको मुख्य उद्देश्य नै स्थानीय जनतालाई सशक्त बनाई अधिकारका लागि आवाज उठाउन सक्षम बनाउनु थियो।

कार्यक्रमको एक वर्षपछि प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न तथा यसको दायरलाई फराकिलो पार्न कार्यक्रमलाई चार गाविसबाट बढाएर आठवटा गाविसमा पुऱ्याइयो। कार्यक्रमको प्रभाव तथा जनताको माग पछि बाँके जिल्लाको राप्ती नदी पारिका छ वटा गाविसमा ०६० सालमा सोही प्रकृतिको कार्यक्रम लागू भयो। कार्यक्रम विस्तार गर्ने क्रममा हाल मध्य तथा सुदूरपश्चिमाञ्चल क्षेत्रका १२ जिल्लामा कार्यक्रम सञ्चालित छन्।

४. सामुदायिक संस्थाको भूमिका

सशस्त्र द्वन्द्वका कारण ध्वस्त भएका भौतिक संरचनाहरूको पुन:निर्माण, विस्थापित भएका मानिसहरूको पुन:स्थापना, स्वास्थ्य सेवाबाट वञ्चित भएकाहरूको स्वास्थ्य जाँच, सरकारी सेवाको सर्वसुलभता तथा पहुँच आदि कुराहरूमा जनताको प्रत्यक्ष सहभागितामा समाधान तथा उपलब्धताका लागि शान्ति अभियान कार्यक्रमले सघाएको छ। शान्ति स्थापना कार्यक्रम लागू भएका छ वटा जिल्लाका २७ वटा गाविसमा सामुदायिक अध्ययन केन्द्र स्थापना भएका छन्।

अन्यायमा परेकालाई न्याय दिलाउने काम भएको छ

सशस्त्र द्वन्द्वको प्रभावलाई कमगरि सुदूरपश्चिममा पनि सामाजिक मेलमिलाप र समाञ्जस्यता कायमगरि शान्तिपूर्ण वातावरणमा जनतालाई आफ्ना दिनचर्या सहज गर्न यो कार्यक्रम संचालन गरिएको हो। सामाजिक कुरिती र कुसंस्कारले जकडिएको सुदूरपश्चिमका जिल्लाहरुमा जातीय छुवाछुत, महिलामाथि हुने हिंसा, सामाजिक विकृति र विसंगतीहरु धेरै रहेका छन्। विकासमा सामाजिक र भौतिक पुर्वाधारको अवस्था नाजुक छ र जनताहरु अझैपनि अशिक्षा र अज्ञानताको भूमरीमा वाच्न वाध्य पारिएका छन्।

द्वन्द्वका बेलामा ध्वस्त भएका संरचनाहरुलाई पुन:निर्माण गर्न, विस्थापितहरुलाई पन:स्थापना गर्न, द्वन्द्वका क्रममा भत्किएका मन र बिग्रिएका सम्बन्धहरुलाई पुन:एकिकरण र पुन:मिलन गर्ने वातावरणको सिर्जना गर्नु यस अभियानको लक्ष्य हो। हिंसात्मक द्वन्द्ववाट आजित भएका नागरिक समाजका विभिन्न वर्ग र समुदायका साथै द्वन्द्वरत पक्षसमेत शान्तिको खोजी गरिरहेको अवस्थामा शान्तिकालागि सवै वर्ग, क्षेत्र तथा



खडकराज जोशी
क्षेत्रीय संयोजक
सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,
धनगढी

समुदायका मानिसलाई एकै ठाँउमा ल्याएर दिगो शान्ति स्थापनाकालागि सम्वद्ध निकायलाई परिचालन गर्ननै शान्ति अभियान संचालन गरिएको हो। कार्यक्रम संचालन भएको केही महिनामानै यस अभियानले उल्लेखनीय उपलब्धीहरु हासिल गर्न सफल भएको छ। समाजमा सदभाव र सहमतिको वातावरण सिर्जना भएको छ। अहिले नागरिक समाज सञ्जालको "शान्ति र मेलमिलापका लागि लोकतान्त्रिक अभियान"मा एकैसाथ एकै मञ्चबाट एउटै आवाजमा शान्ति र लोकतन्त्रको पक्षमा कार्यक्रम संचालन गर्न थालिएका छन्।

संचारकर्मीहरुसँगको संवादले शान्ति र मानवअधिकार सम्वन्धी समाचार र कार्यक्रमहरु महत्वकासाथ सम्प्रेषण हुन थालेका छन्। रेडियो नेपाल दिपायल क्षेत्रीय प्रशारण केन्द्रबाट इन्सेक डडेल्धुराद्वारा संचालित मानवअधिकार र शान्ति निर्माण सम्बन्धी क्रियाकलापहरु प्रमुख समाचारका रुपमा प्रशारण गर्ने गरिएको छ। मानवअधिकार र द्वन्द्व रुपान्तरण तालिममा सहभागी सुरक्षाकर्मीहरुले अरु सुरक्षाकर्मीहरुलाई मानवअधिकार र शान्ति निर्माणका विषयमा अभिमुखिकरण गर्ने गरेका छन् र समुदायमा उनिहरुको व्यवहारमासमेत परिवर्तन देखिएको छ। समुदायमा आधारित संघसंस्थाहरु, गाविस स्तरमा गठन गरिएका मानवअधिकार र शान्ति निर्माण समितिहरु समाजमा देखिएका सामाजिक तथा घरेलु हिंसा, छुवाछुत, द्वन्द्व र शान्तिका अनेकन मुद्दाहरुलाई शान्तिपूर्ण निकास दिई पुन:मिलनको वातावरण तयार गर्ने कार्यमा जुटेका छन्। अन्यायमा परेकालाई न्याय दिलाउने काम भएको छ।

इन्सेकले हरेक गाविसको गठित समूहलाई २५ हजार रूपैयाँ सहयोग गरेको छ। स्थानीय जनताले आफूलाई पायक पर्ने ठाउँमा सो केन्द्रको स्थापना गर्नसक्ने प्रावधान रहेको छ। केन्द्र स्थापना गर्नुको मूल उद्देश्य जनतालाई अध्ययन गर्ने बानीको विकास गराउनु हो। इन्सेकले गरेको सहयोगलाई अधिकतम उपयोग गरेर स्थानीय समुदायले अध्ययन केन्द्रमा आवश्यक सामग्रीहरू जुटाएका छन्।

५. अधिकारका लागि उठेका आवाज

सुर्खेत जिल्लाको छिन्चु र मैनतडा गाविसमा बृद्ध तथा महिलाहरू घरेलु हिंसा रोक्न मात्र होइन आफ्नो र आफूजस्ता पिछडिएका व्यक्तिहरूको हकअधिकार सुनिश्चितताका लागि सबै पक्षसँग आवाज उठाउन थालेका छन्। सो गाविसका दलित महिला तथा वृद्धहरूले इन्सेकको मानवअधिकार कक्षामा समावेश भएपछि आफूहरूमा संगठनको महत्वका साथै अधिकारका बारेमा आवाज उठाउन सक्ने क्षमता विकास भएको बताउँछन्। मैनताडा गाविस-२ ठूलोजातीका ६४ वर्षीय असवीर कामीले भने, "हामीलाई कसैले हेप्न सक्दैन किनभने मानिस बसै बराबर हुन् भन्ने कुरा हामीले मानवअधिकार कक्षा बढेर थाहा पायौं। सँधै मादकपदार्थ सेवन गरेर पत्नी कुट्ने पतिलाई पनि हाम्रो समूहले तह लगाएको छ। "

मानवअधिकार कक्षा तथा कानूनी शिक्षामाला कक्षामा सहभागी भएकै कारण गाँउस्तरीय विभिन्न विकास निर्माण समूहमा महिला सहभागिताको आवाज उठाउन आफूहरू सक्षम भएको छिन्चु गाविसकी पञ्चकन्या रावतले बताइन्। सामुदायिक संगठनले गाउँमा हुने हरेकजसो क्रियाकलापमा चासो राख्न थालेपछि सरकारी सेवा प्रभावकारी भएको, विद्यालयमा नियमित पठन पाठन हुन थालेको, आर्थिक कारोबारमा पारदर्शिता देखिन थालेको छ। बर्दियाको बाँसगढीस्थित सामुदायिक संस्थाले सामुदायिक अध्ययन केन्द्रका लागि भवन निर्माण सुरु गरेको छ। इन्सेकले दिएको करिब एक लाख रुपैयाँमा सात लाख रुपैयाँ थपेर करिब आठ लाख रुपैयाँको भवन निर्माण थालिएको छ। भवन निर्माणका लागि आवश्यक रकम जिल्ला विकास समिति, उद्योग व्यापार संघ बाँसगढी, चन्दा र श्रमदानबाट पुऱ्याइने कुरा सामुदायिक संस्थाले बतायो।

शान्तिका लागि अभियान कार्यक्रम लागू भएका १२ वटा जिल्लाका ५० भन्दा बढी गाविसमा गठन भएका विभिन्न समूहहरूले स्थानीय स्तरमा विभिन्न क्रियाकलापहरू गरेका छन्। गाउँ सफा बनाउनेदेखि लिएर, गाउँमा भएका विभिन्न घटनाहरूको स्थानीय

वेपत्ताका परिवारले सहयोग पाए

आर्थिक अभाव खेपिरहेका वेपत्ता पारिएका मोहरसिंह बंजाराका परिवारले राहत पाएका छन्। सशस्त्र द्वन्द सुरु भएयता राज्य र माओवादी विद्रोहीवाट धेरै मानिस वेपत्ता पारिएका छन। जसमध्ये गुलरिया नपा-४ का मोहरसिंह बंजारा पनि एक हुन्। सामान्य परिवारका मोहरसिंह बजारालाई विद्रोही माओवादीले ०६२ असार १४ गते अपहरण गरे। पति तथा पिता वेपत्ता भएपछि घरको आर्थिक अवस्था नाजुक हुनपुग्यो। पारिवारिक अवस्था नाजुक भई बंजाराकी पत्नी चमेली बजाराले संघ/संस्थामा सहयोगकालागि अनुरोध गरिन्। यसक्रममा उनले नागरिक समाज सञ्जाल, बदिया र इन्सेकलाई आफूलाई सहयोग गरिदिन अपिल गरिन्।

इन्सेक शान्ति अभियान र सञ्जालले उनको आयआर्जन तथा छोराछोरीको अध्ययनको लागी अन्य संघ/संस्थासँग समन्वय गर्‍यो। यस समन्वयले बेपत्ता पारिएकाको परिवारलाई छ हजार रुपैयाको आर्थिक सहयोग संकलन गर्न मद्दत गऱ्यो। जसअनुसार थारु महिला उत्थान केन्द्र, वर्दियाले बजाराकी पत्नीलाई आयआर्जनको लागि चार हजार रुपैया र छोरा दिनेश बंजाराको पढाईखर्च भनि एड्भोकेशी फोरमले दुई हजार रुपैया प्रदान गरेको हो। यसरी आर्थिक अभावमा बसिरहेकी चमेली बजाराले छ हजार रुपैयाका आथिक सहयोग प्राप्त गरिन्।

मदिरा सेवन गरी पत्नी कुट्ने धामी सुधारिएर शान्ति अभियानमा

मष्टामाण्डौ गाविस-६ आरा बस्ने ३४ वर्षीय दुर्गासिं धामी सधै वेलुका मदिरा सेवन गरि करिब ८/९ बजेतिर स्थानीय बजार रतिगडाबाट आइ गाली गर्दै हातमा हसिया लिई पत्नी र छोराछोरीलाई तिमीहरु बाहिर निस्क नत्र भने भित्रै मारिदिन्छु भनेर सधै यातना दिइरहन्थे।

इन्सेकद्धारा संचालित शान्ति निर्माण अभियान संचालन पछिका स्थानीय सहजकर्ताले जनजीविका महिला कृषकहरुससँग अर्न्तक्रिया कार्यक्रम गर्दा महिलाहरुमाथि हुने हिंसा विषयमा छलफल गर्दै जादा त्यसै समूहकी महिला रेवती धामीले समूहमा आफ्ना ब्यथा सुनाइन र सहयोगको लागि आग्रह गरिन्। कार्यक्रमपछि ती महिलाहरुले अधिकारका लागि सबैले एकजुट हुनुपर्ने कुराको महसुस गरिन्। तत्पश्चात यस समस्याको समाधान गर्नको लागि शान्ति अनुगमन नागरिक समाज सञ्जालका संयोजक खडकबहादुर शाही, शिक्षक दुर्गासिं बिष्ट र सहजकर्ताको पहलमा पीडक दुर्गासिं धामीलाई सम्झाउन प्रयास गरियो। मष्टामाण्डौ इलाका प्रहरी कार्यालयका इन्चार्ज प्रेमसिं ऐर र शान्ति अभियानमा संलग्न व्यक्तिहरुले परिवारको उत्तरदायित्व बहन गर्न आग्रह गरेपछि दुर्गासिं धामीको ब्यवहारमा परिवर्तन आएको छ। रेवतीले आफ्ना पतिले मदिरा सेवन गरेपनि शारिरीक र मानसिक यातना दिन छोडेको कुरा बताइन्। दुर्गासिं धामी आजकल प्रत्येक महिना गरिने शिक्षक तथा सरोकारवालाहरुससँगको अर्न्तक्रिया कार्यक्रममा सहभागि हुदै आएका छन्।

जनसेना छाडी आमाकै काखमा

सुर्खेत गुमी गाविस-२ शिवनगरकी १६ वर्षीया निर्मला सार्की अहिले आफ्नो परिवारसँगै बसिरहेकी छन। दिगो शान्तिका लागी नागरिक समाज सुर्खेतको पहलमा उनी अहिले आफ्नो घर फर्केकी हुन्। विभिन्न प्रलोभनमा परि उनी ०६३ साउन देखी माओवादीमा लागेकी थिइन। शिवनगरमै रहेको सानी आमाको घरमा डेरा गरी बस्ने माओवादी कार्यकर्ताहरुले सानीआमाको घरमा निर्मला सुत्न जाँदा उनलाई राम्रो जागिर पाइन्छ, घुम्न पाइन्छ जस्ता प्रलोभन देखाएर आफुसँग लगेका थिए। बीचमा एकपटक घर आएको बेला आमाले नफर्कन भनिन्। तरपनि उनि फागुन २२ गते कल्याण क्याम्पमा जान घरबाट हिडिन्, तर पुनः फर्केर जान मन नलागेकाकारण बाटोबाटै रामघाट सानीआमाको घर जान लाग्दा माओवादी कार्यकर्ताले उनलाई समाते। त्यहाँबाट उनलाई कल्याण सहायक शिविरमा पठाइयो। सोही दिन उनी कल्याण क्याम्पमा आफ्नो झोला राखेर त्यहाँबाट भागेर रामघाटस्थित आफ्नी सानीआमाको घरमा गइन् । निर्मला भागेको थाहा पाएर माओवादी कार्यकर्ताहरु रामघाट पुगी उनकी सानीआमालाई निर्मलालाई फिर्ता गर्ने भए गर् नभए हामी घरजग्गा कब्जा गर्छौं भनी धम्क्याएका थिए।

निर्मला चैत ११ गते रामघाटबाट शिवनगरस्थित आफ्नो घरमा आइन्। माओवादी कार्यकर्ता शंकर विसीसहित आएका माओवादीले उनलाई घरमा आई पुनः सेनामा जानुपर्ने र उनले चाहेमा शीतलसंग विवाह पनि गराइदिने आश्वासन दिए। तर उनले जान नमानेपछि माओवादी कार्यकर्ताहरुले पार्टीले आफूहरुलाई निर्मलाले नमाने हातखुट्टा बाँधेर भएपनि ल्याउने आदेश दिएका छन् भनि धम्क्याएका थिए। उनीहरुले चैत ११ गते घरमा आइ चैत १४ गते बिहान १० बजे निर्मलालाई लिएर दशरथपुर क्याम्पमा आउनुपर्ने नभए जे पनि हुनसक्छ भन्ने धम्की दिएपछि घटनाबारे बुझ्न र पीडित बालिकालाई आवश्यक सहयोग गर्न मानवअधिकारवादीहरुको टोली गुमी गाविस-२, शिवनगर पुगेका थिए। पीडित र पीडितका परिवारले केही समयका लागि निर्मलालाई उद्दार गरी संरक्षण गरी राख्नुपर्ने र माओवादीको नेतृत्व तहसँग आयन्दा उनी र उनको परिवारमाथि कुनैपनि किसिमको दबाव वा धम्की नदिने वातावरण गराएर मात्र उनलाई पुनःस्थापना गर्नुपर्ने भन्ने अनुरोध पछि अधिकारकर्मीको टोलीले चैत १४ गते उनलाई उद्दार गरी सुर्खेत ल्याएको थियो। त्यसपछि उनलाई स्थानीय गैह्रसरकारी संस्था आवाजको सेल्टरमा राखिएको थियो।

करिव दुई महिनापछि नागरिक समाज एलायन्सले संवादको वातावरण निर्माण गऱ्यो। माओवादी जनसेनाको छैठौं डिभिजन कमाण्डर प्रतिकसँग इन्सेक कार्यालयमा बोलाएर उनको बारेमा कुराकानी गरियो। निर्मलामाथि कुनै पनि खालको अफ्ठ्यारो सिर्जना नगर्ने र वरु आवश्यक परे आफैं उनको परिवारसँग भेटगरि आश्वस्त पार्ने सहमति भएपछि ०६४ जेठ २० गते निर्मलालाई पुन गाउँ फर्काइयो। हाल त्यहाँ कार्यरत एलायन्सको सदस्य संस्था एडमोकेशी फोरमले उनको अवस्था अनुगमन गने व्यवस्था मिलाएको छ।

मध्यस्थताद्वारा मिलापत्र, घरेलु हिंसाका घटनाको न्यूनीकरणमा प्रभावकारी भूमिका निर्वाह, जनताले सरकारी संयन्त्रबाट पाउनु पर्ने सुविधामा पहुँच, सरोकारवालाहरूसँग निधक्कसित बहस गर्ने क्षमताको विकासलगायतका क्रियाकलापहरूमा आफ्नो सक्रियता बढाएका छन्।

६. केही उपलब्धिहरू

६.१ समुदायको क्षमतामा विकास

कार्यक्रम सञ्चालित गाविसमा रहेका सामुदायिक संस्थाहरूको छनौट गरी समुदायकै आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्दा स्थानीय जनताको साथै सामुदायिक संस्थाहरूको पनि क्षमता अभिवृद्धि भएको छ। स्थानीय स्रोत र साधनलाई परिचालन गरी जनताको जीवनस्तर उकास्न कार्यक्रम प्रभावकारी भएको धेरै उदाहरणहरू छन्।

६.२ द्वन्द्व पीडितको आशाको केन्द्र

कार्यक्रमले संरचनागत हिंसालाई मात्र होइन, द्वन्द्व पीडित असहाय र गरीबलाईसमेत समेटेको छ। देशमा दश वर्षसम्म जारी सशस्त्र द्वन्द्वको मार नखेप्ने थोरै नेपाली मात्र होलान्। त्यसमध्ये पनि कार्यक्रम सञ्चालित जिल्ला तथा गाविसहरू द्वन्द्वबाट धेरैनै प्रभावित छन्। द्वन्द्वका कारण अभिभावक गुमाएका बालबालिकाहरूलाई कार्यक्रमबाट विद्यालय जाने वातावरण तयार भएको छ। यसकालागि आवश्यक पुस्तकहरू, कलम, कापीलगायतका शैक्षिक सामग्री कार्यक्रमले उपलब्ध गराउने व्यवस्था छ। द्वन्द्वका क्रममा बेपत्ता भएका, विस्थापित भएकाहरू, आफ्ना समस्याहरू लिएर कार्यक्रमको कार्यालयमा जाने गर्छन्। कार्यक्रमले सम्बन्धित निकायका समस्याका बारेमा छलफल गरी समस्या समाधानका लागि पहल गर्ने गरेको छ।

६.३ विस्थापितहरूको पुनःस्थापना

आफ्नो जन्मथलो छोडेर हिंड्नुको पीडा ती मानिसहरूलाई थाहा हुन्छ जसले जन्मस्थान छोड्न परेको छ। ०६१ साल साउन महिनामा विराट गाविस-२ माझबुटुका एक सय ३० जनाले एकैपटक गाउँ छाडे। आफ्नो सारा सम्पत्ति छाडेर जानुको एउटै कारण थियो माओवादीको पूर्णकालीन कार्यकर्ता हुनुपर्छ भन्ने उर्दी। पार्टीले मागेको जति चन्दा दिन नसक्ने भए एक घर एक कार्यकर्ताको नारा माओवादीले अघि सारे। चन्दा दिन सक्ने क्षमता थिएन, माओवादी गतिविधिमा लाग्ने भित्री इच्छा पनि छैन। यसको विकल्प थियो घर

छोड्नु, साउने झरी लेकको बाटो तीन दिन लगाएर टोली आइपुग्यो मुगु सदरमुकाम गमगढी। ऋण खोजेर ल्याएको पैसाले प्रतिव्यक्ति तीन हजार पाँच सय रुपैयाँ तिरेर हेलिकोप्टरबाट सुर्खेत सदरमुकाम वीरेन्द्रनगरमा आएका विस्थापितहरूको जीवन कठिन हुन थाल्यो। खाने, बस्ने समस्या एकातिर थियो भने अर्कोतिर चिसो ठाउँका मानिसहरू गर्मीमा आउँदा भएको मौसम परिवर्तनले अनेक स्वास्थ्य समस्या देखा परे।

शान्तिका लागि अभियान कार्यक्रम सुर्खेतले समस्याको गम्भीरतालाई ध्यान दिँदै घटनालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियकरण गऱ्यो। फलस्वरूप पीडितले तत्कालीन रूपमा केही राहतका सामग्री पाए। सुर्खेत आएको केही महिनासम्म गाउँ नफर्किने अडान लिएका विस्थापितहरूमा विस्तारै गाउँ र सम्पत्तिको याद आउन थाल्यो। इन्सेक जुम्ला प्रतिनिधिले जिल्लास्तरीय माओवादी नेतासँग समस्याका बारेमा गरेको पटक पटकको वार्तापछि विस्थापितलाई पुनःस्थापन गर्ने सहमति बन्यो। इन्सेकका महासचिव कुन्दन अर्यालले एक सय २७ जना विस्थापितहरूलाई शुभकामना दिएर सुर्खेतबाट जुम्लाको लागि विदा गरे। जुम्ला सदरमुकाम खलंगाबाट मानवअधिकारकर्मीको एक टोलीसहित विस्थापितहरू घर फर्किए। स्थानीय बासिन्दाले घर फर्किएकाहरूको स्वागत गरे। जुम्लाका मात्रै होइन कार्यक्रमले बर्दिया, बाँके, सुर्खेतका कैयौं विस्थापितहरूलाई पुनःस्थापन गर्न मद्दत पुऱ्याएको छ।

७. निष्कर्ष

सामाजिक अन्याय, आर्थिक विपन्नता र राजनीतिक रूपमा सहभाहीकरण आदि सामाजिक, आर्थिक एवम् राजनीतिक संरचनाका मूल मुद्दा हुन्। जनता कस्तो किसिमको संरचनात्मक सुधार चाहन्छन् भन्ने निर्णय गर्ने अधिकार जनतालाई दिइनुपर्दछ। स्थानीय जनताहरू तथा स्थानीय सामुदायिक संस्थासँग सोच र क्रियाशीलता छन्। त्यसको सदुपयोग आजको आवश्यकता हो। अवसर पाए स्थानीय जनताले पनि गर्न सक्छन् भन्ने कुराको उदाहरण हो शान्तिका लागि अभियान कार्यक्रमको सफलता। गाविसमा रहेका सामुदायिक संस्थाहरूको क्षमता अभिवृद्धि गर्न दिइएका संस्था व्यवस्थापन, सामुदायिक मध्यस्थता, कृषि सम्बन्धी तालिमहरूले जनतालाई संगठित भई काम गर्न मद्दत पुऱ्याएको छ। कतिपय जिल्लाका सामुदायिक संस्थाहरू जिल्ला प्रशासन कार्यालयमा दर्ता हुन थालेका छन्। अर्कोतिर

आफ्नो अधिकार जाने आफैलाई काम लाग्दोरहेछ

दाङ जिल्ला सौडियार गाविस वेलहरिकी गोमा रेग्मी आफ्नो घरदेखि वाहिर सार्वजनिक छलफल कार्यमा निस्कने गर्दिनथिन्। उनलाई घरपरिवार भन्दा अरुको कूरावारे केही थाहा थिएन। उनीमा अन्य कार्यको लागि वाहिर निस्कने, अरुसँग वोल्ने, छलफल गर्ने वानी थिएन। परिवारले पनि यस्तो अवसर दिदैनथे। सौडियार गाविसमा इन्सेकवाट संचालित द्वन्द्व मध्यस्थता तथा शान्ति स्थापनाका लागि कार्यक्रमअर्न्तगत वडास्तरीय शान्ति समूहको गठन गर्ने भेलाबारे गोमालाई पनि खवर गयो। के कस्तो रहेछ भनि घरनजिक हुन लागैको भेलामा उनि उपस्थित भइन्। शान्ति समूहको अध्यक्षमा समूहले गोमाको नाम प्रस्ताव राखे, शुरुमा गोमाले मानिनन्, समूहका दिदीवहिनीहरुको आग्रह र प्रयासपछि गोमाले मौन स्वीकृति दिइन। समूह गठनपछि समूहका क्रियाकलापमा गोमाको संलग्नता वढ्दै गयो। समूहको अध्यक्ष वनाएकोमा घरपरिवारले राम्रो माने र उनलाई समूदायमा सहभागि छुट दिइयो। समूहमा चलेको अर्न्तक्रिया कार्यक्रममा महिला अधिकार, मानवअधिकार, वालअधिकारसहित विभिन्न छलफल चलाएपछि उनले अधिकारवारे बुझ्न थालिन्। इन्सेकवाट अनुगमनको लागि गएको टोलीलाई गोमाले भनिन् "आफ्नो अधिकार जाने आफैलाई काम लाग्दो रहेछ, अहिले म समाजसँग वोल्न, छलफल गर्नसक्ने भएकी छु।" कार्यक्रममा सिकेका कूरा आफ्नो घरपरिवारलाई सिकाएपछि परिवारमा पनि परिवर्तन आएको छ।

यसैगरी सौडीयार गाविस-९ सिसहनियाका चिजवहादुर चौधरीले समुदायमा संचालित अनौपचारीक शिक्षा र छलफलमा खासै महत्व नदिई अनुपस्थित हुने गर्दथे। इन्सेकबाट गठन भएका शान्ति समूहमा समुदायले अध्यक्ष वनाएपछि उनमा उत्साह आएको छ। उनी भन्छन्, "आफ्नो अधिकारहरुवारे जान्न अति आवश्यक रहेछ, इन्सेकले मेरो आखा खोलिदिएको छ। आजभोलि म घरव्यवहार वाहेक समुदायमा हुने विभिन्न क्रियाकलापमा आफ्नो उपस्थिति अनिवार्य ठान्छु।"

शान्ति समूहका महिलाले वचत गर्न थाले

दाङ जिल्लाको लक्ष्मीपुर गाविस-५ स्थित सवारीकोट त्यस गाविसको दुर्गम ठाँउ हो। यातायातलगायत अन्य सेवासुविधावाट कम लाभान्वित यहाँका बासिन्दालाई मानवअधिकारको त के कुरा आफ्नै अधिकारका वारेमा थाहा थिएन। अझ महिलाहरुको कुरा गर्ने हो भने त्यस वडामा एसएलसी पास गर्ने एकजना महिला मात्र छिन्। आर्थिक रुपले कमजोर भएका वर्गहरुको अधिकांश वसोवास रहेको यस क्षेत्रमा आर्थिक उपार्जनका खासै साधनहरु छैनन्। पुरुषहरुले यताउति गरि आफ्नो जोहो गरेपनि महिलाहरुको भने पुरुषमा नै निर्भर रहनुपर्ने अवस्था रहेको छ। यसै परिप्रेक्षमा इन्सेकवाट संचालित कार्यक्रमवाट गठित शिखर शान्ति समूहमा मानवअधिकार, महिलाअधिकारलगायत पेशा व्यवसाय र जिविकोपार्जनको लागि अर्न्तक्रिया र वैठक, भेला, गोष्ठी, तालिमवाट सचेत भएका महिलाहरुले आफूहरु पारिवारिक, घरेलु कार्यको लागि आर्थिकरुपले आत्मनिर्भर हुन शान्ति समूहकी सदस्य चिरनी वुढाको अध्यक्षतामा २५ सदस्य रहेको शिखर शान्ति वचत समूह गठन गरेका छन्। प्रति महिना प्रति व्यक्ति पाँच रूपैयाका दरले वचत उठाउने कार्य गरिन्छ। हाल यो समूह गठन भएको एक महिना भएको छ। चिरनी भन्छिन " ाव महिलाले सानो घरेलु खर्चको लागि पतिको मुख ताक्नु पर्दैन। यो समूहको वि स दिगो रुपले लैजान सके गाँउमा रहेका साहुमहाजनको शोषणवाट मुक्त हुनेछौ

समुदायका मानिसहरूको सक्रियता र क्रियाशीलताका कारण स्थानीय स्तरमा संविधानसभाको बहस र पैरवीहरू हुन थालेको छ।

कार्यक्रमको सवैभन्दा सकारात्मक प्रभाव भनेको अधिकारप्रतिको उत्सुकता हो। अधिकारप्रतिको उत्सुकताले जनतामा जागरण ल्याएको छ, जुन मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा कोरो टुंगो हुनसक्छ। स्थानीयस्तरका सानातिना मुद्दा मामिलाहरू स्थानीयस्तरमै समाधान हुन थाल्नुले मानिसहरूको समय र धनको बचत भएको छ। अर्कोतर्फ सामाजिक सद्भावको विकास पनि गरेको छ। आफ्ना अधिकारप्रति जागरूक भएका जनताहरू देशमा जारी शान्ति प्रक्रियाको सूक्ष्म तरिकाले विश्लेषण गर्दैछन्। राजनीतिमा आइरहेको उतारचढावलाई केलाउने र आफ्नो समाज र देश अनुकूल छ छैन विश्लेषण गर्ने नयाँ सोच र जाँगरले पक्कै पनि देशलाई अगाडि बढाउन मद्दत पुऱ्याउँछ भन्ने अनुमान गर्न सकिन्छ।

सन्दर्भ-सामग्री

१. सिंह, जयपृथ्वीबहादुर; शान्तिका उपाय। नेपाल: रफाज, २०६०।

२. गुरूङ, हस्त; शान्तिका लागि पत्रकारिता: अवधारणा र अभ्यास। खोज पत्रकारिता केन्द्र: हिमाल एशोसिएसन, २००४।

३. पन्त, लक्ष्मणदत्त; अन्तरिमकालमा शान्ति प्रक्रिया। प्राची, पूर्णाङ्क ५९, इन्सेक।

४. Barash David P. and Charles P. Webel. Peace and Conflict Studies. Sage Publication. California:2002.

५. Henry Kissinger. Nuclear Weopens and Foreign Policy. New York: 1957.

६. Economics of Peace. Report of the North South Roundtable Session in SanJose, Costa Rica: January 4-5, 1990.

७. Ponomarev, Boris. Winning for Peace. Progress Publishers. Moscow:1985. Boutros, Ghali, B., An Agenda for Peace, New York: United Nations: 1992.

८. White, N. D. Keeping the Peace. The United Nations and the Masintence of International Peace and Secuirty, Manchester: Manchester University Press, 1993.

आवतजावतमा राहत

दैलेखको नारायण नगरपालिकामा द्वन्द्वको समयमा सुरक्षाकर्मीहरूले घरजग्गा कब्जा गरि भवानी बक्स गणको स्थापना गरिएको थियो। द्वन्द्वको समयमा गणको सुरक्षाको लागि भनेर क्याम्पको वरिपरी काडेतार लगाईएको थियो। जसबाट काडेतारभित्र परेका घरपरिवारहरुलाई र आवागमन पास देखाएर सुरक्षाकर्मीले आफै तार झिकेर आवतजावत गर्ने गराइएको थियो। द्वन्द्वपछिका दिनमा पनि सुरक्षाकर्मीलाई पास देखाउन नपरेता पनि स्थानीयबासीलाई काडेतार नहटाइएकोले अप्ठ्यारो भएको थियो।

स्थानीयवासीले नागरिक समाज सञ्जालमा सो काडेतार हटाउनको लागि निवेदन दिए। सोहीअनुरुप संजाल र इन्सेक शान्ति अभियानको संयोजकत्वमा स्थानीयवासी, प्रमुख जिल्ला अधिकारी र भवानी बक्स गणका गणपतिको उपस्थितिमा सो बारेमा छलफल कार्यक्रमको आयोजना गरियो। सो छलफलमा सबैको समस्यालाई मध्यनजर गर्दै गणपतिले काडेतार हटाउने प्रतिबद्धता व्यक्त गरे। ०६३ माघ २५ गते भवानी बक्स गणबाट प्रभावित जनसमुदायको हितलाई ध्यानमा राखि बाटोमा बिछ्याईएका काँडेतार हटाउने कार्य भएको थियो। यसरी नागरिक सञ्जालको पहलमा स्थानीय बासिन्दाहरुबिना कुनै रोकतोक सजिलोसँग आवतजावत गरिरहेका छन्।

युद्धबाट बिद्यालयतिर

साटाखानी गाविस-४ सुर्खेतका ११ बर्षीय धनबहादुर रावत जनसेनाको बन्दोबस्ती तथा व्यवस्थापन कार्यबाट फर्किएर बिद्यालय जान थालेका छन्। कमजोर आर्थिक अवस्था भएको परिवारका धनबहादर आमा र बुबाको मृत्युपछि बेसहारा भई ०६२ सालमा माओवादी जनसेनामा लागेका थिए। त्यसक्रममा सुर्खेतको रानीवासलगायत बिभन्न केन्द्रमा जनसेनाकालागि भारी बोक्ने, खाना पकाउने, सूचना, आदानप्रदान गर्ने तथा अन्य काम गर्ने गरेका थिए। उनकाअनुसार त्यस क्रममा एकपटक उनी ग्रिनेट विस्फोट भई घाइतेसमेत भएका थिए। जनसेनाकालागि काम गर्दा आफ्नो क्षमताभन्दा पनि बढी शारिरीक श्रम गर्नुपर्ने हुंदा उनी त्यहांबाट भागेर साटाखानी गाविस-४ स्थित आफ्नो मामाको घरमा आई बस्न थाले। उनलाई बिद्यालय जाने वातावरण निर्माण गर्नको लागि इन्सेकद्धारा गठित युवा समूह र शान्ति सहजकर्ताको बिद्यालय र अन्य संस्थासँगको समन्वयवाट जुटेको अन्तर्राष्ट्रिय उद्दार समितिको आर्थिक सहयोग, आवाज संस्थाको मनोविमर्श सेवामा उनी विद्यालय जान सक्ने भएका हुन्।

सबैको सहयोग र साथको कारण ११ वर्षीय रावत अहिले चन्द्रज्योती प्रस्तावित निम्न माध्यमिक बिद्यालय चन्द्रपुरमा कक्षा २ मा भर्ना भई नियमित अध्ययन गरिरहेका छन्। अहिले खुशीसाथ उनी भन्छन्, "मैले सबैको सहयोगको कारण बिद्यालयमा गई पढ्न पाएको छु। यस प्रकारका संस्थाहरुले मलाई जस्तै अन्य बालबालिकाहरुको लागि पनि सहयोग गरेमा उनीहरुले पनि मैले जस्तै बिद्यालयमा गएर पढ्न पाउने थिए।"

राजनीतिक तथा नागरिक अधिकारको रक्षा : द्वन्द्व रूपान्तरणको मेरूदण्ड

देबेन्द्रप्रसाद अधिकारी

१. भूमिका

नागरिक तथा राजनीतिक अधिकारलाई सन् १९६६ डिसेम्वर १६ तारेखमा संयुक्त राष्ट्र संघको महासभाले सर्वसम्मत रूपमा पारित गऱ्यो। पारित गरेलगत्तै हस्ताक्षर र अनुमोदनका निम्ति खुला गरेपछि सन् १९९१ को १४ मे का दिन नेपालद्धारा यसलाई सम्मिलन गरिएको हो। त्यस पछिका दिनमा नेपालले यी अधिकारहरुको प्राप्तीकालागि नागरिकलाई सहज वातावरण वनाउन आफ्नो संविधानमा पनि यी कुराहरुलाई समावेश गर्दै आएको पाइन्छ, जसको निरन्तरता अन्तरिम संविधान २०६३ मा पनि रहेको छ। तर अदूरदर्शी, भयलाई फैलाउने र विखण्डनकारी नीतिकासाथ सरकारहरुले कानूनी शासन र मानवअधिकारलाई वेवास्ता गर्दै आइरहेका कारण जातीय भेदभाव, समाजलाई खण्डित, असमानतालाई व्यापकता र द्वन्द्व एवं हिंसालाई मलजल पुगेको अवस्था छ।

नागरिक तथा राजनीतिक अधिकारको प्राप्तीका कुराहरुलाई जनस्तरमा लिएर जादा हामीहरुले दह्रोसँग अधिकारमुखि अवधारणाको बारेमा व्यापक छलफल चलाएका छौ र अनि यसलाई आफनो दिनचर्यासमेत वनाउदै आएका छौ। यसको परिणामस्वरुप प्रत्येक कुरालाई अधिकारमुखि भएर सोच्नें अभ्यासहरु आफैमा विकास त भए कै छ, यसबाहेक आमनागरिकलाई पनि यस अभियानमा पोख्त पार्न हाम्रा सम्पूर्ण उर्जा खर्च गरि रहेका छौ। अधिकारमुखि अवधारणाले गन्तव्यहरुको किटानी गर्दा एउटा व्यक्ति आफैमा वलिष्ट वन्न सक्ने, परिवारलाई स्वाभिमानी वनाउन सक्ने, समुदायलाई आफ्नो अधिकारप्रति अझ वढी सचेत वनाउन सक्ने र राष्ट्रलाई कर्तव्यबोधको कसीमा उभ्याउन सक्ने तागत प्राप्त हुन्छ। यसो हुदाहुदै पनि कतिपय अवस्थामा व्यक्तिले आफ्नो कर्तव्यलाई विर्सिदिदा, परिवारले सामुहिक प्रयत्नहरु गर्न नसक्दा, समाजले आफ्ना जिम्मेवारीहरुलाई पर्याप्त ध्यान नदिदा र राष्ट्रले जनताप्रतिको कर्तव्यलाई विर्सेर निर्मम वनिदिदा व्यक्तिमा, परिवारमा, समाजमा, राष्ट्रमा अनि विश्वमा नै नचाहदा नचाहदै पनि द्वन्द्वहरु हुने गरेका छन्।

विश्वका विकसित, अल्पविकसित तथा विकाशील राष्ट्रहरुको वीचमा हुने गरेका गहन छलफलहरु यही अधिकारमुखि अवधारणाले विकास गरेको वातावरण नै हो। यसरी गरिएका छलफलहरु कतिपय अवस्थामा तार्किक निष्कर्षमा पुगेको पाइन्छ भने कतिपय अवस्थामा यसको तार्किक निष्कर्ष ननिस्कदा ती राष्ट्रहरु द्वन्द्वको दलदलमा फसेका छन्। प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणा र लोकतान्त्रिक मुल्य र मान्यताप्रतिको प्रतिवद्धता विश्वमा सवैले स्वीकार गरेको सर्वमान्य विषयवस्तु वनिसकेको छ। यसभित्र अर्न्तनिहित विषयवस्तु भनेको नागरिक तथा राजनीतिक अधिकारको पूर्ण रूपमा सम्मान तथा पालना गर्न पाउने सुनिश्चितता नै हो। तसर्थ यी विषयवस्तुको रक्षाको स्तरले नै द्वन्द्व रुपान्तरणको वाटोको स्तरलाई सहज वनाउन सक्छ। द्वन्द्वलाई सकारात्मक रूपमा लिएर त्यसलाई रचनात्मक रूपमा प्रस्तुत हुदा सुरक्षित र शान्तिपूर्ण वातावरण वनेको पाइन्छ भने यसलाई नकारात्मक रूपमा वुझेर हिंसात्मक रूपमा प्रस्तुत हुदा यसले व्यक्तिगत, सामाजिक र राजनीतिक हिंसाको रुप लिई समाज अशान्तिको चपेटामा परेको अवस्था पाइन्छ।

अधिकारमुखि अवधारणाले गन्तव्यहरुको किटानी गर्दा एउटा व्यक्ति आफैमा वलिष्ट बन्न सक्ने, परिवारलाई स्वाभिमानी वनाउन सक्ने, समुदायलाई आफ्नो अधिकारप्रति अझ वढी सचेत वनाउन सक्ने र राष्ट्रलाई कर्तव्यबोधको कसीमा उभ्याउन सक्ने तागत प्राप्त हुन्छ ।

२. राजनीतिक तथा नागरिक अधिकारको रक्षाका केही सवालहरु

२.१ आत्मनिर्णयको अधिकार

कुनै पनि व्यक्तिले आफूलाई कसरी शासित गराउने वा गर्ने भन्ने विषयमा आफ्नो निर्णय आफै गर्न पाउनु उसको अधिकारको विषय हो। आत्मनिर्णयको अधिकारले व्यक्तिको आफ्नो स्वतन्त्रता, भौगोलिक सीमा, आफ्ना परम्परागत साँस्कृतिक मूल्यमान्यताको जगेर्नाजस्ता विषयमा आफ्नै विवेकपूर्ण सहभागितामा निर्णय गर्न पाउने हकलाई बुझाउदछ। यस खालको अधिकारले उनीहरु आफ्नो लागि आफै शासन गर्ने र आफ्नै नीतिवाट परिचालित हुन्छन्। हाल नेपालमा पनि आत्मनिर्णयको अधिकारसहितको संघीय लोकतान्त्रिक शासन पद्धतिको माग उठिरहेको अवस्था छ। व्यक्तिले आफ्नो क्षेत्र

र भूभागको वारेमा आफैले निर्णय लिन पाउनुपर्छ भन्ने तार्किक र स्वीकार्य प्रावधानलाई सवैले मनन गर्नुपर्ने हुन्छ। आत्मनिर्णयको अधिकारले जातीय तथा क्षेत्रीय विभाजनको रेखालाई वढाउछ भन्ने तर्कहरु नआएका होइनन्। राज्य टुक्रिने सम्भावनालाई अगाडि सारेर कुनैपनि वर्ग तथा समूदायको आत्मसम्मानमा चोट पुऱ्याउनु त्यति उपयुक्त हुदैन। यदि यसो गरिएमा यसले समाजमा नकारात्मक असर पार्नसक्छ र आत्मनिर्णयको खोजीमा रहेकाहरूको अधिकार कुण्ठित हुन्छ।

२.२ जीवनको अधिकार

मानिसको वाँच्न पाउने अधिकारलाई सवैले पहिलो अधिकारको रूपमा लिने गरेको पाइन्छ। कुनै पनि जाति, धर्म वा लिङ्ग विशेष वा राजनीतिक सिद्धान्तप्रति आस्था राखेको भरमा कसैको जीवन असुरक्षित हुने अवस्था रहनु हुदैन। कुनै पनि वर्णको आधारमा वा कुनै पनि भूगोलमा वसोवास गरेको आधारमा कुनै पनि व्यक्ति वा समुदायको जीवनको अधिकार खोसिनु हुदैन। राजनीतिक तथा नागरिक अधिकारको कुरा गरिरहदा सामान्यतया मानिस गोली लागेर मर्नु नपर्ने अवस्थामा मात्र मानिसको जीवनको अधिकार सुनिश्चित भएको अवस्थाको रूपमा वुझ्ने चलन छ। कोही व्यक्ति खाना नपाएर वा लाउन नपाएर मर्छ भने पनि उसको जीवनको अधिकार खोसिएको हुन्छ, तसर्थ मानिसको जीवनको अधिकारको परिभाषा र गाम्भीर्यतालाई सवैले वुझ्नु आवश्यक छ। जीवन सवैको अमूल्य हुन्छ, तसर्थ राज्यले प्रत्येक नागरिकको जीवनको अधिकारलाई रक्षा गनुपर्दछ।

२.३ यातना तथा अमानवीय वा अपमानजनक व्यवहारबाट उन्मुक्तिको अधिकार

कुनै पनि नागरिकलाई कुनै पनि वहानामा यातना तथा अमानवीय व्यवहार गर्न नपाइने कुराको प्रत्याभूति गरिएको हुन्छ। तर यसको कार्यान्वयनको अवस्था अत्यन्त फितलो भएका कारण नागरिकले अनाहकमा यातना तथा अमानवीय व्यवहार भोग्नु परेको अवस्था छ। कानून कार्यान्वयन गराउने निकायको उपचारको तरिका समयसापेक्ष नभएको र दोषी सदैव अपराधी नै हुन्छ र उसलाई अपराधीको रूपमा निर्मम व्यवहार नै गर्नुपर्छ भन्ने पूर्वाग्रही मानसिकताका कारण कतिपय अनुसन्धानका लागि ल्याइएका व्यक्तिहरु पनि अनावश्यक यातना तथा अमानवीय व्यवहारको शिकार भएका छन्। कानून उल्लंघनकर्ताहरुका लागि कुनैपनि कारबाहीको अभ्यास नगरिएका कारण कानून पालन गराउने निकायका व्यक्तिहरुमा कानूनी शासन हातमा लिने प्रवृतिको विकास भएको पाइन्छ। नेपालका वन्दीगृहहरुमा थुप्रै आस्थाका वन्दीहरुले यातना पाएका र कतिपयको त यातनाका कारण मृत्युसम्म भएको छ।

२.४ स्वतन्त्रता तथा सुरक्षाको अधिकार

प्रत्येक व्यक्तिलाई स्वतन्त्रतापूर्वक कसैको करकाप र दवावमा नपरि बाँच्न पाउने अधिकार हुन्छ र यसरी आफ्नो अधिकारको पालन गरि जीवनयापन गर्न पाउने नागरिकको सुरक्षा गर्नु राज्यको प्रमुख दायित्व हो। कुनै पनि व्यक्ति, परिवार तथा समुदायले आफूले चाहेअनुसारको प्रगति गर्नकालागि सोही अनुसारको स्वतन्त्र वातावरणको अपेक्षा गरेको हुन्छ। स्वतन्त्रता सवैका लागि प्यारो हुने भएकाले यसले सवैलाई आफ्नो वातावरणमा फुल्न, फल्न र रमाउने वातावरणको माहोल खडा गर्दछ। स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको सुरक्षा राज्यले गर्नुपर्दछ। तर कतिपय अवस्थामा मानिसको स्वतन्त्रताको अपहरण गरिएको अवस्था पाइन्छ। नेपालकै परिवेशमा हेर्ने हो भने पनि विगतका दशकहरुमा नागरिकहरूले स्वतन्त्रतापूर्वक गर्न पाउने आफ्ना अधिकारहरु कुण्ठित गरेर वस्नु पऱ्यो।

२.५ हिरासतमा मानवीय व्यवहारको अधिकार

कुनै पनि व्यक्ति वा संस्थालाई आरोपहरु लाग्नसक्छ र त्यो आरोप अनुसन्धानको अवस्थामा कसैलाई पनि हिरासतमा राख्न पाउने कानूनी प्रावधान रहेको हुन्छ। तर कुनै पनि व्यक्तिलाई पूर्पक्षकोलागि ल्याइएको अवस्थामा उसलाई अमानवीय व्यवहार गर्नुहुदैन। हिरासतमा राख्दाको अवस्थामा पनि उसलाई मानवोचित व्यवहार गरिनुपर्दछ। उसको लत्ता, कपडा, खानपिन, सरसफाईमा पर्याप्त ध्यान दिनुपर्दछ। उसले एक सामान्य नागरिक सरहको सुविधा प्राप्त गरेको हुनपर्दछ। तथानाम गालि गर्ने र अन्य न्यूनतम कुराहरु उपलब्ध गराउने विषयमा ध्यान नदिने अवस्था रहनु हुन्न। हिरासतमा रहदाको अवस्थामा उसलाई सामान्य नागरिक सरहको व्यवहार गरिनु पर्दछ। हिरासतमा मानवीय व्यवहार उपलब्ध हुनुपर्छ भन्ने तर ती कानूनी प्रावधानहरुलाई कार्यान्वयन नगराएको अवस्था पाइन्छ। हिरासतवाट नै कतिपय मानिसहरु वेपत्ता पारिएका र मारिएको

द्वन्द्व रुपान्तरणकालागि असन्तुष्ट पक्षले समाजमा भएका अन्यायको विरुद्धमा जनचेतना जगाउनु पर्दछ र परिवर्तनको आवश्यकता जनतालाई वुझाउनु पर्छ । यसरी उठाइएका विषयहरुलाई परिवर्तनकारीले सचेत गराउने, शिक्षित गर्ने र परिवर्तनका लागि आफू पनि समाहित हुने गर्नुपर्दछ ।

कुराहरु वाहिर आएको अवस्था छ। राज्यले नै यसरी नियम कानून र अन्तराष्ट्रिय मान्यताहरुको उल्लंघन गरेको अवस्थामा कानूनी शासनको कार्यान्वयन गराउन सकिदैन।

२.६ दासत्वबाट मुक्ति

कुनै पनि मानिसलाई बाँधा बन्नु नपर्ने र कसैलाई पनि दासदासी, कमारा कमारी वनाउन नपाइने व्यवस्था छ । यदि कसैलाई उसको इच्छा विपरित बाँधा वनाइएमा र दासको रूपमा विना कुनै पारिश्रमिक काममा लगाइएमा उसलाई कानूनवमोजिम कारबाही हुन्छ। तर नेपालमा पनि यसखालको निकृष्ट प्रावधानलाई कहि न कहि कुनै न कुनै रूपमा उल्लंघन गरिएको पाइन्छ। यद्यपि दासदासी र कमाराकमारी राख्न नपाइने र सोको उन्मुलन नेपालमा निकै पहिले नै भईसकेको अवस्था हो। मध्यपश्चिम र सुदूरपश्चिमका कतिपय जिल्लामा कमैया मुक्ति भईसकेको भएपनि कमैया राख्ने प्रचलनलाई अर्कै रूपमा निरन्तरता दिएको पाइन्छ।

२.७ हिडँडुलको अधिकार, अधिकार स्थानान्तरणको अधिकार वा आवास छान्ने अधिकार

कुनै पनि व्यक्तिलाई आफूलाई मन लागेको क्षेत्र तथा स्थानमा जाने र हिडडुँल गर्ने अधिकार रहेको हुन्छ। यस्तो अधिकार हुदाहुदै पनि कतिपय अवस्थामा कुनै पनि व्यक्तिलाई हिडडुल गर्न नदिएको अवस्थाहरु पाइन्छ। यसले मानवको नैसर्गिक अधिकारमा असर पारेको हुन्छ। कुनै पनि स्थानमा भएका आन्तरिक वा वाह्य द्वन्द्वका कारण पनि ती व्यक्ति तथा समुदायले निर्भयताका साथ एक स्थानवाट अर्को स्थापमा आवतजावत गर्ने अधिकारको प्रयोगमा अवरोध सिर्जना भएको हुन्छ। तसर्थ प्रत्येक व्यक्तिलाई आफ्नो स्व : इच्छाले हिडडुँल गर्ने र आफनो आवास छान्ने अधिकार रहेको हुन्छ। यसको संरक्षण र सम्वर्द्धन गर्नु राज्यको कर्तव्य हुन आउछ। विगतमा नेपालमा कतिपय मानिसलाई स्थानहदको पूर्जि थमाएर जिल्ला बाहिर भित्र जान आउन नदिएको अवस्था थियो र हाल वृहत शान्ति सम्झौता पछिको अवस्थामा पनि आफ्नो पुरानो आवासमा ससम्मान फर्कन पाउने व्यक्तिको अधिकारको पालना भएको अवस्था छैन।

२.८ बहिष्कृत हुनु पर्ने अवस्था विरुद्धको अधिकार

कुनै पनि नागरिकले कुनै जात जाति, धर्म वा सम्प्रदायको प्रतिनिधित्व गरेको आधारमा बहिष्कृत हुन नपर्ने हुन्छ। कसैले केही भए कै आधारमा कसैले बहिष्कार गर्ने र कुनै पनि सार्वजनिक समारोहहरुमा भाग लिन वाट रोक्न नपाउने व्यवस्था छ। उ कानूनको नजरमा एक नागरिक हुन्छ र कानून अनुसार सवै समान र वरावर हुन्छन्। यो वा त्यो क्षेत्र वा वर्गको आधारमा उनीहरु माथि भेदभाव गरिएको अवस्था हुदैन। कुनै पनि नागरिकले कुनै किसिमको अपराध गरेर सजाय भोगि सके पछीको अवस्थामा पनि उसलाई समाजले बहिष्कृत गर्न नपाउने हुन्छ। अर्थात उसलाई कुनै पनि वहानामा बहिष्कार गर्न पाइदैन। त्यसो गरिएमा कानून वमोजिम कारवाहीको भागिदार हुन सकिन्छ।

२.९ निष्पक्ष पुर्पक्षको अधिकार

कुनै पनि व्यक्ति माथि कुनै अपराधको दोष लागेमा उसलाई निष्पक्ष रूपमा पुर्पक्ष गर्न पाउने अधिकार रहन्छ। कसैको करकापले वा पूर्वाग्रहले कुनै पनि व्यक्ति तथा समुदायमाथि विभिन्न किसिमका आरोपहरु लाग्न सक्छ। राजनीतिक वातावरण विग्रिएको र लोकतान्त्रिक शासन पद्धति संकटमा परेको वेलामा यस्ता अधिकारका कुराहरु ओझेलमा पर्ने गरेको पाइन्छ। कानूनी रूपमा प्रत्याभूत गरेका यी विषयहरुलाई राज्यले संरक्षण र संवद्धन गर्नु उसको दायित्व हुन आउछ।

२.१० भूताप्रेक्षी फौजदारी कानूनबाट संरक्षण

कुनै पनि व्यक्तिलाई भूतप्रेक्षी कानूनको निर्माण गरेर कुनै पनि किसिमको दण्डको व्यवस्था गरिनु हुन्न। हिजो उसले गरेका काम कारबाही कानून विपरीत भएमा उसलाई तत्कालिन प्रचलनमा रहेको कानूनको आधारमा कारबाहीको प्रक्रिया अगाडि वढाउनु पर्ने अवस्था रहन्छ तर हिजो गरिएका क्रियाकलापलाई आधार मानेर भविष्यमा त्यस्ता कानूनको निर्माण गरेर कारबाही गरिदैन।

२.११ कानूनका अगाडि स्वतन्त्र व्यक्तिको रूपमा चिनिने अधिकार

कुनै पनि व्यक्ति कानूनको अगाडि स्वतन्त्र व्यक्तिको हैसियतमा चिनिन सक्दछ। कुनै पनि व्यक्तिलाई कानूनी रूपमा उसलाई अरु कसैको नाम वा पहिचानले चिनिनु पर्ने आवश्यकता पर्दैन। कानूनी रूपमा उसको आफ्नो स्वतन्त्र पहिचान हुन्छ र सोही रूपमा उसले आफूलाई चिनाउन पाउछ।

२.१२ गोपनियताको अधिकार

प्रत्येक व्यक्तिलाई आफ्नो गोपनियताको अधिकार रहन्छ। उसले कुनै पनि विषयवस्तु वाहिर ल्याउन अनुचित ठानेमा वा गोप्य राख्न उपयुक्त देखेमा गोपनियताको हक सदुपयोग गर्न पाउछ। कुनै पनि व्यक्तिले गोपनियताको हक प्रयोग गरि नदिएका सूचनाहरु जर्वजस्त प्राप्त गर्न खोज्नु गैरकानूनी काम हो। आफूला[illegible] व्यक्तिगत रूपमा हानी नोक्सानी पुर्‍याउने विषयवस्तुका बारेमा कसैलाई जानकारी नदिइ रहन सक्ने कानूनी हैसियत उसले राख्दछ। तसर्थ कुनै पनि व्यक्तिलाई कुनै पनि वहानामा उसको गोपनियताको हकलाई हरण गर्न पाइदैन।

२.१३ धर्म, आस्था तथा सोचको स्वतन्त्रता

कुनै पनि व्यक्तिले आफूलाई लागेको धर्म मान्ने र कुनै पनि धर्मप्रति आस्था राख्ने अधिकार रहेको हुन्छ। नागरिकसँग आफ्नो सोचविचार र सामाजिक परिवेशको आधारमा धार्मिक

परम्पराहरुमा लाग्न पाउने अधिकार रहेको हुन्छ। कुनै पनि भौगोलिक क्षेत्रमा वस्ने र कुनै पनि धर्ममा आस्था राखेको आधारमा कुनै पनि व्यक्ति तथा समुदायको अधिकारमा कुनै किसिमको हस्तक्षेप कसैवाट पनि हुनुहुदैन। यदि यस्तो भएमा सो व्यक्ति तथा समुदायको धार्मिक स्वतन्त्रता तथा आस्था राख्न पाउने अधिकारको स्वत हनन भएको ठहरिन्छ। राज्यले कुनै पनि धर्म विशेषको पक्षमा वकालत गर्न पाउदैन। अर्थात राज्य निरपेक्ष हुनुपर्छ र राज्यले सवैका धर्मलाई समान रूपमा लिएको हुनुपर्दछ।

२.१४ अभिव्यक्ति र वैचारिक स्वतन्त्रता

प्रत्येक व्यक्तिलाई अभिव्यक्ति र वैचारिक स्वतन्त्रता रहेको हुन्छ। आफूलाई लागेको कुरा वोल्ने र आफ्नो विचारलाई स्वतन्त्रतापूर्वक सवैमा सम्प्रेषण गर्ने अधिकार उसमा रहेको हुन्छ। व्यक्तिले आफ्ना विचारहरुको प्रवाह जनतामा गर्दा उनीहरुले छापा वा विधुतीय कुनै पनि माध्यमको प्रयोग गर्न सक्दछ्। यी माध्यमहरुको समुचित प्रयोग गर्न सकिएको खण्डमा जनतामा सकारात्मक प्रभाव पर्न सक्ने अवस्था आउछ। अभिव्यक्ति स्वतन्त्रता नै लोकतन्त्रको मुख्य विशेषता भएको कारणले यसलाई सोही अनुसार अगाडि वढाउन सकिने अवस्था रहन्छ। अभिव्यक्ति र वैचारिक स्वतन्त्रता प्राप्त भएको अवस्थामा द्वन्द्व स्वत कम भएर जाने अवस्था आउछ।

२.१५ युद्धको प्रचार तथा राष्ट्रिय, जातीय एवं धार्मिक घृणासम्वन्धी प्रचारको निषेध

कुनै पनि उद्देश्य प्राप्तीको वहानामा मानिसहरुलाई युद्धको प्रचार तथा राष्ट्रिय, जातीय एवं धार्मिक घृणा फैलाउने प्रचार गर्न निषेध गरिएको अवस्था हुन्छ। मानिसलाई विद्रोह गर्ने अधिकार त हुन्छ तर विद्रोहीले देशको नियम, कानून र संविधानको वर्खिलाप काम कारवाही गरेको खण्डमा कानूनवमोजिम सजायको भागिदार हुने अवस्था रहन्छ। तसर्थ युद्धको प्रचार प्रसार कसैले पनि गर्नुहुदैन।

राज्यको सामाजिक आन्दोलनप्रतिको भूमिका सकारात्मक हुने नहुने विषयले द्वन्द्व रुपान्तरण कसरी हुन्छ भन्ने विषयको छिनोफानो गर्दछ ।

संसारमा हालसम्म राम्रा युद्धहरु र नराम्रा शान्ति कहिल्यै भएनन्। सामाजिक मेलमिलाप कायम गरेर वसेका व्यक्ति तथा समुदायको वीचमा कुनै पनि किसिमको जातीय तथा धार्मिक विध्वंस मच्चाउने गरी कुनै पनि किसिमको प्रचार प्रसार गर्नकालागि रोक लगाइएको हुन्छ। कुनै पनि वाहानामा धर्म प्रचार गर्न पाइदैन र एकको धर्म भन्दा अर्काको धर्म उत्तम भन्ने किसिमले तुलना गर्ने अवस्था पनि सिर्जना गर्नुहुदैन।

२.१६ सार्वजनिक कार्यक्रम वा सभा गर्न पाउने वा त्यस्ता कार्यक्रममा भाग लिन पाउने स्वतन्त्रता

कुनै पनि व्यक्ति तथा समुदायलाई आफ्ना कुराहरु जनतासमक्ष राख्नकालागि सार्वजनिक कार्यक्रम गर्ने वा सभा सम्मेलन गर्न पाउने अधिकार हुन्छ। राज्यले कुनै पनि व्यक्ति तथा समुदायको अधिकारको सम्मान गर्नकालागि निश्चित ठाँउहरुलाई सार्वजनिक सभा सम्मेलनहरु गर्नकालागि स्थानहरु तोकिदिएको हुन्छ। त्यस्ता सार्वजनिक स्थानहरुमा भएका कार्यक्रमहरुमा कुनै पनि व्यक्ति तथा समूदायले भाग लिन पाउनु उनीहरुको अधिकार हो। यदि कसैले सार्वजनिक रूपमा गरेको कार्यक्रममा भाग लिन नदिने वा सभा सम्मेलन हुन नदिने अवस्थाको सिर्जना गरेमा त्यो कानूनी राज्यको खिलाफमा गएको ठहरिन्छ।

२.१७ संगठनको स्वतन्त्रता

कुनै पनि व्यक्ति तथा समुदायलाई आफ्ना अधिकारहरुको संरक्षण र संवर्द्धन गर्नकालागि संघ संगठन खोल्ने र ती संघ संगठनहरुमार्फत आफ्नो उद्देश्य प्राप्तीकालागि शान्तिपूर्ण तरिकाले आफ्ना मागहरु राख्ने अधिकार रहेको हुन्छ। संगठनको स्वरुप राजनीतिक उद्देश्य प्राप्तीकोलागि पनि हुनसक्छ र गैह्रराजनीतिक उद्धेश्य प्राप्तीकोलागि पनि हुनसक्छ अर्थात अन्य सामाजिक, साँस्कृतिक र धार्मिक उद्देश्यहरु पनि हुन सक्छ। संगठन खोल्ने र सोही संगठनको उद्देश्य प्राप्तीकालागि आफ्ना कृयाकलापहरु निर्वाधरूपमा संचालन गर्न पाउनु कुनैपनि व्यक्ति तथा समुदायको अधिकार हुन्छ।

२.१८ विवाह गर्ने तथा परिवार आरम्भ गर्ने स्वतन्त्रता

कुनै पनि व्यक्तिलाई कानूनले तोकेको उमेर पुगेपछि विवाह गर्ने र पारिवारिक जीवन व्यतित गर्ने अधिकार रहेको हुन्छ। हाम्रो जस्तो देशमा विवाहको वन्दोवस्त परिवारले नै गरिदिनु पर्ने र उमेर पुगेपछि पनि आफूले रोजेको व्यक्तिसँग स्वेच्छिक विवाहको प्रस्ताव राखेर विवाह गर्ने परम्परा कम पाइन्छ। त्यस किसिमको परम्परा हाम्रो जस्तो देशमा कम मात्रामा प्रचलनमा रहेको अवस्था छ। यसलाई प्रोत्साहन गर्नकालागि देशको शैक्षिक अवस्था र यसलाई प्रत्यक्ष रूपमा असर पार्ने विषयवस्तुका बारेमा छलफल गर्नु र त्यसलाई कार्यान्वयन को दिशामा लाग्नु आवश्यक छ।

२.१९ बालबालिकाको अधिकार

प्रत्येक बालबालिकालाई आफू जन्मिएपछि घर परिवारवाट माया ममता पाउने र विद्यालयमा पनि उचित शैक्षिक वातावरण प्राप्त गर्ने अधिकार हुन्छ। प्रत्येक बालबालिकाको पढन पाउने, खेल्न पाउने र घुम्न पाउने अधिकारहरु रहेको हुन्छ। उनीहरुलाई कुनैपनि किसिमको हिंसात्मक कृयाकलापवाट वाहिर राख्नुपर्ने

हुन्छ। बालबालिकाहरु अत्यन्तै संवेदनशील हुन्छन् र उनीहरुको संवेदनशीलतालाई ध्यानमा राखेर सोही अनुसारको व्यवहार गरिनुपर्छ। बालबालिकालाई कुनै पनि किसिमको निकृष्ट श्रममा लगाउनु हुदैन। बालश्रमिकको प्रयोग कानूनी रूपमा वन्देज लगाइएको हुन्छ। बालश्रमिक प्रयोग र शोषण गर्ने व्यक्ति तथा समूदाय समाजबाट तिरस्कृत हुन्छ। कुनैपनि बालबालिबालाई घरायसी कामकाजमा लगाउनु भन्दा उनीहरुको पठन पाठनमा ध्यान दिएर औपचारिक र गुणस्तरीय शिक्षा उपलव्ध गराउनेतर्फ सोच्नुपर्छ। यसो गर्न सकिएमा बालबालिका भविष्यका कर्णधार भन्ने नारालाई सहयोग पुग्दछ र समाजले अग्रगति प्राप्त गर्दछ। विद्यालय शान्ति क्षेत्रको रूपमा स्थापित हुनपर्ने र विद्यालयको वातावरण भयमुक्त हुन पर्ने उनीहरुको अधिकार हो।

२.२० राजनीतिक अधिकार

मानिस एक विवेकशील प्राणी भएकाले उसको आफ्नो विचारहरु हुन्छ। आफ्नो विचारमा उत्कृष्ट लागेको दर्शनलाई स्वीकार गर्ने र सो दर्शनलाई वोकेर हिडने पार्टी वा संस्थासँग आफ्नो संलग्नता वढाउन खोज्नु उसको अधिकारको कुरा हो। त्यस्ता व्यक्तिहरुको अधिकारको रक्षा गर्नु राज्यको दायित्व हुन्छ। यदि राज्यले उसको विचार राख्न पाउने अधिकारको रक्षा गरेन भने उसले राज्यका विरुद्धमा आफ्नो मत जाहेर गर्नसक्छ र आवश्यक परेमा विद्रोह गर्नसक्छ। संविधानमा व्यवस्था गरिए वमोजिम कुनै पनि राज्यले आवधिक चुनावी प्रकृयाहरु अवलम्वन गर्ने गरेको पाइन्छ र उक्त चुनावमा आफ्नो आस्था अनुसार कुनै पार्टी वा संस्थासँग आवद्ध भएर वा नभएर सहभागि हुन पाउनु प्रत्येक नागरिकको अधिकार हो। त्यो अधिकारको कानूनी रूपमा राज्यले सम्मान र सुरक्षा प्रदान गर्नुपर्दछ। राज्यले आवधिक चुनावमा भाग लिन पाउने नागरिकको अधिकारलाई सुनिश्चितता प्रदान गर्न सकेन भने स्वभाविक रुपममा द्वन्द्वले आश्रय पाउछ। विगतमा नेपालमा चलेको सशस्त्र द्वन्द्वको पछाडि त्यति वेलाका कतिपय राजनीतिक दलसँग आवद्ध व्यक्ति तथा संगठनहरुको कृयाकलापमा तत्कालीन सरकारको नियन्त्रणात्मक नीतिले काम गरेको देखिन्छ।

२.२१ कानूनका अगाडि समान

सवै नागरिकहरु कानूनको अगाडि समान हुने गर्दछन्। कानूनको आँखामा कुनै व्यक्ति सम्पन्न हुदा उसकालागि छुट्टै कानूनी उपचारको कुरा र कुनै व्यक्ति विपन्न हुदा उसकालागि अर्कै न्याय प्रणालीको अवस्था आउनुहुदैन। तर प्राय अल्पविकसित देशहरुका न्याय सम्पादनका प्रणालीहरुमा यस किसिमको आभास पाइन्छ। यसलाई समयमा नै व्यवस्थापन गर्न नसकेमा नागरिकहरुको न्याय सम्पादन प्रति सकारात्मक सोचको विकास नहुन पनि सक्छ। संवैधानिक रूपमा नेपालमा कानून सबैकालागि बराबर हो र यसको कार्य सम्पादनको विगतलाई हेर्दा न्याय प्रणालीका निर्णयहरु प्रति त्यति चित्त दुखाउनु पर्ने अवस्था छैन । तर न्याय सम्पादनमा देखिएका कतिपय ढीलासुस्तिले न्याय सम्पादनको क्षेत्रमा सुधार र पारदर्शीतातर्फ लक्षित गरेको अवस्था पाइन्छ।

२.२२ अल्पसंख्यकको अधिकार

प्रत्येक देशमा जनसंख्याको हिसावले कुनै समूदाय विशेष अल्पसंख्यामा पर्नसक्छ। अल्पसंख्यामा पर्ने समुदायलाई वहुमतमा रहेको समुदाय तथा जातजातिले सदैव शोषण गर्ने र राज्य संचालनको महत्वपूर्ण स्थानमा उनीहरुको पँहुच हुन नदिने अवस्था रहेको पाइन्छ। तसर्थ उनीहरुको अधिकारलाई राज्यले सदैव संवेदनशील भएर सोच्नपर्दछ। नेपालको सन्दर्भमा राउटे, चेपाङ., हायूजस्ता अल्पसंख्यकको अधिकारलाई राज्यले सुनिश्चित गर्नुपर्ने अवस्था रहेकोछ। उनीहरुको उपस्थितिलाई पनि सोहीअनुरुप लिएर नीति निर्माणको तहमा पनि राख्न सकेमा उनीहरुको अधिकार संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सकिन्छ।

३. समग्रमा द्वन्द्व रुपान्तरण

नागरिकका अधिकारहरु सवै वरावर हुन। बाँच्न पाउने अधिकारलाई सवैभन्दा महत्वपूर्ण अधिकारको रूपमा लिइ यसको रक्षाकालागि व्यक्ति सदैव द्वन्द्वात्मक अवस्थामा रहेको हुन्छ। यसकालागि राज्यले सामाजिक आन्दोलनलाई कसरी अगाडि वढाउन सक्छ त्यसमा नै द्वन्द्व रुपान्तरणको प्रक्रिया निर्भर गर्दछ। राज्यको सामाजिक आन्दोलनप्रतिको भूमिका सकारात्मक हुने नहुने विषयले द्वन्द्व रुपान्तरण कसरी हुन्छ भन्ने विषयको छिनोफानो गर्दछ। यसबाहेक नागरिक समाजको पनि उत्तिकै महत्वपूर्ण भूमिका रहेको हुन्छ। नागरिक समाजको प्रभावकारी भूमिका रहेमा जनताका नागरिक र राजनीतिक अधिकार प्राप्तीकालागि जनता सशक्त र आशावादी, सकारात्मक सोचसहित शक्ति प्राप्त गर्नेसक्ने, सहभागितात्मक लोकतान्त्रिक अभ्यासमा विश्वास गर्ने, समन्वयात्मक कार्यनीति र लोकतन्त्रकालागि

तसर्थ राज्यले संयुक्त राष्ट्र संघको महासभाले पारित गरेको र नेपालले हस्ताक्षर गरी पक्ष राष्ट्र भइ सकेको अवस्थामा ती राजनीतिक तथा नागरिक अधिकारको रक्षा गरि पूर्ण लोकतान्त्रिक वातावरणमा सामाजिक न्याय र शान्तिका फूलहरु फुल्न दिनुपर्छ ।

चतुर्याईपूर्वक चल्न सक्ने हुन्छन्। साथै अहिंसात्मक आन्दोलनवाट लक्ष्य प्राप्त गर्ने, सामाजिक परिवर्तनकालागि यथार्थवादी भएर सोच्न सक्ने, सबैको जीतमा रमाउन सक्ने, जनताको फैसलामा विश्वास गर्ने र शान्तिपूर्ण परिवर्तनकालागि सदैव प्रोत्साहन गर्ने वातावरणको सिर्जना भएको हुन्छ। सामाजिक आन्दोलनले त्यसो गर्न नसकेमा जनताहरु निष्कृय र निराशावादी हुने, नकारात्मक सोचको विकास गर्ने र आफ्नो शक्ति त्यसैमा खर्च गर्ने, स्वघोषित नेता वन्ने, आफैभित्र कुनै किसिमको चतुर्याई नभएको पुरानै कार्यनीति रहने, आवश्यकताअनुसार विवेक प्रयोग नगरि आवेगमा नै हिंसाका साधनको प्रयोग गर्ने, अव्यवहारिक सोचाइ र सामान्य सुधारमा केन्द्रित रहने, आक्रामक तर निष्कृय प्रस्तुतीको वातावरण रहने, आमजनतालाई तल राखेर सोच्ने र शक्ति भएका सबै ठीक भन्ने मान्यतामा चल्ने वातावरण रहन्छ र समाजलाई अधोगति तिर परिचालन गर्ने अवस्था रहन्छ।

द्वन्द्व रुपान्तरणकालागि असन्तुष्ट पक्षले समाजमा भएका अन्यायको विरुद्धमा जनचेतना जगाउनु पर्दछ र परिवर्तनको आवश्यकता जनतालाई वुझाउनु पर्छ । यसरी उठाइएका विषयहरुलाई परिवर्तनकारीले सचेत गराउने, शिक्षित गर्ने र परिवर्तनकालागि आफुपनि समाहित हुने गर्नुपर्दछ। त्यस्तै नागरिकले पनि समूदायतहमा शान्तिपूर्ण तरिकाले उठान गरिएका अन्यायको विरुद्धका अभियानमा सहभागि हुनपर्दछ। साथै सुधारकको भूमिका निर्वाह गर्ने व्यक्ति तथा संस्थाले यसलाई नीतिगत तहमा पुर्‍याइ नीति तथा कानूनमा समयसापेक्ष र जनचाहना र आवश्यकतावमोजिम सुधार गर्दै जानुपर्दछ। यसो गर्न सकिएमा द्वन्द्व रुपान्तरणको समग्र प्रक्रियाले पूर्णता पाउछ र समाजमा द्वन्द्व रुपान्तरणको माध्यम शान्तिपूर्ण हुनेछ।

४. निष्कर्ष

हाल विश्वलाई विभाजत गरी खतरनाक विश्वको शुरुवात गर्न तथा मानवअधिकारलाई धाराशायी पार्न शक्तिशाली राष्ट्रहरु र सशस्त्रे समूहहरुले विश्वमा भय उत्पन्न गराईरहेका छन्। विश्वमा हालसम्म लडिएका र लडाईएका युद्धहरुलाई हेर्ने हो भने ती युद्धहरु नागरिकले कि राजनीतिक अधिकारहरु प्राप्तिकालागि लडेका छन् कि नागरिक अधिकारको रक्षाको लागि। तसर्थ युद्धको रोकथाम र नागरिकका अधिकारहरु सुरक्षित गर्नकालागि उनीहरुको अधिकारको संरक्षण गरिनुपर्दछ। विश्वमा हालसम्म लडिएका साना ठूला युद्धमा मारिएका मानिसहरुको स्थितिलाई विश्लेषण गर्ने हो भने मारिनेहरुको अधिकाँश संख्या युद्धमा प्रत्यक्ष रूपमा संलग्न नभएका निर्दोष नागरिकहरूको पाइन्छ। राजनीतिक अधिकारहरुको संरक्षण र संवर्द्धनले नागरिकका अधिकारहरुको प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्‍याएको हुन्छ। राजनीतिक रूपमा मानिसहरु स्वतन्त्र भएको महसुस गरेमा र कुनै पनि किसिमको दवाव र निर्दलीयताले शासन गरिरहेको छैन भन्ने कुराको प्रत्याभुति भएमा नागरिकहरु आफ्ना क्रियाकलापहरुलाई शान्तिपूर्ण तरिकाले अगाडि वढाउन सक्छन् । कुनै विषयमा असमाजस्यता उत्पन्न भएमा वा द्वन्द्वको अवस्था सिर्जना भएमा पनि ती व्यक्ति तथा समूदायहरु एक आपसमा वसेर छलफलको माध्यमवाट नै समस्याको समाधान खोज्ने प्रयास गर्दछन्। जसले गर्दा राज्यसँग भएको श्रोत र साधन तथा मागका बारेमा स्पष्ट हुने अवस्था आउदछ। यदि त्यस्तो नभएको अवस्थामा राज्य र जनताहरुको वीचमा असमझदारी वढदै जान्छ र द्वन्द्वले मलजल प्राप्त गर्दछ जुन कसैकालागि पनि हितकर हुदैन। हिँसाको वीऊ नै त्यहीवाट शुरु हुनेगर्दछ। यस्तो भएको अवस्थामा स्वभाविक रूपमा राज्य दीर्घकालीन रूपमा द्वन्द्वको दलदलमा फस्नपुग्दछ। तसर्थ राज्यले संयुक्त राष्ट्र संघको महासभाले पारित गरेको र नेपालले हस्ताक्षर गरी पक्ष राष्ट्र भइ सकेको अवस्थामा ती राजनीतिक तथा नागरिक अधिकारको रक्षा गरि पूर्ण लोकतान्त्रिक वातावरणमा सामाजिक न्याय र शान्तिका फूलहरु फुल्न दिनुपर्छ।

युद्धको रोकथाम र नागरिकका अधिकारहरु सुरक्षित गर्नका लागि उनीहरुको अधिकारको संरक्षण गरिनुपर्दछ । विश्वमा हालसम्म लडिएका साना ठूला युद्धमा मारिएका मानिसहरुको स्थितिलाई विश्लेषण गर्ने हो भने मारिनेहरुको अधिकांश संख्या युद्धमा प्रत्यक्ष रूपमा संलग्न नभएका निर्दोष नागरिकहरूको पाइन्छ ।

सन्दर्भ सामग्री

१. Shrestha, Ananda Prasad and Hari Uprety, NEFAS,2003

२. नेपाल पक्ष भएका मानवअधिकार सम्बन्धी अन्तराष्ट्रिय दस्तावेजहरुको संग्रह, नेपाल सरकार, परराष्ट्र मन्त्रालय, शीतल निवास, काठमाडौं।

३. मानवअधिकार वर्षपुस्तक २००७, इन्सेक।

४. Amnesty International Report 2007.

(अधिकारी इन्सेकद्वारा सञ्चालित शान्ति अभियान कार्यक्रम, धनगढीका कार्यक्रम संयोजक हुन्।)

दिगो शान्ति स्थापनार्थ सामाजिक न्यायको आन्दोलन

प्रेम दवाडी

सामाजिक न्यायले सामान्यतः वर्ग, लिङ्ग, जाती, सस्कृति, क्षेत्र, धर्म, उमेर, स्वास्थ्य तथा अपाङ्गता बीचको विभेदलाई अस्वीकार गर्दछ । सामाजिक न्याय सतहमा देखिने विषमताहरु जस्तै आर्थिक असमानता, वर्ग, लिङ्ग, रङ्ग, जात, नागरिकता, धर्म, उमेर अपाङ्ग तथा स्वास्थ्यको विभेदका बाबजुद सबै मानिसहरुका आधारभूत मानव आवश्यकता दावेदारहरु हुन् भन्ने सिद्धान्त हो ।

१. सामाजिक न्यायको अवधारणा

सामाजिक न्यायले न्यायपूर्ण समाजको अवधारणालाई बुझाउँछ। "न्याय" भनेको कानूनको प्रशासन मात्र होइन। यो अवधारणा समाजमा व्यक्ति र समूहरुलाई समान उपचार र लाभांशको न्यायपूर्ण वितरणमा आधारित छ। सामाजिक न्यायका विभिन्न प्रस्तावकहरुले समान उपचार र न्यायपूर्ण लाभांश वितरण तथा समाजमा यसका फाइदा र बेफाइदाहरुको बारेमा विभिन्न विश्लेषणात्मक धारणा विकास गरेका छन् । सामाजिक न्याय दार्शनिक समस्या, राजनीति तथा अर्थनीतिको महत्वपूर्ण सवाल हो। जोसुकैले पनि न्यायपूर्ण समाजको चाहना गर्दछ, तर न्यायपूर्ण समाजको वास्तविकताबारे विभिन्न राजनीतिक दर्शन र विचारमा फरक-फरक धारणाहरु छन्। मुख्य गरेर वामपन्थी धारअनुसार अहिलेको समाज ज्यादै अन्यायपूर्ण छ, यसले आयको प्रगतिशील पूर्नवितरण वा समानतामूलक समाजको वकालत गर्दछ। सामाजिक न्याय सम्बन्धमा प्रजातान्त्रिक धारको आफ्नै धारणा छ, यो धारअनुसार सामाजिक न्याय स्वतन्त्र बजारको सञ्चालन, सहयोगी भावना, कल्याणकारी भावनाको प्रबर्धनमार्फत प्राप्त गर्न सकिन्छ भन्ने मान्यता राख्दछ। तर यी दुबै धारहरु बीच विधिको शासन, मानवअधिकार र कल्याणकारी सामाजिक सुरक्षाको महत्वमा सहमति देखिन्छ।

वामपन्थी तथा मध्यमार्गी वामपन्थीहरु जस्तैः समाजवादी, प्रजातान्त्रिक समाजवादी पक्षधहरुले सामाजिक न्यायलाई कहिलेकाही नागरिक न्याय पनि भन्दछन्। कसैले सामाजिक न्यायलाई न्यायपूर्ण विश्व सामाजिक आन्दोलनको अवधारणाको रूपमा व्याख्या गर्ने गरेका छन्। यस सन्दर्भमा सामाजिक न्याय मानवअधिकार र समानताको अवधारणामा आधारित रहेको देखिन्छ। सामाजिक न्यायले सामान्यतः वर्ग, लिङ्ग, जाती, सस्कृति, क्षेत्र, धर्म, उमेर, स्वास्थ्य तथा अपाङ्गता बीचको विभेदलाई अस्विकार गर्दछ। सामाजिक न्याय सतहमा देखिने विषमताहरु जस्तै आर्थिक असमानता, वर्ग, लिङ्ग, रङ्ग, जात, नागरिकता, धर्म, उमेर अपाङ्ग तथा स्वास्थ्यको विभेदका बाबजुद सबै मानिसहरुका आधारभूत मानव आवश्यकता दावेदारहरु हुन् भन्ने सिद्धान्त हो। यसले गरिबी तथा निरक्षरता उन्मुलन, शुद्ध वातावरण, नीति निर्माण र स्थापना, सबै व्यक्तिका लागि समानतामूलक अवसर र सामाजिक विकास स्थापना समेतलाई समेट्दछ।

२. सामाजिक न्यायको बहस

सामाजिक न्यायमा आधारित धेरै आन्दोलनहरु विभिन्न ठाउँ र स्तरमा भएका छन् जसले समाजको हरेक तहमा प्रत्येक मानिसको दैनिक जीवनमा मानवअधिकारको प्रत्याभूति हुने बाटो देखाउँछ। यी सबै आन्दोलनहरुले त्यस्तो विश्वको परिकल्पना गर्दछन् जहाँ मानिसको पृष्ठभूमि जेसकै भएता पनि हरेक मानवले समाजको सुविधाको पहुँचमा आधारभूत मानवअधिकार र समान अवसर प्राप्त गर्न सक्नेछन्। तथापी सामाजिक न्यायको इच्छा मात्र पर्याप्त हुँदैन। यसका लागि मिश्रत अर्थशास्त्रसँग सम्बन्धित व्यवहारिक संयन्त्र आवश्यकता पर्दछ। मिश्रित अर्थशास्त्रीय धारणाअनुसार सामाजिक न्यायलाई नयाँ विश्वव्यापी उदाहरणीय वा नयाँ वास्तविक बुझाई जसले एक नयाँ अर्थशास्त्र, एक नयाँ राजनीति, एक न्याय र एक नयाँ नैतिकता प्रस्तुत गर्दछ। यस प्रकारको अर्थशास्त्र बजारमा आधारित अर्थशास्त्र हो जसले केहीको लागि नभै प्रत्येक व्यक्तिकोलागि कार्य गर्दछ, र व्यक्तिगत सम्पतिको सम्मान गर्दछ। यस्तो अर्थशास्त्रले बजारको सिद्धान्तका आधारमा सबै जनताका लागि उत्पादनशील क्षमताको लगानी बृद्धिका लागि केन्द्रीय बैंकले निर्व्याजी लगानी गर्दछ। सामाजिक न्याय अर्थशास्त्र भनेको त्यस्तो न्याय हो जसले प्रभावकारिता सिर्जना गर्दछ र त्यसबाट न्याय प्राप्त हुन्छ।

सन् १८५० देखि सामाजिक न्याय शब्दको प्रयोग हुदै आएको भएता पनि यो अधिकारको सिद्धान्तमा तुलतात्मक रूपमा नविनतम अवधारणा हो। दार्शनिकहरुले यसमा गम्भीर ध्यान दिएको पाइदैन। सन् १९७१ मा अमेरिकी दार्शनिक जोन रावल्सले न्यायको सिद्धान्त कृति प्रकाशनमा आएपछि मात्र यो सवालमा

विद्यमान असमानतामूलक, विभेदयुक्त र अन्यायपूर्ण समाजको अग्रगामी रुपान्तरणका लागि नागरिक र राजनीतिक प्रयासको सन्दर्भमा सामाजिक न्यायका लागि प्रयत्न तथा अभियानहरु भएका पनि छन् । तर यी अभियानहरु प्रर्याप्त छैनन् साथै यसबाट उल्लेख्य हस्तक्षेप पनि हुन सकिरहेको छैन । शोषण, उत्पीडन तथा विभेद कायमै छ । सामाजिक न्यायका लागि मानवअधिकारमा आधारित नीति, योजना र अभियान बन्न सकिरहेको छैन ।

ध्यान केन्द्रित भएको देखिन्छ। उनका अनुसार न्याय सामाजिक संरचनाको पहिलो सम्पति हो, यो त मानिसहरुलाई उनीहरुका लागि जे हुनपर्ने हो सो प्रदान गर्नु नकि उनीहरुलाई के हुँदा राम्रो हुन्छ वा नैतिक रूपमा जे राम्रो हुन्छ सो दिनु। यसबाट के भन्न सकिन्छ भने सामाजिक न्याय कुनै सहयोग नभएर यो त आफ्नो कानूनी अधिकारबाट वञ्चितहरुको अधिकार हो। यस प्रकार रावल्स्ले वञ्चित तथा सिमान्तकृतहरुको वकालत गरेका छन्। मानिसहरुसँग रचना गर्ने, सुधार गर्ने तथा राम्रो धाराणाको अनुशरण गर्ने क्षमता रहेको छ। जुन प्राथमिक स्वतन्त्रताहरु (जस्तो कि अवसरहरु, शक्ति तथा सम्बन्धहरु, आय तथा संम्पत्ति, स्वसम्मान समानहरु) हुन्।

सामाजिक न्याय तथा समानताको अवधारणा मुल्यमा आधारित हुन्छन्। अमर्त्य सेनका अनुसार आज जोसुकै पनि समानतामा विश्वास गर्छन्। उनका अनुसार समानता भन्नाले कानूनी आधारमा समान अधिकार, समान नागरिक स्वतन्त्रता, अवसरमा समानता आदि गर्दछन्। यसका साथै धेरै मानिसहरु सबै प्रकारका असमानताहरु अन्यायपूर्ण हुदैनन् भन्ने कुरामा विश्वास गर्छन्। उनीहरुको धारणाअनुसार बजार अर्थतन्त्रको प्रभावकारी सञ्चालनको लागि आयमा असमानता स्वीकारयोग्य उपज हो तथापी आयमा न्यायपूर्ण असमानताको मात्राका बारेमा धेरै प्रश्नहरु अगाडि आउँछन्। यसबाहेक केही मानिसहरु लैङ्गिक, बंशानुगत सम्पति, जनजाति तथा जन्मको कारण व्यक्तिको नियन्त्रण भन्दा बाहिरको अवस्थामा अवसरमा हुने असमानतालाई सहजै स्वीकार गर्छन्। मानव विकास तथा मानवअधिकारको अवधारणाअनुसार असमानतालाई महत्व दिने पारस्परिक आधारभूत तथा प्रभावकारी कारणहरु मुख्य रूपमा निम्नानुसार रहेका छन्:

- सामाजिक न्याय तथा नैतिकता
- गरिबलाई पहिलो प्राथमिकता
- बृद्धि तथा प्रभावकारिता
- राजनीतिक आधिकारिता
- सार्वजनिक नीतिगत लक्ष्यहरु

सामाजिक न्यायका सम्बन्धमा विभिन्न सोचहरु रहेका छन् जसका समर्थकहरुले न्यायपूर्ण समाजको वास्तविक स्वरुपका विषयमा व्याख्या तथा विश्लेषण गर्ने गर्दछन्। तसर्थ अन्य अवधारणाहरु जस्तै सामाजिक न्यायका सम्बन्धमा पनि विविध अलोचना भएका छन्। यसका आलोचकहरु न्यायपूर्ण समाज जस्तो अरू समाज नै हुन सक्दैन भन्नेमा विस्वास गर्दछन्। सामाजिक न्यायको आधारभूत उदेश्य सम्बन्धमा विविध क्षेत्रबाट आलोचनाहरु भएका छन् जुन मुख्य रूपमा निम्नानुसार छन्:

१. न्यायको कुनै पनि खालको उद्देश्यमूलक मापदण्डहरु हुदैनन्।
२. सामाजिक न्याय एक आदर्श हो जसले अन्ततोगत्वा यथास्थितिको पृष्ठपोषण गर्दछ।
३. सामाजिक न्यायले शान्तिपूर्ण आन्दोलनको उलघनमा प्रोत्साहन गर्दछ।
४. आर्थिक रूपमा सामाजिक न्याय सम्भव नै छैन।

धेरै जसो मानिसहरु सामाजिक न्यायको केही आधारभूत नतिजाहरु स्वीकार गर्दछन् जस्तै: सबै मानव जातिसँग आधारभूतस्तरको मुल्य छ। एच.जि वेल्सले भने जस्तै सबै मानिसहरु अरु मानिसहरुको तुलनामा समान दावेदार हुन्। सामाजिक न्यायको अवधारणा बारे निष्कर्ष निकाल्दा आर्थिक रूपमा सामाजिक न्याय संभव छैन। धेरैजसो जलश्रोत विपन्न देशहरुले पिउनेपानीलाई आधारभूत अधिकार सम्मान गरेका छन् र सोअनुसार पहुँच प्रदान गरेका पनि छन्। यसबाट जलश्रोतको अति प्रयोग हुन गएको छ फलस्वरुप पानी प्रदुषित हुँदै गइरहेको छ।

३. नेपाली समाज र सामाजिक न्यायको सन्दर्भ

मानव समाज गतिशील छ। समाजको गतिशीलतालाई राजनीतिक, सामाजिक तथा आर्थिक संरचनाले प्रभावित गर्दछ। यी संरचनाहरु र शक्ति सम्बन्धको पुन:संरचना तथा समानतामूलक वितरण समानताको प्रवेशविन्दु हो। समानता विना न्याय र स्वतन्त्रता संभव छैन र न्याय तथा स्वतन्त्रता विना शान्ति संभव छैन। बहुल र असमान संरचनालाई समानतामा रुपान्तरण गर्ने प्रक्रिया नै सामाजिक न्याय हो। सामाजिक न्यायलाई समानता, विकास, लोकतन्त्र, आधारभूत सेवामा पहुँच र संमृद्धिको प्रवेशद्वारका रूपमा हेरिनुपर्दछ। सामाजिक न्याय गरिब, पिछडिएका वर्ग, जनजाति, भाषाभाषी, क्षेत्र, समुदायको पहिचान गरी समान उत्थान गर्ने माध्यम हो। गरिबी निवारणका रणनीतिहरुमध्ये सामाजिक न्याय प्राप्ती गरिबी निवारणको

मानवअधिकार र सामाजिक न्यायका लागि सामाजिक अभियान आवश्यक छ । शान्ति, सामाजिक न्याय र समानतालाई सिद्धान्तमा मात्र होइन व्यवहारमा पनि सबैले उतार्न सक्नुपर्दछ ।

आधारभूत सर्त पनि हो। सेवा र सुविधाबाट वञ्चित, राजनीति र विकासको मूलप्रवाहबाट बाहिर रहेकाहरु गरिब छन्, अभाव वेहोरिरहेका छन्। थिचोमिचो, अन्याय, शोषणको जाँतोमा पिसिएका छन्। उनीहरु नै उपेक्षित र तिरस्कृत छन् । यस अवस्थाको मुलकारण व्यक्ति, समूदाय र देश नभएर सामाजिक संरचना, शक्ति सम्बन्ध र प्रक्रियानै हो। तसर्थ राजनीतिक, सामाजिक तथा आर्थिक संरचनामा फेरबदल नगरी समानता प्राप्त हुन सक्दैन र समानताविना सेवा तथा सुविधा र विकासको कुनै अर्थ हुदैन।

वर्गीय, जातीय, लैंङ्गिक, क्षेत्रीय, धार्मिक, भाषिक विभेद तथा असमान राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक परिवेश द्वन्द्वको कारण तथा असरको रूपमा रहेको देखिन्छ। जुन दिगो शान्तिको बाधकका रूपमा रहेका छन्। सामाजिक परिवर्तनका सन्दर्भमा राजनीतिक कारण बाहिर देखिएता पनि विद्यमान विभेद तथा असमान परिवेशले एकातिर असमानतालाई टिकाई राखेको छ भने अर्कोतिर द्वन्द्वलाई बढावा दिईरहेको छ। यसर्थ सामाजिक न्याय प्राप्ती तथा दिगो शान्तिका लागि असमान शक्ति सम्बन्ध र बाधक संरचनाको आमूल परिवर्तन आवश्यक छ। यसको लागि समावेशी स्वरुपको जनमुखी राजनीतिक प्रणालीलाई संस्थागत गर्नु आवश्यक हुन्छ।

अविकसित समाजमा असमान शक्ति सम्बन्ध र यसलाई टिकाई राख्ने संरचनाको आमूल परिवर्तन बिना सामाजिक न्याय संभव छैन। सामाजिक न्यायविना द्वन्द्व र प्रतिद्वन्द्वको अवस्था रहिरहने हुँदा दिगो शान्ति सम्भव छैन। दिगो शान्तिका लागि संरचनागत हिंसाको अन्त्य आवश्यक छ। संरचनागत द्वन्द्वले राजनीतिक द्वन्द्वलाई मलजल गरिरहेको हुन्छ। यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने दिगो शान्तिको बाधक संरचनागत हिंसाहरु नै हुन्। त्यसलाई यथास्थितिलाई टिकाई राख्ने राजनीतिक प्रणाली, सोच तथा नेतृत्वले मलजल गरिरहेका हुन्छन्। त्यसैले न्यायोचित शक्ति पृथकीकरण, विद्यमान शक्ति सम्बन्धको परिवर्तन र

समानता विना न्याय र स्वतन्त्रता संभव छैन र न्याय तथा स्वतन्त्रता विना शान्ति संभव छैन । बहुल र असमान संरचनालाई समानतामा रुपान्तरण गर्ने प्रक्रिया नै सामाजिक न्याय हो । सामाजिक न्यायलाई समानता, विकास, लोकतन्त्र, आधारभूत सेवामा पहुच र संमृद्धिको प्रवेशद्वारका रूपमा हेरिनुपर्दछ ।

अग्रगामी राजनीतिक सोचबाट नै सामाजिक न्यायको मार्गलाई फराकिलो बनाउन सकिन्छ र अन्ततः दिगो शान्तितर्फ अगाडि बढ्न सकिन्छ। बहुलता तथा साँस्कृतिक विविधता नेपाली समाजको विशेषता हो। साँस्कृतिक विविधता नेपाली समाज विकासको अवसर र चुनौति दुवैको रूपमा रहेको छ। सामाजिक-आर्थिक विभेद र यसबाट सिर्जित असमान व्यवहार नेपाली समाज विकासको चूनौति हो भने अवसरको रूपमा सामाजिक तथा साँस्कृतिक विविधता रहेको छ। नेपाली समाजको परिवेशमा मुख्य गरी वर्गीय, जातीय/वर्णीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय विभेदहरु सामाजिक-आर्थिक विभेदका रूपमा प्रकट छन्। अर्को अर्थमा नेपाली समाज वर्गीय, जातीय/वर्णीय, लैङ्गिक, क्षेत्रीय, धार्मिक र भाषिक जस्ता सामाजिक विभेदले आक्रान्त छ। यसको असर राजनीतिक, सामाजिक र आर्थिक अवसरको उपलब्धता र वितरणमा परिरहेको छ। नेपाली समाजको विकास क्रममा उत्पन्न सामजिक विभेदका मुख्य कारणहरु र त्यसको असरलाई निन्नानुसार प्रस्तुत गर्न सकिन्छः

- सामन्ती भू-स्वामित्व र उत्पादन सम्बन्धः वर्गको उदय र वर्ग संघर्ष
- हिन्दु धर्ममा आधारित वर्णाश्रमः जातजातिको उदय र विभेद
- पितृसत्तामक संरचनाः लैङ्गिक विभेदको उदय र उत्पीडन
- आधुनीकिकरण तथा शहरीकरणः गाउँ र शहर तथा क्षेत्रीय विभेद र असमान विकास
- आर्थिक उदारीकरणः अधिकारको हनन्
- धर्मको राजनीतिकरणः धामिक तथा साँस्कृतिक विभेदको उदय र विस्तार

बहुल प्रकृतिको समाज भएता पनि नेपाली समाज हिन्दु उच्च वर्णाश्रम व्यवस्थामा आधारित छ। हिन्दु वर्णाश्रम व्यवस्थाले अन्य जातजाति, धर्म, भाषा, सस्कृतिलाई निर्देशित गरेको छ। फलस्वरुप सबै जाति, वर्ग/समुदाय, भाषा, सँस्कृति र वर्णका मानिसहरु नेपाली समाजको मूल प्रवाहमा समावेश हुन वञ्चित रहेका छन्। शासक र शासित वर्गको रूपमा समाज विभाजित छ र सोहीअनुसार राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक संरचनाहरु र शक्ति सम्बन्ध निर्माण भएको छ। जुन असमान र विभेदकारी छन्। फलस्वरुप उच्च बाहृमण/क्षेत्री र नेवार जातिको तुलनामा दलित, जनजाति/आदिवासी उपेक्षित र उत्पीडित छन्। नेपाली समाज पुरुषप्रधान हिन्दु वर्णाश्रममा आधारित भएकोले महिलाहरु पुरुषको तुलनामा उपेक्षित र उत्पीडित छन्। लैङ्गिक असन्तुलन जनजाति तथा आदिवासीमा भन्दा तथाकथित माथिल्लो जातको भनेर चिनिने बाहृमण/क्षेत्री तथा तल्लो जातका रूपमा चिनिने दलितहरुमा उच्च रहेको छ। वर्गीय रूपमा भन्नुपर्दा शासक वर्ग र राज्य सञ्चालनमा पहुँच भएका मानिसहरु धनी र शासन प्रणालीमा

सामाजिक न्याय विना द्वन्द्व र प्रतिद्वन्द्वको अवस्था रहिरहने हुँदा दिगो शान्ति सम्भव छैन । दिगो शान्तिका लागि संरचनागत हिंसाको अन्त्य आवश्यक छ। संरचनागत द्वन्द्वले राजनीतिक द्वन्द्वलाई मलजल गरिरहेको हुन्छ ।

केन्द्रिकृत राजतन्त्रात्मक निरंकुश राज्य व्यवस्थाको कारण राज्यको मुलप्रवाहबाट शहरको तुलनामा गाउँ, सदरमुकामको तुलनामा अन्य ठाउँ, तराईको तुलनामा पहाड, पूर्वको तुलनामा पश्चिम, काठमाडौंको तुलनामा कर्णाली र सुदूरपश्चिम उपेक्षित छ ।

सहभागि हुनबाट बञ्चित रहेका वर्गहरु गरिब छन्। धनि र गरिब बीचको खाडल झन बढेर गएको अवस्था छ।

केन्द्रिकृत राजतन्त्रात्मक निरंकुश राज्य व्यवस्थाको कारण राज्यको मुलप्रवाहबाट शहरको तुलनामा गाउँ, सदरमुकामको तुलनामा अन्य ठाउँ, तराईको तुलनामा पहाड, पूर्वको तुलनामा पश्चिम, काठमाडौंको तुलनामा कर्णाली र सुदूरपश्चिम उपेक्षित छ। लैङ्गिक रूपमा हेर्दा बालकको तुलनामा बालिका, पुरुषको तुलनामा महिला उपेक्षित छन्, उमेर हिसाबले हेर्दा प्रौढको तुलनामा बालबालिका र बृद्धबृद्धा, सपाङ्गको तुलनामा शारीरिक शसक्त उपेक्षित छन्। यस्ता विभेदका कारण विकासका प्रयास तथा सेवा र सुविधामा पहुँच पनि स्वत: असमान रहेको छ। कुनै पनि समाजको बनौट तथा संरचनाले देशको राजनीतिमा प्रत्यक्ष प्रभाव पार्दछ। तसर्थ विभेदपूर्ण तथा असमान संरचना र बनौट अनुसार नेपाली समाज निर्देशित छ। यसको अर्थ नेपाली राजनीतिक व्यवस्था केन्द्रिकृत, एकात्मक र सामन्ती छ। जसको फलस्वस्प राज्यका नीति, संरचना तथा सञ्चालन प्रक्रिया पनि सोही प्रकृतिका छन्। जसले असमानता, उत्पीडन र भेदभावलाई मलजल पुऱ्याईरहेको छ।

४. नेपाली समाजको रूपान्तरण र सामाजिक न्यायको आन्दोलन

समाज गतिशील हुने हुँदा नेपाली समाजको रुपान्तरण पनि स्वभाविक छ। तर यसले सोचेको जस्तो आकार लिन सकेको छैन। यसलाई विद्यमान संरचनाहरु तथा राजनीतिक सोच र नेतृत्वले अवरोध खडा गरिरहेको छ। नेपाली समाज हाल अग्रगामी परिवर्तनकारी अवसर र पश्चगामी यथास्थितिको अन्तरद्वन्द्वमा रहेको छ। अहिले नेपाली समाजले अग्रगामी परिवर्तनतर्फ उन्मुख प्रसव वेदना वेहोरिरहेको छ। नेपाली समाजमा विद्यमान सबैखाले विभेदहरुको अत्य गर्दै समानतामूलक समाज निर्माण, मानवअधिकारको प्रत्याभूति, सामाजिक न्याय प्राप्तीमार्फत दिगो शान्ति निर्माणका लागि नागरिक र राजनीतिक आन्दोलनको माध्यमबाट एकातिर लगातार प्रयास भईरहेको छ भने अर्कोतर्फ यो वा त्यो को नाममा यथास्थितिलाई टिकाउने काम पनि भईरहेको छ।

विद्यमान असमानतामूलक, विभेदयुक्त र अन्यायपूर्ण समाजको अग्रगामी रुपान्तरणका लागि नागरिक र राजनीतिक प्रयासको सन्दर्भमा सामाजिक न्यायका लागि प्रयत्न तथा अभियानहरु भएका पनि छन्। तर यी अभियानहरु प्रर्याप्त छैनन् साथै यसबाट उल्लेख्य हस्तक्षेप पनि हुन सकिरहेको छैन। शोषण, उत्पीडन तथा विभेद कायमै छ। सामाजिक न्यायका लागि मानवअधिकारमा आधारित नीति, योजना र अभियान बन्न सकिरहेको छैन। निर्माण गरिएका केही नीतिहरु पनि कार्यान्वयन हुन सकिरहेका छैनन्। सामाजिक न्यायका लागि मानवअधिकारमा आधारित राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक रुपान्तरण तथा नीति, योजना र अभियानको प्रभाव झिनो रहेको छ। कतिपय त कागजमा मात्र सिमित रहेका छन्। विद्यमान अन्यायपूर्ण, असमान, र विभेदयुक्त नीति, योजना र कार्यक्रमको फलस्वरुप थप जटिलता तर्फ नेपाली समाज धकेलिदै छ। विगतको दश वर्षे सशस्त्र द्वन्द्व यसैको घोत्तक तथा बलियो उदाहरणको रूपमा हाम्रो सामु यथार्थ बनेर रहेको छ। समानताका लागि हस्तक्षेप र अग्रगामी परिवर्तनबाट मात्र सामाजिक न्याय प्राप्ति संभव छ। जसको लागि समावेशी प्रक्रिया, सकारात्मक विभेद, सशक्तिकरण, नीति, संरचना र प्रक्रियाको पुन:संरचनाद्वारा प्रभावकारी हस्तक्षेप गर्न सकिन्छ। पुरातन तथा यथास्थितिपरक राजनीतिक विश्लेषण र सोच , सुधारमुखी नीति, योजना र अभियान, राजनीतिक अदुरदर्शिता र परिवर्तनकारी इच्छाशक्तिको अभाव , नागरिक समाज र नागरिक आन्दोलनको न्यून हस्तक्षेप, बाह्य साधन, स्रोत र शक्तिमा अत्याधिक निर्भरता, सामाजिक आन्दोलन तथा अभियानमुखी नीति, संरचना र प्रक्रियाको अभाव, सामाजिक आन्दोलनमा सुधारमुखी वाह्य हस्तक्षेप, प्रतिकूल वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक, साँस्कृतिक संरचनागत अवरोधहरु सामाजिक न्याय प्राप्तिका लागि बाधक मानिएका छन्।

गरिबी तथा पछौटेपन, विभेद र असमानता द्वन्द्वको बीउ, समाजको कलंक र शान्तिको चूनौति हो । सामाजिक न्यायले आर्थिक गरिबी मात्र होइन, सामाजिक तथा मनोवैज्ञानिक गरिबीलाई पनि सम्बोधन गर्नु पर्दछ।

५. सामाजिक न्याय प्राप्ती तथा शान्ति स्थापना

सकारात्मक हस्तक्षेप, समावेशी-करण र उत्पीडित तथा वञ्चित वर्ग, लिङ्ग, जाति, क्षेत्र, धर्म, भाषा र सस्कृति, उमेर, विचार र अवस्थाका व्यक्ति र समुदायको सशक्तिकरणबाट समानता र समानताबाट सामाजिक न्याय प्राप्ति हुन्छ। आज सबै दृष्टि, पक्ष र क्षेत्रबाट हेर्दा हाम्रो परिवेशमा समानताको स्थिति दयनीय छ। अझ सामाजिक न्यायको स्थितिको त कल्पनै गर्न सकिदैन। गरिबी तथा पछौटेपन, विभेद र असमानता द्वन्द्वको बीउ, समाजको कलङ्क र शान्तिको चुनौती हो। सामाजिक न्यायले आर्थिक गरिबी मात्र होइन, सामाजिक तथा

एक दशक पछि पुनः सडकमा

एक दशक पछि पुनः मानवअधिकारकर्मीहरू राष्ट्रिय मानवअधिकार आयोगको तत्काल गठनको माग गर्दै सडकमा ओर्लन बाध्य भए। आफ्नो आन्दोलन र संघर्षले जन्माएको राष्ट्रिय मानवअधिकार आयोग पदाधिकारी विहीन भएको एक वर्ष बितिसक्दा पनि सरकारले कुनै ध्यान दिएन। आयोग गठन गर्ने तर्फ सरकारले चासो नदेखाए पछि मानवअधिकारकर्मीहरू सडकमा ओर्लिएका हुन। बिगतमा झैं बाजा, थाल बजाएर आयोगको गठनको माग गर्दै जुलुश निकालिएको थियो।

बिगतमा पनि मानवअधिकारकर्मीहरूले राष्ट्रिय मानव अधिकार आयोगको गठनका लागि दबाबमूलक कार्यक्रम तथा प्रदर्शनहरू गरेका थिए। फलस्वरुप २०५३ सालमा मानवअधिकार आयोग ऐन, २०५३ जारी भयो तर आयोगको गठन भएन। तर पनि विरोधमा मानवअधिकारकर्मीहरूले सशक्त आन्दोलन जारी नै राखे। देशका विभिन्न भागमा जुलुश, धर्ना, कोणसभा तथा प्रदर्शनहरू भए। सरकार कानमा तेल हालेर सुते सरहनै गरेपछि बाजा बजाएर जलुश निकालियो, अनशनको साथै सर्वोच्च अदालतमा २०५५ सालमा रिट समेत दायर गरियो। सर्वोच्च अदालतले २०५६ असार २९ गते रिट उपर फैसला गर्दै मानवअधिकार आयोग ऐन विना कारण निस्क्रिय गराई राख्नु उपयुक्त नहुने भन्ने वाक्यांश राखी आयोग गठन गर्ने गराउने भन्ने परमादेश जारी गरेको थियो। तर पनि सरकारले आयोग गठन गरेन। मानव अधिकारकर्मीहरूले आन्दोलन जारीनै राखे। ऐन लागू भएको झण्डै चार वर्ष पछि अर्थात २०५७ जेठ १३ गते नयनबहादुर खत्रीको अध्यक्षतामा आयोगको गठन गरियो। जंसमा सुशील प्याकुरेल, कपिल श्रेष्ठ, इन्दिरा राणा तथा डा.गौरी शंकरलाल दास सदस्यहरु रहनु भएको थियो।

सरकारसँग आयोग गठनको विकल्प छैन। आयोग गठनमा अझै ढिलाई हुने हो भने मानवअधिकारकर्मीहरूले बिगतमा गरेको भन्दा सशक्त आन्दोलन गर्न पछि पर्ने छैनन्।

– बिमलचन्द्र शर्मा







एक दशक अघि





एक दशक पछि

प्रवेश विन्दु तथा हस्तक्षेत्र
- सामाजिक समावेशीकरण
- सकारात्मक विभेद तथा समता
- सशक्तिकरण

→

समानता तथा भेदभावरहितता
- पुजिकमा समान पहुँच
- प्राकृतिक श्रोतहरु तथा प्रविधिमा समान पहुँच
- बजारमा समान पुहुँच
- उत्तरदायी सरकार

→

मानवअधिकारको परिपूर्ति
- पहिचान
- सहभागिता
- सुरक्षा
- सम्मान
- संरक्षण
- परिपूर्ति

→

सामाजिक न्याय
- प्रतिशिल पुनर्वितरण
- समानतामूलक समाज
- विधिको शासन
- लोककल्याण
- सबै खालका विभेदको अन्त्य

→

शन्ति निर्माण
- सकारात्क शान्ति
- मानव सुरक्षा
- स्वतन्त्रता
- समृद्वी

मनोवैज्ञानिक गरिबीलाई पनि सम्बोधन गर्नु पर्दछ।

समान पहुँच र समानुपातिक प्रतिनिधित्व, अग्रगामी तथा जनमुखी संयन्त्रबाट समानता प्राप्त गर्न सकिन्छ। यसका लागि विविध असमान परिवेश, विभेद तथा नीति, संरचना र प्रक्रियागत अवरोधहरुको फलस्वरुप उत्पीडनमा परेका, वञ्चित तथा पिछडिएका वर्ग, लिङ्ग, जाती, क्षेत्र, धर्म, उमेर र अवस्थाका मानिसहरुका लागि सकारात्मक हस्तक्षेप, शासन प्रणालीमा समानूपातिक प्रतिनिधित्व, समावेशीकरण, सशक्ति-करणको प्रक्रिया अबलम्बन गर्नु आवश्यक छ। भौतिक साधनहरु, प्राकृतिक श्रोत र प्रविधि, बजारमा समान पहुँच तथा अग्रगामी जनमुखी संयन्त्र र उत्तरदायी सरकारको माध्यमबाट मानवअधिकारको प्रतयाभूति सम्भव छ। यसबाट मात्र सामाजिक न्याय प्राप्त गर्न सकिन्छ। अर्को अर्थमा दिगो शान्ति र मानव सुरक्षाको लागि सामाजिक न्याय आवश्यक छ। सामाजिक न्यायका लागि मानवअधिकारको प्रत्याभूति र यसका लागि समानतामूलक समाज र प्रणाली स्थापना गर्नुपर्दछ।

समानतामूलक समाज स्थापनाका लागि सकारात्मक विभेद, समावेशीकरण र सशक्तिकरण आवश्यक छ। जुन राज्यको राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक, प्रशासनिक संरचनाहरुको अग्रगामी रुपान्तरणबाट मात्र संभव छ। यसको लागि प्रभावकारी राजनीतिक, सामाजिक आन्दोलनमार्फत हस्तक्षेपको आवश्यकता पर्दछ। यही विभेदकारी र असमान अवस्था र संरचना कायम रही रहेमा संरचनागत द्वन्द्वहरु सतहमा आउने र जसबाट विभिन्न स्वरुपको हिंसा र सशस्त्र द्वन्द्वको अवस्था सिर्जना हुन सक्दछ। यसबाट सामाजिक सद्भावमा असर गर्दछ। विगतको दश बर्षे सशस्त्र द्वन्द्वको वियोगान्त अवस्था भोगेर पनि सरोकारवालाहरुले सामाजिक न्यायका लागि अग्रगामी परिवर्तनलाई स्वीकार्न सकिरहेका छैनन्। यसले दिर्घकालीन शान्तिलाई नै चूनौति दिइरहेको यथार्थ

समानतामूलक समाज स्थापनाका लागि सकारात्मक विभेद, समावेशीकरण र सशक्तिकरण आवश्यक छ । जुन राज्यको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, प्रशासनिक संरचनाहरुको अग्रगामी रुपान्तरणबाट मात्र संभव छ ।

विश्वका विभिन्न देश र हाम्रै देशको विगतको सशस्त्र द्वन्द्व, जनजातीको संघर्ष र हाल पूर्वी तराईमा चलिरहेको सशस्त्र संर्घर्षले नै प्रस्ट्याउँछ।

६. निष्कर्ष

सकारात्मक विभेद, समावेशीकरण तथा सशक्तिकरणको प्रक्रियामार्फत समानता, समानतामार्फत मानवअधिकारको प्रतयाभूति र सामाजिक न्यायलाई थाति राखेर हामी कदापी अगाडि बढ्न सक्दैनौ। मानवअधिकारको परिपूर्ति विना सामाजिक न्याय प्राप्त हुन सक्दैन र सामाजिक न्याय बिना शान्ति, स्वतन्त्रता र समृद्वि सम्भव छैन। मानवअधिकार र सामाजिक न्यायका लागि सामाजिक अभियान आवश्यक छ। शान्ति, सामाजिक न्याय र समानतालाई सिद्धान्तमा मात्र होइन व्यवहारमा पनि सबैले उतार्न सक्नुपर्दछ। सामाजिक न्यायका लागि समानताको अभियान र दिगो शान्ति तथा मानव सुरक्षाको लागि सामाजिक न्यायको अभियान सञ्चालन हुनुपर्दछ। यस अभियानमा हामीले आ-आफ्नो ठाउँबाट हर संभव प्रयन्त गर्नु आजको माग र आवश्यकता हो।

सन्दर्भ सामग्रीहरु

१. मानव विकास प्रतिवेदन २००६, यूएनडिपि।

२. मानव विकास प्रतिवेदन २००५, यूएनडिपि।

३. नेपाल मानव विकास प्रतिवेदन, २००४ यूएडिपि, नेपाल।

४. Rural Poverty Report 2001 IFAD, Oxford Univesity Press, Great Britain

५. The Organization. Volume 9, Issue 2, April June 2006, ODC inc.

६. The Right to Development. A Primer, CDHR, Sage Publication, New Delhi

(दवाडी इन्सेकद्वारा सञ्चालित द्वन्द्व रुपान्तरण तथा शान्ति निर्माण कार्यक्रम, नेपालगञ्जका कार्यक्रम संयोजक हुन्।)

संरचनागत हिंसा र शान्ति प्रक्रिया

गीता गौतम

गरिबी, सामाजिक बिभेद, जातीय दमन, लैङ्गिक असमानता, सांस्कृतिक र परम्परागत पछौटेपन, अन्ध राष्ट्रवाद, क्षेत्रीयतावाद आदि बिषयका कारण समाजमा द्धन्द्ध विद्यमान रहेको हुन्छ । प्रत्यक्ष रूपमा मार्ने र मारिने प्रक्रिया नहुँदानहुँदै पनि अप्रत्यक्ष रूपमा मानिसहरु हिंसाको मारमा परिनै रहेका हुन्छन् । यस किसिमको हिंसालाई जोहान गाल्तुङले संरचनागत हिंसाको नामाकरण गरिदिए ।

१. पृष्ठभूमि

संरचनागत हिंसा प्रत्यक्ष हिंसा भन्दा डरलाग्दो मानिन्छ। यसबाट प्रत्यक्ष हिंसाको कारण भन्दा बढी संख्यामा मानिसहरु पीडित भैरहेका हुन्छन्। तर प्रत्यक्ष हिंसाको जस्तो प्रभाव संरचनागत हिंसामा नदेखिनेहुँदा संरचनागत हिंसाका बारेमा आमरूपमा त्यति धेरै चासो र चर्चा भएको पाइदैन। केहि दशकयता खासगरि सन् १९७० पछाडि भने संरचनागत हिंसाका बारेमा पनि चर्चा हुनथालेको छ। मुलत: अल्पविकसित र विकासोन्मुख मुलुकहरुमा व्याप्त यस किसिमको हिंसाका कारण बर्षेनी लाखौंको संख्यामा मानिसहरुले ज्यान गुमाइरहेका छन् र त्यत्तिकै र त्यो भन्दा बढी संख्याका व्यक्तिहरुले भौतिक र मानसिक पीडा भोगिरहेका छन्। संरचनागत हिंसाका कारण समाजमा व्याप्त हिंसा र द्धन्द्धको बिषयलाई सबैभन्दा पहिले उठाउने व्यक्ति हुन् शान्ति विज्ञ नर्वेजियन प्रोफेसर जोहान गाल्तुङ जो द्धन्द्ध व्यवस्थापनका विज्ञका रूपमा संसारभर परिचित छन्। उनले सन् १९७० को शुरुबाट यो बिषयलाई उठाएका हुन्। कुनैपनि समाजमा कुनैपनि प्रकारको हिंसा हुनु भनेको त्यो समाज आफैंमा स्वस्थ समाज होइन भन्ने बुझ्नुपर्दछ। गाल्तुङको भनाइमा युद्ध नहुनु मात्र शान्ति होइन, शान्तिपूर्ण समाजका लागि जसरी हिंसात्मक युद्धको अन्त्य हुन आवश्यक छ त्यसैगरि समाजमा व्याप्त अन्य द्धन्द्धका कारणहरुको पनि निवारण हुनपर्दछ।

२. संरचनागत हिंसा के हो ?

गरिबी, सामाजिक बिभेद, जातीय दमन, लैङ्गिक असमानता, साँस्कृतिक र परम्परागत पछौटेपन, अन्ध राष्ट्रवाद, क्षेत्रीयतावाद आदि बिषयका कारण समाजमा द्धन्द्ध विद्यमान रहेको हुन्छ। प्रत्यक्ष रूपमा मार्ने र मारिने प्रक्रिया नहुँदानहुँदै पनि अप्रत्यक्ष रूपमा मानिसहरु हिंसाको मारमा परिनैरहेका हुन्छन्। यस किसिमको हिंसालाई जोहान गाल्तुङले संरचनागत हिंसाको नामाकरण गरिदिए। त्यति मात्र होइन, आर्थिक शोषण कायम रहँदा, पर्याप्त र स्वस्थ खाना, उचित बस्ने बासको व्यवस्था र सर्वसुलभ उपचारको व्यवस्था नभएका कारण मानिसहरुले अकालमा जीवन गुमाइरहेका हुन्छन्। त्यसैगरि मानवअधिकारको उल्लंघन र त्यसले पारिरहेको असरले पनि समाजमा हिंसालाई प्रश्रय दिइरहेको हुन्छ। यो पनि अर्को किसिमको संरचनागत हिंसा हो भनि गाल्तुङले व्याख्या गरेका छन्। उनको भनाईमा संरचनागत हिंसा र प्रत्यक्ष हिंसाका बिचमा प्रत्यक्ष सम्बन्ध रहेको छ। संरचनागत हिंसाले अन्तत द्धन्द्धलाई निम्त्याउँछ जसबाट घरेलु हिंसा, जातीय हिंसा, घृणा, आतंकवाद, आमहत्या, र युद्धलाई बढावा मिल्दछ।

समय क्रममा संरचनागत हिंसाको व्याख्या क्रमिक रूपमा फराकिलो बनाइदै पनि लगियो। जस्तो संरचनागत हिंसाका बारेमा सन् १९८४ मा पेट्रा केल्लीले आफ्नो पहिलो पुस्तकमा यसरी उल्लेख गरेका छन्,"विकासशील मुलुकका दुई अरब जनता मध्ये एक तिहाई जनता कि भोकमरि या अल्पआहाराबाट पीडित छन्। यीनका २५ प्रतिशत बालवालिका पाँच बर्ष उमेर नपुग्दै मर्छन्। १० प्रतिशत बालवालिका भ्याक्सिनको अभावमा मर्छन्। यसरी नियमित रूपमा मानिसको ज्यान बचाउन सकिने सामान्य भन्दा सामान्य साधन र उपचारको अभावमा वितिरहेको छ। जसलाई नियन्त्रण गर्न सक्ने अथवा पूर्णरूपमा नै अन्त्य गर्न सकिने पर्याप्त आधारहरु रहेका छन्। तर पनि रोकिएको छैन। कारण संरचनागत हिंसाका बारेमा मान्छेको यथेष्ठ ध्यान पुगेको छैन।" त्यस्तै संरचनागत हिंसाको बारेमा मेडिकल अन्थ्रोपोलोजिस्ट जेम्स गिलीगाँ लेख्छन् "समाजमा पिछडिएका जनताको खराब स्वास्थ्य स्थितिको कारण न त उनीहरुको परम्परागत मान्यता हो न उनीहरुले अपनाउँदै आएको संस्कृति नै हो। यसको प्रमुख कारण भनेको उनीहरुका बिचको आर्थिक अभाव नै हो। जबसम्म उनीहरुको आर्थिक अवस्थामा सुधार ल्याइन्न, उनीहरुको स्वास्थ्यमा पनि सुधार आउन सक्दैन र यसबाट उनीहरुले अकालमा गुमाइरहेको जीवनको रक्षा पनि गर्न सकिन्न।" संरचनागत हिंसाको प्रमुख कारण हो विद्यमान विभेदकारी सामाजिक संरचना र जबसम्म यस बिभेदकारी संरचनालाई निर्मूल पार्ने काम हुँदैन, तबसम्म संरचनागत हिंसाको अन्त्य पनि हुनसक्दैन भनि डेबोरा द नहान र डाना लाइटनले आफ्नो संरचनागत हिंसाको परिचय नामक किताबमा उल्लेख गरेका छन्।

गाल्तुङको भनाइमा संरचनागत हिंसा आफैंमा समस्याग्रस्त बिषय हो। यो खतरनाक पनि छ किनकि यसले धेरै

हदसम्म प्रत्यक्ष हिंसालाई निम्त्याउँछ। जो सामाजिक रूपमा शताब्दियौंदेखि दबित र थिचिएको हुन्छ त्यस्तो व्यक्ति या समाज प्रत्यक्ष हिंसातर्फ सहजै मोडिन सक्छन्। विश्वका विभिन्न मुलुकहरुमा गरिएका अध्ययनहरुले देखाएका छन् कि आर्थिक अभाव, धनि र गरिब बीचको बढ्दो खाडल, लैङ्गिक विभेद, जातीय भेदभाव, सामाजिक पछौटेपन जहा बढी छ त्यँहा संगठित हिंसाका सम्भावनाहरु बढी भएका छन्। त्यसैगरि जहाँ मानवअधिकारको चरम उल्लघंन भएका छ र राज्यले सेना र प्रहरीको बलमा जनताको संगठित र शान्तिपूर्ण पहलमाथि दमन गरेको छ ती समाज वा मुलुकहरुका जनता प्रत्यक्ष हिंसाको बाटो समाउन पुगेको तथ्यहरुले बताएका छन्। यसबाट के बुझ्न सकिन्छ भने प्रत्यक्ष हिंसाको प्रमुख कारक तत्व भनेको संरचनागत भेदभाव हो र त्यसको निदान नभएसम्म समाजबाट हिंसालाई नष्ट गर्न सकिन्न। नेपालको हिंसात्मक द्वन्द्वको बारेमा टिप्पणी गर्दै गाल्तुङले एक पटक भनेका थिए, "नेपालको समस्या भनेको एक या दुइ समूहको समस्या होइन। यसलाई त्यो भन्दा परतिर नेपालको सामाजिक बनोट र त्यसबाट आफूलाई बाहिर्याइएको ठानिएका समुदायमा रहेको निराशा र कुण्ठा हो। यसको समाधान पनि सकारात्मक सोचको विकास गरि बृहत्तर सामाजिक र आर्थिक योजनाका साथ गरिनुपर्दछ। "

३. संरचनागत हिंसा र नेपाल

नेपाल आर्थिक र सामाजिक रुपले पिछडिएको विश्वका अत्यन्त कम विकसित मुलुकहरु मध्येको एक हो। बहुजाती, बहुभाषिक, बहुधार्मिक मुलुक भएर पनि गत बर्षको जनआन्दोलन पछि स्थापित सरकारले घोषणा नगरुन्जेल सम्म हाम्रो मुलुक हिन्दुअधिराज्यका रूपमा चिनिन्थ्यो। जसका कारण यहाँका गैरहिन्दु समुदायले आफूलाई सुरक्षित महसुस गर्दैनथे। समाज हिन्दु धर्मको वर्ण व्यवस्थाअनुसार बनेको हुँदा विभेदकारी रहदैआएको छ। विभेदकारी जातीय सामाजिक बनोट भएका कारण तथाकथित तल्लो जातलाई राज्यका विभिन्न निकायमा विगतदेखि समेटिएन। हाम्रो समाजमा हिंसालाई प्रश्रय दिने बिषयहरुमा सामाजिक पछौटेपन, गरिबी, सामाजिक विभेद, जातीय दमन, लैंगिक भेदभाव, शिक्षा स्वास्थ र बसोवासको अभाव बिद्यमान छन्। खासगरि हिन्दुवादी प्रवृत्ति हावी भएका कारण महिलाहरु अझ धेरै समाजिक विभेदबाट ग्रसित हुनपुगेका छन्। यसबाहेक आधुनिक शिक्षा, स्वास्थ जस्ता आधारभुत बिषयहरुको अभावका कारण पुरुषहरु भन्दा महिलाहरु थप मारमा परेका छन्।

हाम्रो मुलुकमा विगतमा भएका परिवर्तनहरु र खासगरि सन् १९५० तथा १९९० मा भएका आन्दोलनहरुले राजनीतिक तहमा राज्यको माथिल्लो ढाँचामा त परिवर्तन ल्याइदिए तर सामाजिक र आर्थिक बनोटमा भने यसले खासै असर गर्न सकेन। जसको कारण राजनीतिक परिवर्तनका बा[illegible] [illegible]ाली समाजमा लामो समयदेखि जकडिएर बसेको सामाजिक, धार्मिक र आर्थिक भेदभावहरुको अन्त्य हुन सकेन। त्यति मात्र होइन विगतका सरकारमा बसेकाहरुले यसको अन्त्यका लागि पहल गरेनन्। सरकारी तथ्यांकअनुसार नेपालको कुल जनसंख्याको ३१ प्रतिशत जनता अहिले पनि गरिबीको रेखामुनी छन्। गैरसरकारी श्रोतको यो तथ्यांक अझमाथी छ भन्ने दावी छ। नेपाली जनताको औसत आयु ६० बर्षभन्दा तल छ भने औसत आय अमेरिकी डलर १६० भन्दा तल रहेको छ। त्यसमा पनि शहर र ग्रामिण क्षेत्रमा यसको अन्तर कैयौं बढी छ। त्यस्तै समाजमा व्याप्त गरिबी, अशिक्षा, कुपोषण, बेरोजगारी, भ्रष्टाचारजस्ता सामाजिक विकृतिहरुले जडा गाडेका छन्।

सन् २००१ को जनगणनाको तथ्यांकअनुसार नेपालमा अहिले पनि घरवारविहीनको संख्या दश लाख रहेको छ। त्यस्तै कूल जनसंख्याको १३ प्रतिशत दलितहरुको छ जो सामाजिक र आर्थिक रूपमा चरम अभाव र शोषणको शिकार भएका छन्। पाँच बर्षमुनिका ६३ प्रतिशत बालबालिका कुपोषणबाट पीडित छन्, जसमध्ये ५० प्रतिशत बालबालिकाको सोही रोगका कारण अकालमा मृत्यु हुनेगरेको छ। त्यसैगरी ५० हजार तीनसय ६५ जनाले घरवारविहीन भएर मुलुकभित्रै शरणार्थीको जीवन बिताउनु परेको छ। शिक्षित र अर्ध शिक्षित वेरोजगारको संख्या क्रमिक रूपमा बढ्दो छ। मानवअधिकार उल्लंघनका घटनाहरुमा क्रमिक रूपमा बृद्धी भैरहेको छ। त्यसमाथी सन् १९९[illegible] देखि नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले हतियारबद्ध आन्दोलन शुरु गरेपछि त मुलुक प्रत्यक्ष हिंसाको बाटोमा धकेलियो। इन्सेक अनलाइनका अनुसार विगत १२ बर्षको दौरानमा द्वन्द्वका कारण करिब १३ हजार तीनसय ४७ जना नेपालीले आफ्नो ज्यान गुमाएका छन्। यसबाहेक हालै खासगरि पूर्वी तराइमा बढ्दो घटनाले नेपाली समाजलाई झनै हिंसात्मक बाटोतर्फ डोऱ्याइरहेको छ। यस किसिमका हिंसात्मक घटनाले नेपाली समाजमा पारेको मानसिक र भावनात्मक असरका बारेमा त कसैले अहिलेसम्म अध्ययन नै

बहुबिवाह रोकियो

रझेना गाविस-४ बर्दहवा निवासी ३२ वर्षीय धनपती थारु तीन बच्चाको आमा हुन। उनले आफ्नो ३५ वर्षीय पति हरिशचन्द्र थारुले सोही गाउँ निवासी २० वर्षीय रामकली थारुसँग दोश्रो विवाह गर्न लागेको थाहा पाइन। धनपति गाउमै संचालन भएको मानवअधिकार सचेतना कक्षामार्फत महिला अधिकार,बहुविवाह गर्दा हुने कानूनी अधिकारको बारेमा सचेत थिइन। आफ्नो पतिको यस्तो अनैतिक कार्यको खुलेर विरोध गर्दै समूह सम्म कुरा पुऱ्याइन्। सो बिषयमा छलफल गर्न कक्षाका सहभागि र समूदायका बुद्धिजिविहरुको ०६३ पुस १७ गते भेला बस्यो। हरिशचन्द्र थारु र रामकली थारुलाई मानवअधिकार,महिला अधिकार र बहुविवाह गर्दा हुने कानूनी कुराहरुको बारेमा बुझाउदै छलफल भयो। दुबैले आ-आफ्नो गल्ती स्वीकार गरी अबदेखि यस्तो काम नगर्ने बचनबद्धता सहित लिखित रूपमा कागज गरे। यसरी समूदायहरु मानवअधिकारप्रति सचेत हुँदा ग्रामिण स्तरमा महिलामाथि हुने अन्याय, शोषण र बहुबिवाहजस्ता कार्य रोकिएका छन्।

गरेको छैन। नेपाली समाजमा व्याप्त चरम गरिबी, सामाजिक पछौटेपन र विभेदकारी वर्ण व्यवस्थाका कारण उत्पन्न हुने घृणा, द्वेष र प्रतिशोधको भावनाले प्रत्यक्ष हिंसाका लागि सहयोग पुऱ्याइरहेको छ। परम्परागत मान्यता र अन्धविश्वासका आधारमा महिलामाथि गरिदैं आएको अन्याय अत्याचार र दमनले गर्दापनि हिँसालाई अझ बढोत्तरी गरिरहेको छ। त्यस्तै एकसयभन्दा वढि जातजाति भएको हाम्रो देशमा जातकै आधारमा भेदभाव गर्ने गरिएको छ। एकातर्फ लामो समयदेखि समाजमा व्याप्त यस किसिमको अवस्था अर्कोतर्फ यसको समाधान हतियारवद्ध राजनीतिबाट हुनसक्छ भन्ने मान्यता बोकेका राजनीतिक शक्तिहरुको कारण नेपाली समाजमा हिंसा फैलाउनका लागि पर्याप्त आधारहरु बनेका हुन्। अहिले मुलुक जसरी प्रत्यक्ष हिंसाको मारबाट गुज्रिरहेको छ, यसका लागि लामो समयदेखि नेपाली समाजमा व्याप्त विभेदकारी संरचनागत अवस्था नै प्रमुख रूपमा जिम्मेवार छ भन्दा अत्युक्ति हुँदैन। हिंसामा विश्वास गर्ने राजनीतिक समूहहरुले त यसमा मलजल मात्र गरिदिएका हुन्। हिंसाको राजनीतिक आधार भनेको त हाम्रो समाजमा विद्यमान भेदभावपूर्ण र शोषणमा आधारित सामाजिक वनोट नै हो। हिंसा फस्टाउनका लागि पनि वर्तमान सामाजिक बनोट र यसले पारिरहेको असर नै प्रमुख पक्ष हो।

हिंसाको राजनीतिक आधार भनेको त हाम्रो समाजमा विद्यमान भेदभावपूर्ण र शोषणमा आधारित सामाजिक वनोट नै हो । हिंसा फस्टाउनका लागि पनि वर्तमान सामाजिक बनोट र यसले पारिरहेको असर नै प्रमुख पक्ष हो । विद्यमान सामाजिक वनोटमा फेरवदल नल्याइ हाम्रो समाजमा स्थायी शान्तिको कल्पना गर्न अर्थहीन हुन्छ ।

विद्यमान सामाजिक वनोटमा फेरवदल नल्याइ हाम्रो समाजमा स्थायी शान्तिको कल्पना गर्न अर्थहीन हुन्छ। आज देखिएको हिंसाको अन्त्य गरेपनि विभेदकारी सामाजिक वनोट रहेसम्म भोली फेरि अर्को समूह वा दलले हतियार नउठाउला भन्न सकिन्न।

४. संरचनागत हिंसा र वर्तमान शान्ति प्रक्रिया

बिगतमा माओवादीले आफ्नो हतियारबद्ध आन्दोलनको विस्तारका लागि बैचारिक अडानहरुको प्रयोग शायदै गरेको पाइयो। माओवादीले नेपाली समाजको विभेदकारी व्यवस्था र त्यसको परिवर्तनको कुरालाई नै जोडदार ढंगले उठाएका थिए र तिनै बिषयहरुका माध्यमबाट आफ्नो आन्दोलनको प्रभाव विस्तार गरेका थिए। त्यस्तै अहिले तराईका हिंसाग्रस्त समूहहरुले पनि आफ्नो समुदाय र क्षेत्रका सामाजिक, आर्थिक र राजनीतिक मुद्दालाईनै आन्दोलनको प्रमुख बिषय बनाइरहेका छन्। नेपालमा हिंसात्मक राजनीतिको शुरुवात र यसको विस्तारका लागि हाम्रो आफ्नै असमानतामा आधारित सामाजिक बनोट नै प्रमुख रूपमा जिम्मेवार छ।

मुलुकमा जारी हिंसात्मक राजनीतिलाई जरैदेखि उखेली भविष्यमा फेरि कुनै समूहले पनि हतियार नउठाओस भन्नका लागि अहिले जारी शान्ति प्रक्रियालाई केवल हतियार बोकेका समूहहरुलाई वार्ताको टेवलमा ल्याई निशस्त्र गरेर मात्र पुग्दैन। यसका लागि आर्थिक, सामाजिक, साँस्कृतिक र राजनीतिक कार्यक्रमसहितको बृहत्तर कार्ययोजना ल्याइनु पर्दछ र त्यसलाई कार्यान्वयन गर्ने राजनीतिक इच्छाशक्ति पनि देखाइनु पर्दछ। नेपाली ग्रामीण समाजमा रहेको पछौटेपन, शोषणकारी व्यवस्था र सामाजिक विभेदलाई समाधान गर्ने पहल नगर्दा सम्म समाजमा स्थायी शान्तिको कल्पना गर्न सकिन्न। यसका लागि नेपालको वर्तमान राज्य प्रणाली र संरचनामा आमुल परिवर्तनको खाँचो छ। यसबाट मात्र हिंसाको राजनीतिलाई नेपाली समाजबाट जरैदेखि उखेलेर फाल्न सकिन्छ। विगत एक बर्षको अनुभवबाट के भन्न सकिने अवस्था उत्पन्न भएको छ भने हिजो जनआन्दोलन अघि र त्यस क्रममा राजनीतिक दलहरूले जे जसरी सामाजिक र राजनीतिक विषयहरुलाई उठाएका थिए अहिले त्यसको कार्यान्वयनमा हिजोको जस्तो तदारुकता भने देखिन्न। त्यस्तै माओवादीतर्फ पनि हिजो हतियार उठाइरहँदा जून जोडदार ढंगले मुलुकको सामाजिक र आर्थिक मागहरूलाई

विश्वका विभिन्न मुलुकहरुमा गरिएका अध्ययनहरुले देखाएका छन् कि आर्थिक अभाव, धनि र गरिब बीचको बढ्दो खाडल, लैङ्गिक विभेद, जातीय भेदभाव, सामाजिक पछौटेपन जाहाँ बढी छ त्यहाँ संगठित हिंसाका सम्भावनाहरु बढी भएका छन् । त्यसैगरि जहाँ मानवअधिकारको चरम उल्लघंन भएका छ र राज्यले सेना र प्रहरीको बलमा जनताको संगठित र शान्तिपूर्ण पहलमाथि दमन गरेको छ ती समाज वा मुलुकहरुका जनता प्रत्यक्ष हिंसाको बाटो समाउन पुगेको तथ्यहरुले बताएका छन् ।

उनीहरुले अगाडि बढाएका थिए अहिले संसद र सरकारमा सहभागि भैसकेपछि उनीहरुका माग र प्राथमिकताका बिषयहरु परिवर्तन भएका छन्। यदी राजनीतिक सात दलहरू र माओवादीले हिजोका आफ्ना भनाइहरु र मान्यतामा तदारुकता देखाउन सकेको भए तराइ आन्दोलनले यो रुप लिन सक्ने थिएन। त्यसै गरि संविधानसभाको निर्वाचनका लागि पनि यस किसिमको अन्योलता रहने थिएन।

फेरि पनि प्रमुख बिषय भनेको वर्तमान शान्ति प्रक्रियाले मुलुकको सामाजिक संरचनामा आमूल परिवर्तन गरि पिछडिएका र दवाइएका जनसमूदायलाई त्यसबाट उन्मुक्ति दिंदै राज्यका हरेक संरचनाहरुमा उनीहरुको सम्मानजनक उपस्थितिलाई सुनिश्चित गराउन सक्नुपर्दछ। यस्तो अवस्थाको सिर्जना गरिदिनु पर्दछ कि भोली नेपाली नागरिक मध्ये कसैले पनि आफूलाई पछाडि पारिएको, आफ्नो उचित प्रतिनिधित्व नभएको अनुभव गर्ननपरोस।

५. संरचनात्मक हिंसा, शान्ति प्रक्रिया र इन्सेकको पहल

मानवअधिकारको प्रत्याभूति र सामाजिक न्यायको क्षेत्रमा काम गर्ने उद्देश्यकासाथ अठार बर्षअघि स्थापित इन्सेकले मानवअधिकारको संरक्षणको साथसाथै समाजमा व्याप्त हिंसा, विभेद, शोषणका विरुद्धको अभियानलाई आफ्नो स्थापनाकालदेखि नै अगाडि बढाउँदै आएको छ। सामाजिक विभेदका विरुद्धको अभियानमा इन्सेकले कतिपय क्षेत्रमा उदाहरणीय काम गरेको छ र त्यसको सकारात्मक परिणाम पनि आएको छ। खासगरि कमैया मुक्ति आन्दोलनको सुरुवात इन्सेकले गरेको थियो जसको परिणाम स्वरुप राज्यले उनीहरुको मुक्तिको घोषणा पनि गरेको छ। त्यसैगरि छुवाछुतका विरुद्ध होस या महिला भेदभावका सवालमा होस इन्सेकले आफ्नो भूमिकालाई निरन्तर उनीहरुको पक्षमा आवाज उठाउन अगाडि बढेको छ।

जब देश हिँसात्मक द्वन्द्वको मारमा गुज्रिरहेको थियो, स्थानीयस्तरमा काम गरिरहेका विभिन्न सरकारी तथा

मुलुकमा जारी हिंसात्मक राजनीतिलाई जरैदेखि उखेली भविष्यमा फेरि कुनै समूहले पनि हतियार नउठाओस भन्नका लागि अहिले जारी शान्ति प्रक्रियालाई केवल हतियार बोकेका समूहहरुलाई वार्ताको टेवलमा ल्याई निशस्त्र गरेर मात्र पुग्दैन । यसका लागि आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक कार्यक्रमसहितको बृहत्तर कार्ययोजना ल्याइनु पर्दछ र त्यसलाई कार्यान्वयन गर्ने राजनीतिक इच्छाशक्ति पनि देखाइनु पर्दछ ।

गैरसरकारी सँस्थाहरु माओवादीको दवावका कारण विस्थापित हुन बाध्य थिए र त्यहाँ मानवअधिकारको उल्लंघन र हनन् व्यापक रूपमा भैरहेको थियो। यस्तो अवस्थामा छ वर्ष अगाडि इन्सेकले सर्वप्रथम जनताका सवाल संकलन गर्न पैतालिस वटा जिल्लाहरूमा आफनो कार्यक्रम लिएर गएको थियो। हिंसात्मक द्वन्द्वको मारमा परेका जनतालाई केहि भएपनि राहतको महसुस गराउनका लागि इन्सेकले शान्तिका लागि अभियान कार्यक्रमको थालनी गरेको छ। आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक अधिकारप्रति आमसमूदायलाई सचेत र सुसूचित गराउँदै दिगो शान्ति स्थापनाको लागि इन्सेकले हाल विभिन्न दातृ संस्थाको सहयोगमा मध्यपश्चिम र सुदूरपश्चिमका एघारवटा जिल्लाहरूमा शान्तिको लागि कार्यक्रम संचालन गरिरहेको छ । सो कार्यक्रमले पीडित पक्षलाई अल्पकालीन र दीर्घकालीन रूपमा सहयोग पनि पुऱ्याएको छ। मानवअधिकार शिक्षा सचेतन कक्षामार्फत होस् वा विभिन्न समूह वा द्वन्द्व पीडितहरूका बीचमा नियमित रूपमा संचालन गरिने अन्तरक्रिया मार्फत होस् इन्सेकले समुदायलाई अधिकारप्रति सचेत गराउँदै आएको छ। पीडितहरुलाई कानूनी सहयोग, मनोसामाजिक उपचार, विस्थापितहरुको पुन:स्थापनाजस्ता क्रियाकलापले समुदायमा बढ्न सक्ने थप हिँसालाई न्यून गर्ने काम गरेको छ।

आन्तरिक सशस्त्र द्वन्द्वको समयमा बोली विहीन भएका स्थानीय जनताहरुको आवाज बुलन्द गर्न सक्षम यस कार्यक्रमले शान्ति स्थापना र मानवअधिकारकालागि जनसहभागिता हुनुपर्ने कुरा प्रष्ट्याएको छ। समाजमा व्याप्त विभिन्न भेदभावहरुलाई निर्मुल पार्न इन्सेकको यस अभियानले सामूदायिक समुहहरु र स्थानीय संगठनहरुको सवलीकरण गर्नुका साथै उनीहरुमा जनवकालत सीपको अभिवृद्धि गरेको छ। त्यसैगरि स्थानीय स्तरमा वैकल्पिक वितरण संयन्त्र र संरचनाहरुको सुदृढीकरणका माध्यमवाट आधारभूत सेवा सुविधाहरुमा जनताको पहुँचमा वृद्धि गर्ने काम पनि गरेको छ। सुन्दर नेपाल निर्माणका लागि आज सम्पूर्ण नेपाली नागरिक समाजले प्रतिबद्ध र एकताबद्ध भएर समाजमा विद्यमान हिँसालाई कम गर्न सरकारलाई दबाब दिनु आवश्यक छ।

सन्दर्भ-सामग्री

१. Kelly, Petra. Fighting for Hope. Chatto and Windus: The Hogarth Press. London: 1984.

२. Gilligan, James. Violence: Reflection on a National Epidemic. Vintage Books. Newyork: 1999.

३. Winter Deborah, Du Nann [illegible] Dana Leighton. Structural Violence Introduction. 1999.

४. Galtung, Johan. Violence, Peace and Peace Research Journal. Journal of Peace Research. 1969

५. उप्रेति, डा. विष्णुराज; द्वन्द्व व्यवस्थापन। भृकुटी एकेडेमिक पब्लिकेशन, काठमाण्डौ: २०६२

६. इन्सेक कार्यक्रम प्रतिवेदन। शान्तिका लागि अभियान कार्यक्रम, इन्सेक

७. www.inseconline.org

८. www.cbs.gov.np

शान्ति स्थापना र आर्थिक, सामाजिक तथा सांस्कृतिक मुद्दा

प्रतिवेदन बैद्य

माओवादीले विगतमा गरिने धम्किपूर्ण व्यवहार त्याग्नसकेको छैन् । शोषक, सामन्त वा राजावादी भएको निहुँमा जनताका कब्जा गरिएको सम्पत्ति हालसम्म पनि फिर्ता भएको छैन । बिगतमा बन्दुक देखाउँदै धम्काउने माओवादी कार्यकर्ताहरु हाल आफूहरुसँग हतियार अझै रहेको र जुनसुकै बेला जङ्गल फर्कनसक्ने भन्दै जनतालाई तर्साइरहेका छन् ।

माओवादी राजनीतिको मूलधारमा प्रवेश भएपछि देश शान्तिको बाटोमा अगाडि बढेपनि असमानता तथा सामाजिक बिभेदका कारण यतिखेर देश पुन: अर्को द्वन्द्वतर्फ धकेलिने त हैन भन्ने सवाल टड्कारो बनेको छ। जनआन्दोलन ०६२/६३ को सफलतापश्चात शसस्त्र द्वन्द्वको अन्तभै देश शान्ति तथा अग्रगमनको बाटोमा अग्रसर भएपनि आमनागरिकले भने परिवर्तनको अनुभूति गर्न सकेका छैनन्। दुईवटा बन्दुकको चेपुवामा परेर कतिबेला ज्यान जाने हो भन्ने त्रासबाट मुक्त हुनुबाहेक आमनागरिकको जीवनमा कुनै फरक देखिएको छैन। जनआन्दोलनको क्रममा राजनीतिक दलका नेताहरुले जनतासामु जुन प्रतिबद्धता व्यक्त गरेका थिए, त्यो पुरा गर्नु त परै जाओस जनताले आफ्ना सामान्य मागहरुको सुनुवाइको लागिसमेत संघर्ष गर्नुपर्ने अवस्था सिर्जना भएको छ। माओवादीले विगतमा गरिने धम्किपूर्ण व्यवहार त्याग्नसकेको छैन्। शोषक, सामन्त वा राजावादी भएको निहुँमा जनताका कब्जा गरिएको सम्पत्ति हालसम्म पनि फिर्ता भएको छैन। बिगतमा बन्दुक देखाउँदै धम्काउने माओवादी कार्यकर्ताहरु हाल आफूहरुसँग हतियार अझै रहेको र जुनसुकै बेला जङ्गल फर्कनसक्ने भन्दै जनतालाई तर्साइरहेका छन्।

जेठमा गर्ने भनिएको संविधानसभाको निर्वाचन मंसिरका लागि सारिएपनि हालसम्म आठदलीय गठबन्धनको सरकार सत्ताको भागबण्डामा मात्र व्यस्त देखिएको छ। जनआन्दोलन ०६२/६३ को सफलतापश्चात एक बर्षमा सरकारले जनतालाई प्रत्यक्ष राहत दिनेखालका कुनै कार्यक्रम ल्याउन सकेन। माओवादी सरकारमा संलग्न भैसकेपछिपनि उसले अझै बिद्रोही व्यवहार त्याग्न सकेको छैन। हालसम्म मध्यपश्चिम विकासक्षेत्रमा मात्रै चालिस जनाभन्दा बढि व्यक्तिहरु माओवादीको कब्जामा रहेका छन् भने माओवादीले वाइसीएलको नाममा जारी राखेको आतंक कायमै छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्वन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्रले सबै नागरिकलाई भोकबाट मुक्त हुने अधिकार, जिविकोपार्जनको लागि काम गर्नपाउने अधिकार, काम गर्नको लागि उपयुक्त वातावरणको अधिकार, सम्पत्ति माथिको अधिकार तथा राष्ट्रको सम्पत्तिको उपभोग गर्न पाउनेलगायतका अधिकारहरुको प्रत्याभूति गरेपनि आम नेपालीका लागि यी सबै अधिकारहरु केवल आकासको फल आँखा तरी मर सरह बनेका छन्। एकातर्फ देशमा गरीबिको संख्या बढदै गएको छ भने अर्कोतर्फ धनि र गरीब बिचको खाडलसमेत बढिरहेको छ। गरीबि र खाद्यान्न अभावका कारण कर्णाली अञ्चलमा खान नहुने चामल नष्ट गर्न नदिई खाँदा असार महिनाको दोश्रो हप्ता केहि मानिसले ज्यान गुमाउनु पुग्यो। सबै नागरिकले राष्ट्रको सम्पत्तिको समान उपभोग गर्न पाउनुपर्छ भन्ने मान्यताका साथ देशलाई संघीय संरचनामा लैजानुपर्छ भन्ने कुरामा सबै दल सहमत भएपनि संघीयताको प्रारुप कस्तो हुने भन्ने बिषयमा हालसम्म निर्णय भैसकेको छैन। शान्तिपूर्ण राजनीतिक मूलधारमा आइसकेपछिसमेत माओवादीद्वारा बिगतमा कब्जामा लिइएका सम्पत्ति फिर्ता नगर्ने र अरुबढी सम्पत्ति कब्जा गर्ने कार्यले सो महासन्धिमा उल्लेख भएअनुसारको सम्पत्तिमाथिको अधिकारसमेत हनन भएको छ। उक्त अन्तराष्ट्रिय प्रतिज्ञापत्रमा सामाजिक

सामाजिक सुरक्षाको लागि राज्यको सबै संयन्त्रमा सबै जातजाति, क्षेत्र, लिङ्गका मानिसहरुको समान प्रतिनिधित्व हुनुपर्दछ, तर हालसम्म नेपालको सन्दर्भमा यसो हुनसकेको छैन ।

अधिकारअर्न्तगत समान कामका लागि महिला, पुरुषमा भेदभाव गर्न नहुने अधिकार, समाजमा जातीय समानताको अधिकार, सामाजिक सुरक्षाको अधिकार, स्वास्थ्य, सुरक्षा, बिरामी हुँदा सुविधा आदि पाउने अधिकारलगायतका अधिकारहरु उल्लेख गरिएपनि ती अधिकारहरुको अवस्थासमेत सन्तोषजनक रहेको छैन।

नेपालको अन्तरिम संबिधानले वातावरण तथा स्वास्थ्यसम्बन्धी हकः, शिक्षा तथा संस्कृतिसम्बन्धी हक र रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हकलाई मौलिक हकको रूपमा व्यवस्था गर्न खोजेपनि ति हकहरुलाई कानूनमा व्यवस्था गरेअनुरुप हुनेछ भनेर केवल कानूनी हकको रूपमा मात्र व्यवस्था गरेको छ जुन पालना गर्नको लागि राष्ट्र बाध्य छैन। सामाजिक सुरक्षाको लागि राज्यको सबै संयन्त्रमा सबै जातजाति, क्षेत्र, लिङ्गका मानिसहरुको समान प्रतिनिधित्व हुनुपर्दछ तर हालसम्म नेपालको सन्दर्भमा यसो हुनसकेको छैन। अहिले अन्तरिम संसद, अन्तरिम सरकारलगायतका हरेक संरचनामा यसो हुन सकेको छैन जसले गर्दा हाम्रा राजनीतिक दलहरुले अझैपनि पुरानो मानसिकता छोड्न नसकेका हुन कि भन्ने प्रश्न टडकारो बनेको छ। हाल आएर संविधानसभाको निर्वाचनमा समानूपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने २ सय ४० जनामध्ये कूल प्रतिस्पर्धीको पचास प्रतिशत महिला उम्मेदवार हुनुपर्ने व्यवस्था गरिएको छ। यसकासाथै मधेसी महिला र पुरुषको लागि क्रमस १५.६ प्रतिशत, दलित महिला र पुरुषको लागि क्रमस ६.५ प्रतिशत, आदिवासी, जनजाती महिला र पुरुषका लागि क्रमस १८.९ प्रतिशत र पिछडिएका समुदायका महिला र पुरुषका लागि क्रमस दुइ प्रतिशत सिट आरक्षण गरिएको छ। त्यसैगरी अन्य समूदायका महिला तथा पुरुषका लागि १५.१ प्रतिशत सिट छुट्टाइएको छ। यदि यो प्रावधानअनुसार राजनीतिक दलहरुले निर्धारित मितिमा संविधानसभाको निर्वाचन गर्न सकेभने यो संविधानसभा समावेशी बन्नेछ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्वन्धि अन्तराष्ट्रिय प्रतिज्ञापत्रमा उल्लेख गरिएको सांस्कृतिक अधिकारकाअनुसार सांस्कृतिक अधिकारअर्न्तगत सांस्कृतिक जीवनमा सहभागि हुन पाउने अधिकार, आ-आफ्नो परम्परा, रीतिथिति, चालचलन र बिभिन्न संस्कारहरु सम्पादन गर्न पाउने अधिकार, कलाको आनन्द लिने तथा बिज्ञानको क्षेत्रमा भएका प्रगति र यसक्षेत्रबाट भएको फाइदामा सहभागि हुन पाउने अधिकार, आफुलाई मनपरेको धर्म मान्नपाउने अधिकारलगायतका अधिकारहरु रहेका छन्। हालै नेपालले नेपाललाई हिन्दु अधिराज्यबाट धर्म निरपेक्ष राज्यको रूपमा परिणत गरेपछि सबै धर्मले समान रूपमा फस्टाउने मौका पाउनुका साथै व्यक्तिलेसमेत आफुलाई मनपरेको धर्म रोज्ने स्वतन्त्रता प्राप्त गरेका छन्। हाल अल्पसंख्यकको सांस्कृतिक पहिचानको कुरा मुख्य रुपले उठिरहेको छ र यसमा सबै राजनीतिक दलहरुलेसमेत प्रतिबद्धता व्यक्त गरिसकेका छन्। अहिले देश संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेकोले सबै बर्ग र समुदायका मागहरु एकैपटक पुरा गर्न सम्भव छैन। समावेशी संविधानसभाको निर्माणमार्फत यी सबै मागहरूलाई सम्बोधन गरिनुपर्दछ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरु अत्यन्त महत्वपूर्ण अधिकारहरु हुन्। नागरिकहरुले यी अधिकारहरुबाट बञ्चित भएको महसुस गरेभने सधैभरी त्यँहा बिद्रोहको सम्भावना रहन्छ। देशमा लोकतन्त्रको स्थापनापश्चातसमेत राज्य नागरिकका यी अधिकारहरुको सुनिश्चितता गर्ने कार्यमा प्रतिबद्ध हुनुको साटो केवल राजनीतिक भागबण्डामा सिमित हुनुले देशमा अर्को द्वन्द्वले जन्म लिने त हैन भन्ने डर अहिले कायमै रहेको छ। हाल तराई क्षेत्रमा जुन किसिमको बिद्रोहको लहर देखिएको छ, त्यसको प्रमुख कारणसमेत देशमा व्याप्त गरीबि तथा साधनको समानूपातिक बितरणको समस्या हो भन्दा अत्युक्ति नहोला। माओवादीले जनयुद्ध शुरु गर्नुभन्दा अगाडि तत्कालिन सरकारसमक्ष प्रस्तुत गरेका ४० सुत्रीय मागहरुमध्ये अधिकांस मागहरु आर्थिक, सामाजिक तथा सांस्कृतिक मुद्दाहरु नै थिए। यद्यपी ती मागलाई राज्यले बेबास्ता गर्दा देशले दश बर्ष लामो द्वन्द्वका कारण यति ठूलो क्षति व्यहोर्नुपरेको तितो इतिहास हामीसामु ताजा रहेको छ। देशलाई शान्ति र स्थायित्वको बाटोमा अगाडि बढाउन यी कुराहरुमा सचेत हुनु जरुरी छ।

सुन्न नभुलौं

मानवअधिकारका विविध सवालहरू समेटिएको

मानवअधिकार शिक्षा कार्यक्रम

हरेक शनिबार बिहान ७:३० देखि ७:४५ बजेसम्म रेडियो नेपालका साथै

सप्तकोशी एफ. एम., इटहरी, रेडियो जनकपुर जनकपुरधाम, नारायणी एफ. एम., वीरगञ्ज, रेडियो प्रतिध्वनि एफ. एम., दामन, पोखरा एफ. एम., पोखरा, रेडियो लुम्बिनी, बुटवल, रेडियो मध्यपश्चिम, घोराही दाङ, बुलबुले एफ. एम., वीरेन्द्रनगर सुर्खेत, उज्यालो एफ. एम. ९०, काठमाडौं, घोडाघोडी एफ. एम. कैलाली, रेडियो मदनपोखरा एफ. एम., पाल्पा, रेडियो स्वर्गद्वारी एफ. एम. घोराही दाङमा

हरेक आइतबार बिहान ७:30 देखि ८:00 बजेसम्म

प्रशारण हुँदैछ ।

शान्ति स्थापनाका चुनौती

ऋषिकेश पाण्डे

१. पृष्ठभूमि

शान्तिप्रतिको जनताको बुझाई विस्तारै प्रत्यक्ष हिंसा र युद्धको अनुपस्थिति वा नकारात्मक शान्तिवाट परिस्कृत हुदै सबै प्रकारका विभेदको अन्त्यसहित सबै प्रकारका मानवअधिकार सबैका लागि र संधैका लागि सुनिश्चित भएको अवस्था हो भन्ने तहमा पुगिसकेको छ। हुनपनि सकारात्मक शान्ति वा पूर्ण शान्ति भनेको अमूर्त र गहन अवधारण हो। सकारात्मक शान्ति प्राप्त हुनेमा स्वयम् शान्ति कार्यकर्ता शंका गर्दछन् र भन्दछन कि वास्तविक सकारात्मक शान्ति सायदै सम्भव छ। यस परिपेक्षमा जव सकारात्मक शान्ति प्राप्त हुदैन भन्ने स्पष्ट छ भने यसको चर्चा र आशा किन भन्ने प्रश्न स्वभावैले उठ्नसक्छ। तर हामी सकारात्मक शान्तितर्फ पर्याप्त पहल गर्नसक्छौ, जसले नकारात्मक शान्तिको समयमा भएका अधिकांश अहिंसात्मक द्वन्द्वको समाधान गर्दै वर्तमानमा भन्दा राम्रो अवस्थाको निर्माण गर्दछ। अत: हामीले आजको युग सुहाउदो सकारात्मक शान्तिको वारेमा सोच्नु आवश्यक छ। सकारात्मक शान्तिले हरेक नागरिकको सुरक्षा, पहिचान, सहभागिता, स्वीकार्यता र पहुँचको सुनिश्चितता गर्दछ। यी तत्वहरुको सुनिश्चितता कल्याणकारी राज्य व्यवस्थामा मात्र सम्भव हुने हुँदा विश्वका कल्याणकारी राज्य व्यवस्था भएका स्केन्डेनेभियन देशहरु, (नर्वे, स्विडेन, डेनमार्क, फिनल्याण्ड), क्यानडा, न्युजील्यण्ड जस्ता देश जहाँ मानव गरिमाको उच्च सम्मान हुन्छ आजको युगको सकारात्मक शान्तिको उदाहरणको रूपमा लिन सकिन्छ। त्यसैले नेपालमा शान्ति स्थापनाको लागि सरोकारवालाहरुको ध्यान कल्याणकारी राज्य व्यवस्थाको स्थापनातर्फ जानु आवश्यक देखिन्छ।

नेपाली जनताले चाहेको सकारात्मक शान्तिको स्थापनाको लागि मानवअधिकारको संरक्षण तथा संवर्द्धन, विकास र सेवा सुविधामा सबैको समान पहुँच, सबैखाले भेदभावको अन्त्य, जिम्मेवार नागरिक प्रशासनिक संयन्त्र तथा सुशासन र कानूनी राज्य स्थापनालाई पूर्वसर्तको रूपमा लिन सकिन्छ। यसका अतिरिक्त भर्खर शसस्त्र द्वन्द्ववाट शान्ति प्रक्रियातर्फ लागेको नेपालमा शान्ति स्थापना गर्नकोलागि विगतको विद्रोही शक्ति नेकपा माओवादी शान्तिपूर्ण राजनीतिमा प्रवेश गरी बृहत शान्ति सम्झौतामा हस्ताक्षर गरी व्यवस्थापिका-संसद र सरकारमासमेत सहभागि भैसकेको परिपेक्षमा द्वन्द्वपछिको पुन:स्थापना, पुनर्निर्माण तथा पुन:मिलन र नेपाली सेना तथा माओवादी जनसेनाको समायोजनकोसमेत अहम् भूमिका हुने कुरालाई स्वीकार्नु आवश्यक छ।

२. शान्ति स्थापना:अवधारणा र अभ्यास

वास्तवमा अंग्रेजी भाषामा प्रयोग हुने पिस मेकिङ, पिस किपिङ र पिस विल्डिङ शब्दका आ-आफ्नै अर्थ छन्। पिस मेकिङ भन्नाले द्वन्द्वरत पक्षलाई राजनीतिक तथा सैन्य माध्यमवाट हस्तक्षेप गरी वैरभाव समाप्त गर्ने र संझौतामा पुग्ने अर्थलाई जनाउदछ भने पिस किपिङ शब्दले सम्झौता पालना गराउन आवश्यकताअनुसार अनुगमन र वल वा शक्तिको प्रयोग गर्ने भन्ने जनाउछ। जसरी भएपनि सम्झौता कायम राख्ने काम सुनिश्चित गर्नु पिस किपिङ हो, जसमा विश्वासको वातावरण निर्माण तथा विभिन्न पक्षले गरेका कृयाकलापको निरिक्षणसमेत गरिन्छ। यी दुवैभन्दा भिन्न रूपमा पिस विल्डिङ शब्दलाई बुझ्नु आवश्यक हुन्छ। पिस विल्डिङ वास्तवमा सकारात्मक शान्तितर्फको पहिलो खुट्किला हो। पिस विल्डिङमा विगतका विवादको कारणहरु र पिर मर्काहरुको खोजी र समाधान गर्ने कार्यक्रमहरु बनाई लामोसमयसम्म निरंतर चलिरहन्छ। यसरी हेर्दा नेपालको शान्ति प्रक्रिया अझै पिस विल्डिङको स्तरमा नपुगेको तथ्य स्पष्ट हुन्छ किनकि हालसम्म नेपाली द्वन्द्वको जरा खोज्नेकार्य भएको छैन र प्रभावकारी रूपमा द्वन्द्वका कारणहरुको समाधान गर्ने कार्यक्रमहरु बनिसकेका छैनन्। हालसम्म पनि हामी सम्झौता पालना र एकअर्कोप्रति विश्वासको वातावरण वनाउनमा नै सक्रीय रहेको र सम्झौताहरु राजनीतिक तहमा र शक्ति वाडफाँडमा अल्झिएको अवस्थामा हामीले अझै पनि पिस किपिङकै लागि प्रयत्न गरिरहेका छौं भन्ने स्पष्ट हुन्छ। यदि शान्तिपूर्ण रूपमा सबै नेपालीको साझा प्रयासले आसन्न संविधानसभाको निर्वाचनलाई ऐतिहासिक रूपमा सफल पार्न सक्यौ भने त्यसपछि द्वन्द्वका कारणहरु केलाउदै द्वन्द्वका हरेक कारणको समाधानका उपायसहितका कार्यक्रमहरु तयार गरी लागु गर्न सुरुवात गरेपछि हामी शान्ति स्थापनातर्फ अगाडी बढ्ने छौं।

३. नेपालमा शान्ति स्थापनाका चुनौती

भर्खरै शसस्त्र द्वन्द्ववाट छुटकारा पाएको नेपालमा शान्ति स्थापनाका अनेकौं चुनौतीहरु छन्। सामन्ती संस्कारबाट विस्तारै परिस्कृत र रुपान्तरित हुदैगएको नेपाली समाज अझै पनि अर्ध सामन्ती नै छ। यस्तो अवस्थामा स्व-पहिचान र स्वीकार्यता जस्ता तत्वले अझै ठाउँ पाईरहेका छैनन् भने ती तत्वहरुको अभावमा सहभागीता र पहुँचमा प्रत्यक्षरूपमा नकारात्मक असर परेको छ। त्यतिमात्र होईन विभिन्न गुट-उपगुटले अज्ञात समूहकै रूपमा समय समयमा हिंसा मच्चाई समाजलाई त्रसित वनाई राखेका छन्। अहिलेपनि राजनीतिक आठै दलहरु तथा सरकारसमेत राजतन्त्र जिवितै रहेको स्वीकार गर्दै राजतन्त्रलाई सम्मान दिन पछि हटेका छैनन्। जुन कुरा ज्ञानेन्द्र शाहले संविधानमा नभए पनि राष्ट्र प्रमुखको रूपमा फागुन ७ गतेको भाषण, नयाँ वर्षको विज्ञप्तिहुँदै आफ्नो जन्मदिनको तामझाम गर्दा सजाय गर्नुको वदला सरकारले जनतालाई झुक्याएर राज्यको ढुकुटीवाट खर्च दिई पाल्ने काम गरेवाट स्पष्ट हुन्छ। त्यति मात्र होईन जनआन्दोलन

०६२/६३ को जनदमनका प्रमुख दोषी भएपनि तत्कालीन मन्त्रिपरिषद अध्यक्षलाई कारबाही नगर्ने सरकारको मनसायले पनि राजतन्त्र अझै जीवित रहेको र नेताहरुसमेत यसलाई जीवितै राख्न चाहन्छन भन्ने तथ्यलाई स्पष्ट पार्दछ।

नेपालमा शान्ति स्थापनाको लागि सरकार तथा राजनीतिक दलसँग स्पष्ट कार्यदिशा तथा योजना छैन। कुनै कुराको पनि योजना नवनाई अगाडी बढ्दा दलहरू स्वछन्द भएका छन्। आफ्नै निर्णयहरु र भनाईहरु पटक पटक काट्न खप्पिस राजनीतिक आठ दल र माओवादी नेतृत्वको निर्देशनलाई वेवास्ता गर्ने कतिपय माओवादी कार्यकर्ता तथा शसस्त्र द्वन्द्वको समयमा जस्तै शसस्त्र द्वन्द्वको धङधङी रहेको योङ कम्युनिष्ट लिगको व्यवहारमा रुपान्तरण नआए शान्ति स्थापना हुन सक्तैन। यसैगरी माओवादी जनमुक्ति सेनाको सेना तथा हतियार प्रमाणिकरणको समस्या त्यत्तिकै जरजर अवस्थामा रहेको छ। अर्कोतर्फ माओवादीले कुनैपनि कार्यकर्ताले अपराध गर्दा पार्टी छाडेको वा पार्टीले निश्कासन गरेको व्यक्ति भन्ने जस्ता गैरजिम्मेवार जवाफ दिने गर्नुले पनि शान्ति स्थापनामा चुनौती थपेको छ। माओवादीलगायतका सत्तासीन दलहरु मात्र होईन सम्पूर्ण राजनीतिक दल, जातीय, भाषिक, क्षेत्रीय समूदाय, धार्मिक समूदाय, लिङ्ग, वर्ग, सबैले जवसम्म कुनै पनि अपराधीलाई अपराधीको रूपमा नभै अन्य कुनै पहिचान जस्तो पार्टी, जात, भाषा, क्षेत्र, धर्म, लिङ्ग, वर्गको रूपमा प्रस्तुत गर्दछ तवसम्म शान्ति स्थापना हुन सक्तैन। यसै गरी जातीय, धार्मिक, क्षेत्रीय, भाषिक तथा साँस्कृतिक रूपमा विविधताले भरिएको नेपालमा सबैले आफ्नो अधिकार खोज्ने क्रममा आफ्नो कर्तव्य विर्सने हो भने वा अर्काको अधिकार हनन गर्नेहो भने नेपालमा शान्ति स्थापना हुन सक्तैन। मधेशले अधिकार खोज्दा मधेशमै वस्ने पहाडी मुलका नागरिकको अधिकार प्रति वेवास्ता गरिनु, सबै धर्मलाई समान महत्व दिन धर्मनिरपेक्ष राज्य घोषणा गरिदा हिन्दु राष्ट्रनै बन्नुपर्छ भनि विविध खाले आन्दोलन गर्नु, पटक पटक वार्ताको आह्वान गर्दा व्यक्ति विषेशको राजिनामालाई वार्ताको पूर्वसर्त वनाउनु, तथा सरकार भित्रवांट पनि व्यक्तिगत रूपमा धम्किको भाषामा भनाई आउनु नेपालमा शान्ति स्थापनामा देखिएका चुनौती हुन। मधेश, जनजाती, आदीवासी, चुरेभावर, तथा कर्णालीका अर्थपूर्ण माग र सवाललाई वार्तावाट सम्बोधन गर्नकोलागि सरकारले निर्दिष्ट कार्यक्रम बनाउदै नेपाललाई हालैमात्र सार्वजनिक भएको राष्ट्रगानले परिकल्पना गरेको एउटा मालामा उन्ने प्रयास गर्न सकिएन भने नेपालको विविधता सम्पत्ति र अवसर नभै अफाप सावित हुन सक्छ।

शान्ति स्थापनाका चुनौतीको विश्लेषण गर्दा छुटाउनै नहुने तत्व भनेको नेपाली सेना, माओवादी जनसेना, सुरक्षा निकाय को मनस्थिति तथा विद्यमान हतियार र युद्ध संस्कृति हो। वास्तवमा पुरानो राज्यसत्तामा हुर्किएको राष्ट्रको सेना रुपान्तरणमा जति कठिनाई छ त्यसभन्दा वढी कठीनाई विशिष्ट राजनीतिक विचारधारावाट प्रेरित भई विद्रोहकोलागि लडेका जनमुक्ति सेनाको रुपान्तरणमा छ। ससाना मनमुटावमा मानवीय जीवननै समाप्त पार्ने उत्तेजनावाट समाजलाई वचाउन हतियारको सहज उपलब्धताले प्रतिकूल असर पार्छ। यसको साथसाथै सवै प्रकारका माग पुरा गराउने माध्यम बन्द, हडताल, तोडफोड र आगजनी जस्ता उत्तेजनात्मक कार्यवाट राज्यलाई प्रभावमा पार्न खोज्ने सस्कृतिले अशक्त र अल्पसंख्यकको सवाल राज्य तथा अन्य निकायले नसुन्ने परिपाटीसमेत मौलाउदै गएको छ। यस सन्दर्भमा नेपाली सेना, माओवादी जनसेना तथा सुरक्षा निकायको मनोबल र विद्यमान हतियार तथा युद्ध संस्कृतिलाई शान्ति स्थापनाको चुनौतिको रूपमा हेर्नु आवश्यक हुन्छ।

४. निष्कर्ष

एक दशकभन्दा लामो सशस्त्र द्वन्द्वको पृष्ठभूमिमा शान्ति स्थापना एउटा जटील र चुनौतीपूर्ण कार्य हो। राजनीतिक सातदल र नेकपा माओवादीवीच भएको १२ बुँदे सम्झौतावाट शुरु भएको शान्ति प्रक्रिया जनआन्दोलन ०६२/६३, नेपाल सरकारको स्थापना, व्यवस्थापिका-संसदको स्थापना, बृहत शान्ति सम्झौता र आठदलको संयुक्त सरकारको स्थापनासँगै नेपाल शान्ति स्थापनाको बाटोमा अग्रसर भएपनि नकारात्मक शान्तिलाई सकारात्मक शान्तितर्फ रुपान्तरण गर्ने पहल तदारुकताका साथ भैरहेको छैन। बरु तराईमा चर्केको आन्दोलनले देश फेरी सशस्त्र द्वन्द्वको चपेटामा पर्नसक्ने सम्भावना देखाउछ। सकरात्मक शान्तितर्फ लम्कने क्रममा सवै नागरिकको सुरक्षा, पहिचान, सहभागिता, स्वीकार्यता र पहुँचको सुनिश्चितता राज्यले गर्न नसकिरहेको अवस्थामा यस्ता विशिष्ट तत्वको सुनिश्चितताको लागि कल्याणकारी राज्य व्यवस्थामार्फत वास्तविक लोकतान्त्रिक शासन व्यवस्थाको प्रारम्भ गर्नु नेपालको हालको आवश्यकता हो। मानवअधिकारको सुनिश्चितता, सुशासन, कानूनी राज्य, भेदभावको अन्त्यजस्ता विषयले द्वन्द्वलाई शान्तिमा रूपान्तरण गर्न सहयोग गर्नेभए पनि नेपालमा शान्ति स्थापनाका पछाडी थुप्रै चुनौतीहरु रहेका छन्। ती चुनौतीहरुसँग जुध्न हालको सरकार, राजनीतिक आठदल, नागरिक समाज, जनता र अधिकारकर्मीहरुको सयुक्त प्रयासविना सम्भव छैन।

सन्दर्भ सामग्री

१. उप्रेती , विष्णु राज; द्वन्द्व व्यवस्थापनका सिद्धान्त र विधिहरु: एक परिचय, इनेब्लिङ स्टेट प्रोग्राम, काठमाण्डौं: २०६०।

२. Barash D.P. Introduction Approaches to Peace: A Reader in Peace Studies, Oxford University Press, New York: 2000

३. Boyce, J. K. Adjustment towards Peace: An introduction World Development Vol. 23, No 12. 1995.

४. Galtung J. Conflict Transformation by Peaceful Means: The Transcend Method, UN, DMTP: 2000.

शान्ति प्रक्रियाले सम्बोधन गर्न नसकेका स्थानीय मुद्दाहरू

विष्णुप्रसाद पोखेल

सुर्खेत जिल्ला छिन्चु गाविस-१ स्थित बबई खोलाको किनारमा रहेको गेरुवानी गाउँका १९ वर्षीय दोर्णवहादुर परियारले आफ्नै छिमेकी छविलाल परियारको पुन:निर्माण हुँदै गरेको घरमा दिनकै समयमा देखादेखी आगो लगाई दिए। दोर्णलाई प्रहरीले गिरफ्तार गरेपनि बीच वाटोवाटै गाउँलेहरु आएर उनलाई प्रहरीको कब्जावाट छुटाए। छबिलाल द्वन्द्वकै क्रममा ०५८ सालमा उक्त गाउँबाट विस्थापित भएर बाँकेको कोहलपुर बस्दै आएका थिए। उनले ०६४ बैसाख १६ गते मात्र गाउँ फर्केर भत्किएको आफ्नो घर मर्मत गर्न लगाए। यसपछि उनी गाउँ फर्कन सकेनन। उनी हाल कोहलपुरमा बस्दै आएका छन्।

०५९ साल असोज १२ गते राती १२ देखी १ वजेको समयमा तत्कालीन शाही बर्दीया राष्ट्रिय निकुञ्जको सुरक्षार्थ खटिएको भिमपाली गुल्मको चिसापानी पोष्टका चारवटा गाडीमा सर्चमा आएका सेनाले गेरुवानी निवासी २८ वर्षीय गंगाराम ओली, १९ वर्षीय दुर्गाबहादुर ओली र २५ वर्षीय दलबीर परियारलाई घरमा सुतिरहेको बेला गिरफ्तार गऱ्यो। उनीहरुका परिवार हालसम्म त्यसवारे बेखबर छन्। घटनाको भोलीपल्ट रेडियो नेपालको समाचारवाट उक्त गाउँको नजिक पर्ने जंगलमा तीन जना आतंककारीहरु मारिए भन्ने कुरा थाहा पाए, तर को कहाँ मारिएको हो भन्ने केही पत्ता लागेन। ५५ वर्षीय देउराम ओली देशमा लोकतन्त्र आयो भन्ने सुनेर कयौंपटक विभिन्न अधिकारवादी संघ संस्थाहरुसँग आफ्ना दुई छोराहरुको खोजी गरिदिन अनुरोध गर्न पुगीसके, तर कहिकतैवाट पनि उनले आफ्ना छोराहरुको खबर हालसम्म पाउन सकेका छैनन्।

दोर्णवहादुर परियार पनि बेपत्ता पारिएका दलबीर परियारका सहोदर भाई हुन। मानवअधिकारकर्मिहरुको एक टोली उक्त गाउँ पुग्दाखेरि कहिकतैवाट पनि न्याय नपाएको हुनाले न्याय पाइन्छकी भनेर आफुले छबिलालको घरमा आगो लगाईदिएको उनले बताए। छबिलालका दुई जना छोराहरु शसस्त्र प्रहरी र जनपथ प्रहरीमा जागिरे थिए। उनीहरुनै गाउँका

निर्दोष तीनजना युवाहरुलाई बेपत्ता पार्नमा संलग्न भएको भन्ने कुरामा सम्पूर्ण गेरुवानीवासी सहमत छन्। हुम्लावाट ०५८ सालमा सुर्खेतमा विस्थापित जीवन बिताउँदै आएका मनुसिं बुढाले आफुलाई घर फर्काईदिन कुन अधिकारवादीलाई गुहारेनन? बल्लतल्ल जिल्ला प्रशासन कार्यालयले दिएको पाँच हजार रूपैया वाटो खर्च पाउने सुर्खेत जिल्ला बाहिरका उनी एक्ला आन्तरिक विस्थापित हुन। यो रकम बुझेदेखि उनी सुर्खेतमा देखिएका छैनन्। उनको छोरालाई माओवादीले जिउँदै खाडलमा हालेर पुरेपछि उनी विस्थापित जीवन बिताउँदै आएका थिए।

बिद्यापुर गाविस-४ सुर्खेतका ताराप्रसाद पौडेका बावुलाई २०५९ बैसाखमा सुराकी गरेको आरोपमा माओवादीले मारेका थिए। ताराप्रसादलाई आफ्नो वावुलाई मार्ने माओवादी कार्यकर्ताको राम्रो जान पहिचान छ। उनी अहिले माओवादीसँग आफ्नो बावुले गरेको सुराकीको प्रमाण मागिरहेका छन्। उनी राज्यवाट क्षतिपूर्ति र दोषीउपर कारबाही हुने अपेक्षामा छन्। ०५८ माघ २१ गते सेनाले साटाखानी गाविस-४ वाट समातेर लगेका मानवहादुर दर्लामी हालसम्म पनि बेपत्ता छन्। आफ्ना दुई वालवच्चा स्याहार्दै अमृता दर्लामी अहिले आफ्नो पतिको खोजी गर्न रातदिन बिभिन्न निकायमा धाइरहेकी छन्। उनले जिल्ला प्रशासन कार्यालयमा आफ्नो पतिको खोजी गरिदिन गरेको निवेदनको कुनै सुनुवाई नभएको उनको गुनासो छ। लेखगाउँ गाविस-६ का नैनसिं पुलामीलाई खेतमा कामगरेर फर्कदै गर्दा माओवादी कार्यकर्तासँग भएको बैचारिक वहसकै क्रममा विवाद भएपछि ढुङ्गाले किचेर उनका दुई खुट्टा भाँचिदिए। पछि उपचारका क्रममा दाईने खुट्टा काट्न पर्यो। उनी त्यसपछि आफ्नो घर फर्केका छैनन। उनी भन्छन छ जना मलाई पिट्ने मान्छे मैले पनि चिनेको छु।

यी केही स्थानीय प्रतिनिधिमुलक घटनाहरु मात्रै हुन। सुर्खेत जिल्लामा जुम्लाबाट विस्थापित भएकाहरु बाहेक अन्य जिल्लावाट विस्थापित भएकाहरु पनि घर फर्कन नसक्नेहरुको संख्या ठूलै छ। जसलाई लोकतन्त्रको यो अवधिसम्मले खाशै सम्बोधन गरेको छैन। बाह्र वर्षसम्म चलेको शसस्त्र द्वन्द्वको विधिवत अन्त्य त भयो तर लोकतन्त्रको स्थापनाको एक वर्ष बितिसक्दा पनि सशस्त्र द्वन्द्वले सिर्जना गरेका स्थानीय समस्याहरुलाई राज्यले सम्बोधन गर्नेतिर ध्यान दिएन। यसले पुनः हिंसाको वातावरण सिर्जना गरिरहेको छ। लोकतन्त्रको स्थापनापश्चात सबै द्वन्द्व पीडितले न्याय पाउने आशा गरेका थिए। यो बिचमा धेरैले मानवअधिकारवादी संघ संस्थाहरुको सहयोग र सुझावमा जिल्ला प्रशासनमा आ-आफ्ना उजुरी दर्ता गरेका भएपनि केन्द्रीय तहबाटै सबैकुराको छानबीन गर्ने आधिकारिक निकायको गठन नभएसम्म एक्लो प्रयासले मात्र केही नहुने अनुभव यहाँका प्रमुख जिल्ला अधिकारी अनिलकुमार पाण्डेको छ। लोकतन्त्रको एकबर्षको अवधि कटिसक्दा पनि मानवअधिकारकर्मीहरुले सरकारले संक्रमणकालीन न्यायको सिद्यान्तअन्तर्गत राज्यले सम्बोधन गर्ने पीडितहरुलाई दिएका आश्वासन ब्यर्थ हुनथालेका छन्। सबै पीडितहरु आफूले चाहेको न्याय के हो भन्नेवारे पनि अनभिज्ञ छन् तर राज्यले त्यसलाई सम्बोधन गर्नुपर्ने उनीहरुको माग छ।

यी सवै कुराहरुलाई राज्यले सम्बोधन गर्नका लागी मुख्य शुरुवात सत्य निरुपण आयोग नै हुनसक्छ। शान्ति कार्यकर्ता र मानवअधिकारकर्मीहरुले हालसम्मको अवस्थामा पीडितहरुलाई यही आयोगमार्फत न्याय पाउन सकिने र दण्डहीनताको स्थिति नआउने आश्वासन दिदैआएका छन्। तर प्रस्तावित सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी बिधेयकमा दण्डहीनताको अन्त्यका लागि प्रभावकारी प्रावधान समेटन नसकिएको भनि सो बिधयेकको आलोचना गर्न थालिएको छ। इतिहास साक्षी छ कि नेपालमा बनेका आयोगहरु प्रतिवेदन तयार गर्नमा मात्र सिमित रहे। मल्लिक आयोगको प्रतिवेदन कार्यान्वयन गरिएको भए देशमा दण्डहीनताको यो स्थिति आउने नै थिएन भन्ने विश्लेषकहरूले तर्क सेलाउन नपाउँदै रायमाझी आयोगले अर्को हविगत बेहोर्नु पर्‍यो। यदि हामीले इतिहासबाट पाठ सिक्ने हो भने दण्डहीनताको अन्त्य गर्नका लागि सत्य निरुपण तथा मेलमिलाप आयोगलाई न्यायिक आयोग बनाइनुपर्दछ। यसलाई तल्लो निकायसम्म पुग्ने अधिकारसहितको आयोग बनाईनु आवश्यक छ। फलस्वरूप विगतका आयोगको हविगत यसले भोग्न नपरोस र व्यक्ति व्यक्तिकावीचमा रहेको बदलाको भावनालाईसमेत सम्बोधन गरि हिजोका पीडित र पीडकले एकै थलोमा रहेर मेलमिलापका साथ बस्नसक्ने वातावरण बन्न सकोस।

बाह्र वर्षसम्म चलेको शसस्त्र द्वन्द्वको विधिवत अन्त्य त भयो तर लोकतन्त्रको स्थापनाको एक वर्ष बितिसक्दा पनि सशस्त्र द्वन्द्वले सिर्जना गरेका स्थानीय समस्याहरुलाई राज्यले सम्बोधन गर्नेतिर ध्यान दिएन । यसले पुनः हिंसाको वातावरण सिर्जना गरिरहेको छ । लोकतन्त्रको स्थापनापश्चात सबै द्वन्द्व पीडितले न्याय पाउने आशा गरेका थिए ।

इन्सेकद्वारा सञ्चालित कार्यक्रमबाट समुदायमा प्रभाव

मोती पौडेल
सभापति, नेपाल पत्रकार महासंघ, सुर्खेत

सुर्खेतमा इन्सेकका गतिविधिहरु गाउँगाउँसम्म फैलिएका छन्। खासगरी द्वन्द्व रुपान्तरण कार्यक्रम र शान्ति निर्माण अभियानले इन्सेकलाई सुर्खेतमा राम्रोसँग चिनाएको छ। जनआन्दोलन ०६२/६३ मा समेत इन्सेकले मानवअधिकार उल्लंघनका घटनाको अनुगमन गरेको छ। त्यस्तै जिल्लामा बिभिन्न समयमा देखापर्ने समस्याहरु समाधानका लागि सहजिकरण गर्ने, बिभिन्न निकाय बीचमा समन्वय गर्ने कार्यमा इन्सेक निकै क्रियाशील देखिन्छ। कार्यक्रम क्षेत्रका गाविसहरुमा सर्वसाधारण जनता इन्सेक गतिबिधिबाट प्रभावित भएका देखिन्छन्। नागरिक, सामाजिक तथा आर्थिक अधिकारको प्राप्तिको लागि द्वन्द्व रुपान्तरण कार्यक्रम अर्न्तगत सञ्चालित गतिविधिहरुको प्रभाव अत्यन्त सकारात्मक देखिएको छ।

देवकुमार सुवेदी
जिल्ला सदस्य, नेपाली कांग्रेस, सुर्खेत

सुर्खेतमा सञ्चालित विभिन्न गैरसरकारी संघ/संस्थाहरुमध्ये इन्सेक मानवअधिकार तथा सामाजिक न्यायका पक्षमा काम गर्ने अग्रणी संस्था हो। इन्सेकले मानवअधिकारको संरक्षण र त्यसप्रतिको सामाजिक जनचेतना जगाउन महत्वपूर्ण भूमिका खेलेको देखिएको छ। इन्सेकका क्रियाकलाप बिगतको भन्दा फराकिलो र सामुहिक बन्दै गएको देखिन्छ। त्यस बाहेक इन्सेकले सञ्चालन गरेका विभिन्न कार्यक्रमहरुले द्वन्द्वका समयमा वा लोकतान्त्रिक आन्दोलनमा खेलेको भूमिकालाई हामीले बिर्सनु हुदैन। लोकतान्त्रिक पद्दतिको विकासमा इन्सेकले देखाएको प्रतिवद्धता सुर्खेतस्थित राजनीतिक दलहरु, नागरिक समाज र जनताले कहिल्यै बिर्सने छैनन्।

गीता कोइराला
कार्यक्रम अधिकृत, जागरण नेपाल,सुर्खेत

जनताका आवाजलाई कार्यान्वयन गराउन इन्सेक सुर्खेतले शान्ति निर्माण अभियान, द्वन्द्व रुपान्तरण जस्ता कार्यक्रम अर्न्तगत विभिन्न क्रियाकलापहरु जस्तो कि विस्थापितहरुलाई घर फर्काउने, कुनै पनि घटनाको यथार्थ छानविन गर्ने जस्ता सद्वानीय कार्य गरिरहेको छ। आफ्ना विभिन्न समस्याहरुलाई समाधानका लागि इन्सेकसम्म आइपुग्ने पीडितहरुका लागि सक्ने सहयोग आफैले गरिदिने र नसक्ने सहयोग सम्वन्धित पक्षसम्म पुऱ्याई मध्यस्तकर्ताको भूमिका खेल्नमा इन्सेक सुर्खेत अग्रणी स्थानमा रहेको छ। स्मरणीय कुरा त के छ भने, सुर्खेतको पश्चिम विद्यापुर निवासी एक जना भाईलाई माओवादीको जनमुक्ति सेनामा भर्ति गरी झापामा लगेकोमा उनलाई आफ्नै दाजुले छुटाउन नसकेको तर इन्सेकले आफ्नै सञ्जाल प्रयोग गरी झापाबाट छुटाउन सफल भएको कुरा इन्सेकको सञ्जालको सबल पक्ष हो।

बिष्णुप्रसाद बेल्बासे, सम्पादक
कोहलपुर टाइम्स साप्ताहिक, बाँके

इन्सेकको द्वन्द्व रुपान्तरण कार्यक्रमबाट बाँके जिल्लाका पाँचवटा गाविसका महिला तथा पिछडिएका बर्ग आफ्ना अधिकारका बारेमा सचेत भएका छन्। कुटपिट, हत्या र अपहरण गर्ने जस्ता काम मानवअधिकार भित्र पर्छन् भन्ने मान्यता बाँकेका आम नागरिकहरु आफ्नो शिक्षा, स्वास्थ्य, आर्थिक तथा राजनीतिक र

सांस्कृतिक अधिकार प्राप्तीका लागि संगठित हुदै अभियान चलाउन थालेका छन्। दलित, महिला र बिशेष गरी मुक्त कमैयाहरु आफ्नो अधिकार प्राप्तीका लागि सम्बन्धित निकायको ढोका ढक्ढकाउने र चुस्तदुरुस्त कामका लागि दवाव सिर्जना गर्न सक्ने भएका छन्।

नविन शाही, अध्यक्ष त्रिवेणी युवा समूह
पुन्मा १, जाजरकोट

हामीलाई हाम्रा अधिकारका बारेमा थाहा थिएन। इन्सेकले आफ्नो कार्यक्रम लागू गरेदेखि जनताले पाउनुपर्ने आवश्यक आधारभूत अधिकार के-के रहेछन् भन्ने कुरा थाहा भयो। एउटा नागरिकले पाउनु पर्ने अधिकार कति वटा हुदा रहेछन् भन्ने कुरा हामीले मात्र नभई हाम्रो गाविसका पचास प्रतिशत जनताले थाहा पाए। बालकले रोएपछि दुध पाउछ भने झै हामीले कराए पछि मात्र सबैले सुन्छन्। समूहमार्फत बिस्तारै समुदायले आफुमाथि भएको अन्याय थाहा पाउन थालेका छन्।

केशव जि.सी., अधिवक्ता, बर्दिया

इन्सेकले बिस्थापितहरुको सवालमा धेरै राम्रो काम गरेको छ। बालबालिका तथा मुक्त कमैया क्याम्पमा इन्सेकले गरेका कामको बारेमा मलाई राम्रो जानकारी छ। कार्यक्रम स्थानीय स्तरका जनताको बीचमा भिज्न सफल भएको छ। नागरिक समाजको सहकार्यलाई राम्रो ढंगले अगाडी बढाएको छ। द्वन्द्व रुपान्तरणका लागि सामुदायिक सशक्तिकरण कार्यक्रमअर्न्तगत कार्यक्रम क्षेत्रमा प्रर्दशन गरेको सडक नाटकबाट म निकै प्रभावित भएको छु।

बालकृष्ण वली
सम्पादक,बर्दिया टाइम्स, बर्दिया

इन्सेकद्धारा जिल्ला स्तरमा गरिने अन्तरक्रियाका विषयवस्तुहरु समय सान्दर्भिक छन। सबै संघ/संस्थाहरुलाई समेटेर लैजान सक्ने इन्सेकको सबै भन्दा राम्रो पक्ष हो। मानवअधिकार सचेतनाको पाटोमा इन्सेकको तुलनामा कसैले काम गर्न सकेको छैन। मानवअधिकारको क्षेत्रमा एक मात्र संस्था इन्सेक भन्दा फरक नपर्ला। द्वन्द्व रुपान्तरण कार्यक्रमले उठाएका सवालहरु सशक्त छन। विशेष गरि मगरागाडी गाविसमा कार्यक्रमको प्रभाव अत्यन्तै राम्रो छ। अब इन्सेकले द्वन्दरत पक्षहरुका बिचमा मेलमिलापका कार्यक्रमहरु सशक्त रूपमा परिचालन गर्नु पर्दछ। संक्रमणकालीन न्यायको पक्षमा जोडदार आवाज उठाउनु पर्ने मैले देखेको छु।

भक्तबहादुर वि.क
वर्दिया, धधावार, मुक्त कमैया शिविर

कार्यक्रम शुरु हुनु भन्दा पहिले म अशिक्षित थिए। आफ्ना मनका कुरा पनि धक फुकाएर बोल्न सक्दिनथे। घरायसी काममा मात्र दिन विताइन्थ्यो। कार्यक्रम संचालन भएपछि ऐन कानून र मानवअधिकारको बारेमा समान्य जानकारी भएको छ। मानवअधिकार, ऐन कानून ठूला साना सवैलाई चाहिने कुरा रहेछ। कानून र मानवअधिकारले सवै मान्छे बराबर हुन्। सवैको अधिकार बराबर हुन्छ भनेको छ। पहिले युद्ध नभएको भए हामीलाई सहयोग गर्न प्रशस्त संघ संस्थाहरु आउथे होला, तर सुरक्षाका कारण कोही पनि आएन। सरकार त झन कहिले पनि आउदैन। हाल हामीलाई खान, वस्त्र,लगाउने लुगा, र स्वास्थ्य उपचारको व्यवस्था नभएका कारण हामी पीडित छौ। यी सवै कुरा राज्यले गर्नुपर्ने रहेछ भन्ने कुरा यस कक्षाबाट मलाई जानकारी भएको छ। मुक्त कमैयाहरु अझै भेला हुन सकेका छैनन्। अझै हामीमा चेतनाको अभाव छ। धेरै कमैयाले मानवअधिकार बुझेका छैनन्। यति थोरै कक्षाले तपाईहरुले कसरी कमैयालाई सचेत पार्न सक्नु हुन्छ र संगठित भएर कसरी कमैयाले आफनो अधिकार लिन सक्छन ? तर पनि कक्षामा पढाएको कुराहरु राम्रो लागेको छ।

पूर्णप्रसाद अधिकारी
अध्यक्ष, सामुदायिक संस्था समन्वय समिति
मोतिपुर, बर्दिया

इन्सेकद्वारा संचालित द्वन्द्व रुपान्तरणका लागि सामाजिक सशक्तिकरण कार्यक्रम अत्यन्त प्रभावकारी कार्यक्रमका रूपमा देखा परेको छ। यस कार्यक्रम भित्रका सामुदायिक संस्थाको क्षमता अभिवृद्धिको कार्यक्रम होस् वा स्वास्थ्य स्थितिमा सुधारको कार्यक्रम होस्, शैक्षिक स्थितिमा सुधारको कार्यक्रम होस् वा जीवन निर्वाहको स्थितिमा सुधारको कार्यक्रम होस् सबैले राम्रो प्रतिफल प्राप्त गर्न सक्षम भएका छन्। सडकका वालवालिका विद्यालय पुगेका छन्। सामुदायिक संस्थाहरु आफै क्रियाशील भएका छन्। त्यसैगरि खोप प्राप्त गर्ने वालवालिकाको संख्यामा वृद्धि भएको छ। मानवअधिकार सचेतना कक्षाहरुले समूदायमा चेतनाको स्तरमा ठूलो सुधार आई मानवअधिकार संरक्षणबो क्षेत्रमा राम्रो सफलता हासिल गरेको छ।

दिवाकर शर्मा पौडेल
अध्यक्ष, धर्मावती सामुदायिक वन
उपभोक्ता समिति,प्युठान

एक दशक लामो शसस्त्र द्वन्द्वले प्रभावित भएको अवस्थामा इन्सेकले प्युठानमा संचालन गरेको द्वन्द्व रुपान्तरणका लागि स्थानीय समुदाय सशक्तिकरण कार्यक्रम अन्तर्गत विभिन्न तालिम, मानवाधिकार शिक्षा, आकस्मिक उपचार, विद्यालय भर्ना अभियान, सामुदायिक अध्ययनकेन्द्र स्थापना, सार्वजनिक सुनुवाई लगायतका कार्यक्रमहरु अन्य संस्थाका इन्सेकलाई भन्नु पर्दा नयाँ नेपाल बनाउने वातावरण निर्माणका लागि जिल्लाका अन्य गाविसहरुमा कार्यक्रम विस्तार गर्नुका साथै कार्यक्रम लागू भएका गाविसहरुमा कार्यक्रम निरन्तर रूपमा संचालन गर्न सल्लाह र सुझाव दिन्छु।

तुलसीदेवी भट्ट
सदस्य, पुष्पाञ्जली आमा समूह,
गणेशपुर-४ मैलोडा , डडेल्धुरा

इन्सेकको कार्यक्रम संचालन न[illegible] हाम्रो गाँउमा जानी, नजानी जातीय भेदभाव धेरै हुन्थ्यो। गाउँमा समूहहरु गठन गर्दा सवैलाई थाहा हुदैनथ्यो। महिलाअधिकार, मानवअधिकार, द्वन्द्व र इन्सेक भन्ने शब्द हामीले सुनेका पनि थिएनौ। महिलालाई कुनै पनि समुदायको विकाससँग सम्वन्धित योजनाहरुमा सहभागि गराइदैनथ्यो। घरायसी कामभन्दा अरु काम गर्न महिलाले पुरुषलाई सोधेर मात्र गर्नुपर्दथ्यो। ०६३ साल मंसिरदेखि हाम्रो गाउँमा इन्सेकले लक्षित समूह गठन गऱ्यो। सो समूहमा महिला दलितलगायत गणेशपुर-४ मैलोडाका सवैलाई सहभागी गराएपछि हामीले महिलाअधिकार, मानवअधिकार,

वालअधिकार, द्वन्द्व तथा शान्तिको बारेमा थाहा पायौं।

भागादेवी बोहरा
सदस्य, बाटादेउ महिला समूह
नवदूर्गा -२ सपल्ला, डडेल्धुरा

इन्सेकको शान्ति अभियान यो गाँउमा आउनु भन्दा पहिले कुनै पनि बैठकमा सहभागी भएको थिइन। मलाई बैठकमा जान धेरै असजिलो लाग्दथ्यो। अहिले म जुनसुकै बैठकमा पनि सजिलै सहभागि हुने गरेकी छु। त्यसमा पनि मानवअधिकारको कार्यक्रममा त कुनै छुटाएको छैन। हामीले आफ्नै समूह गठन गरेका छौ। यो समूह चलाउन सकिदैन की भनेर हरि बोहरालाई अध्यक्ष बनाएका थियौं अहिले हामीलाई समूह चलाउने आँट बढेर आएको छ। मेरो साथीहरुले तालिममा जादाँ भत्ता पाइन्छ भन्थे, तर इन्सेकको कार्यक्रममा मैले भत्ता नपाए पनि धेरै कुरा सिक्न सकेकी छु।

पहिले मैले मानवअधिकारको बारेमा रेडियोबाट मात्र सुनेको थिए। अहिले मानवअधिकार के हो , किन मानवअधिकार चाहिन्छ, के गर्दा शान्ति हुन्छ भन्ने बारेमा मात्र नभई, हिंसा, युद्ध, संबिधानसभा, महिलाअधिकार, श्रमिक अधिकारको बिषयमा पनि म बोल्न सक्ने भएकी छु।

महेश्वरी भट्ट
सचिव, शिवशक्ति आमा समूह
असिग्राम -७ भात्काडाँ, डडेल्धुरा

इन्सेकद्धारा डडेल्धुरामा संचालित शान्ति निर्माण अभियान कार्यक्रम अन्तर्गत तालिम। अन्तरक्रियामा सहभागी भएपश्चात निकै परिवर्तन आएको छ। शान्ति अभियान कार्यक्रमले म वास्तविक शान्ति र मानवअधिकारको बारेमा बोल्न सक्ने भएको छु। अहिले मभित्र आएको परिवर्तनमा इन्सेकको ठूलो देन छ। पहिला कार्यक्रममा सहभागी हुन अप्ठ्यारो मान्ने वा अनुपस्थित हुने गरिन्थ्यो तर अहिले गाविस र वरिपरिका त्यस्ता हरेक बैठक, सभा, गोष्ठीहरुमा सहभागी भएर मानवअधिकार, महिला अधिकारका वारेमा वकालत गरेर सो सम्बन्धी जनचेतना फैलाउने काम पनि गरिन्छ।

सबितादेवी भुल
सदस्य, देउघर सामुदायिक संस्था
मणिलेक -६, बगाल, डडेल्धुरा

कुनै दिन सार्वजनिक ठाउँमा पनि हिचकिचाउने म अहिले गाउँमा मानवअधिकार आन्दोलनकी अगुवा कार्यकर्ता भएकी छु। जिल्लाका बिभिन्न सामाजिक संघसंस्था समूहमा पनि म संलग्न रहदै आएकी छु र अहिले इन्सेकद्धारा संचालित शान्ति निर्माण अभियान कार्यक्रममा सरिक भएकी छु। अहिले फेरी मुलुकमा शान्ति स्थापनासँगै गाउमा जाँड रक्सीको बिकृति बढेकोले समूहको नेतृत्वमा जुवातास मदिरा बिरोधी अभियान सुरु भएको छ। शान्ति आयो भन्दैमा पुरुष घरको काम नगर्ने, सार्वजनिक पसलमा मदिरा सेवन गरी घरमा आएर महिलालाई सताउने गरेका कारण बाध्य भएर यो अभियान चाल्नु परेको थियो। अहिले मेरो नै नेतृत्वमा गाँउका महिलाहरु संगठित भएपछि स्थानीय क्षेत्रलाई मदिरा निषेधित क्षेत्र घोषणा गरेका छन्।

खिमा पनेरु
अध्यक्ष, कैलपाल आमा समूह,
केलपालमाण्डौं ५, जैसरा, डडेल्धुरा

इन्सेकद्धारा यस गाविसमा शान्ति निर्माण अभियान संचालन गरे पश्चात यहाँका महिला मानवअधिकार, शान्ति र द्धन्द्धका बारेमा निर्धक्क भएर बोल्न थालेका छन्। जब कि यस कार्यक्रमभन्दा अगाडि यसबारे पटक्कै जानकारी थिएन र सबै ठाउँमा बोल्न पनि सकिदैनथ्यो। मानवअधिकार र शान्तिका बारेमा इन्सेकले यस गाविसमा शान्ति अभियान सञ्चालन गरे पश्चात मैले जानकारी पाए र शान्ति अभियान सञ्चालन भए पश्चात मानवअधिकार द्वन्द्व, शान्ति आदिका बिषयमा सिक्ने मौका पाए। यो कार्यक्रमबाट बिभिन्न वडाहरु मदिरा निषेधित क्षेत्र घोषित भएका छन्, गाउँमा हुने सामान्य झै झगडामा कमी आएको छ। यस्ता झगडा भइ हाले पनि हामी मिलाउन सक्षम भएका छौं जसबाट भोलीका दिनमा दिगो शान्ति स्थापना हुनेमा म विश्वस्त छु।

खडकबहादुर शाही
सदस्य, भुवनेश्वरी सामुदायिक वन उपोभोक्ता समिति
मष्टामाण्डौं-६, सकायल, डडेल्धुरा

मानवअधिकार भन्ने शब्द कहिलेकाही रेडियो, पत्रपत्रिकामा सुनिने र पढिने गरिन्थ्यो। अहिले मानवअधिकार बुझें। शान्ति निर्माण अभियान संचालनपश्चात हामी समूहका केही सदस्यहरुले मानवअधिकार, शान्ति तथा द्धन्द्ध रुपान्तरण सम्बन्धी जिल्ला स्तरीय तालिम लिने मौका पायौ । तालिमपश्चात गाविसमा भुवनेश्वरी समुदायिक वन उपभोक्ता समितिसँग महिनाको दुईपटक मानवअधिकार, शान्ति, द्धन्द्ध, संविधानसभा जस्ता बिषयहरुमा सिकेका कुराहरु एक आपसमा साटासाट गर्ने तथा नसिकेका कुराहरुमा छलफल चलाउदै आएका छौ। बिभिन्न समयमा गरिने अन्तरक्रिया कार्यक्रम पश्चात हामी अन्य समुदायमा गएर अनौपचारिक तथा औपचारिक रूपमा बहस, छलफल चलाउने गर्दछौं।

बमबहादुर शाही
अध्यक्ष, शान्ति समूह संजाल
उत्तरगंगा, सुर्खेत

बर्तमान अवस्थामा राष्ट्रिय स्तरमा भईरहेको शान्ति प्रक्रियाका सम्बन्धमा भएका विविध गतिविधि : १२ बुंदे सहमति देखि लिएर विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधानका बारेमा गरिने गाविस स्तरीय छलफल साथै संबिधानसभा सम्बन्धि गरिने अर्न्तक्रियाले सचेतना अभिबृद्धि गर्ने कार्य गरेको छ। यस अभियानको महत्वपुर्ण पक्ष भनेको द्वन्द्वले गांजेर जर्जर बनाएको सामाजिक वातावरणमा स्वयं द्वन्द्व पीडितहरुलाई नै शान्ति स्थापनाका लागि अभियानमा संलग्न गराउनु हो। द्वन्द्व पछि पुन:मिलन र पुर्नस्थापनाका लागि स्थानीय समुदायलाई अभियानमा संलग्न गराउनु महत्वपुर्ण पाटो हो। अधिकारको बारेमा बुझेको समुदायले समुदायप्रति कर्तब्य र जिम्मेवारीको वोध गरी सबैले समाज विकासका लागि सम्भावित रुपले आ-आफ्नौ तह र तरिकाबाट सहभागी भएमा पक्कै पनि समाज र गाउँमा शान्ति हुन्छ अन्ततोगत्वा त्यो शान्तिले राष्ट्रिय स्तरमा शान्ति

प्रक्रियालाई नै सहयोग गर्दछ र दिगो रूपमा समाज र देशमा शान्ति स्थापना हुन्छ।

उमानन्द भण्डारी, अध्यक्ष, शान्ति समूह संजाल , गढी, सुर्खेत

समुदायका मान्छेले आफ्नो अधिकार के हो भन्ने नबुझेको अवस्थामा आफ्नो अधिकार बुझाउनको लागि इन्सेक शान्ति अभियान गाउँ गाउँमा गएको छ। सो अभियानले द्वन्द्वको बेलामा भएको मनमुटाव कम गर्न सचेतन वढाएको छ। अहिले हामी जनताले तिरेको करमाथि नै ठूलाबँडा भनाउँदाहरुले भ्रष्टाचार गर्दारहेछन् भन्ने कुराको बारेमा जानकारी भई सचेतना बढाउने काममा लागेका छौं।

पवित्रा शर्मा
अध्यक्ष, गाविस स्तरीय शान्ति समूह
साटाखानी, सुर्खेत

इन्सेकद्वारा संचालित शान्ति निर्माण अभियानले हाल देशमा चलिरहेको शान्ति प्रक्रियालाई सफल बनाउन स्थानीय स्तरमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। द्वन्द्वको क्रममा विस्थापित भएका, बेपत्ता बनाइएका र मारिएकाहरुको पक्षमा स्थानीय स्तरदेखि नै वकालत गर्ने, स्थानीय मुद्दाहरुको पहिचान गरि सरोकारवालाको ध्यानाकर्षण गर्ने गरेको छ। त्यसैले यो कार्यक्रमले गाउँमा उज्यालो वत्तीको रूपमा काम गरेको छ र दिगो शान्ति निर्माणमा सहयोग पुऱ्याएको छ।।

गोविन्दप्रसाद पाण्डेय
संयोजक, नागरिक समाज, वर्दिया

शान्ति सवैको चाहना हो, तर शान्ति भनेको के हो ? शान्ति कसरी हुन्छ ? शान्ति प्राप्त गर्न हामी आफैले के गर्नुपर्छ ? यी विषयहरु र प्रश्नहरुभित्र प्रवेश गर्ने हो भने मान्छे त्यतै हराउछ। आम शान्ति वरावर आफूमा शान्ति, परिवारमा शान्ति, वरावर पारिवारिक शान्ति, टोल टोलमा शान्ति र टोल टोलको शान्ति वरावर सामाजिक शान्ति, त्यही शान्ति विकास हुदै गएर राष्ट्रिय शान्ति राष्ट्र राष्ट्रमा शान्ति विश्व शान्ति हुन्छ। तर अहिले धेरै मानिसहरुको मनमै शान्ति छैन। त्यसैले शान्तिका सवै क्षेत्रहरु संक्रमणकालीन अवस्थामा छन। यो संक्रमणवाट मुक्त हुन र समाजलाई मुक्त वनाउन सवैले आफूआफू भित्र आत्मशान्तिका प्रयासहरु गर्न जरुरी छ। नागरिक समाजसगँको ऐक्यवद्धतामा इन्सेकले मानवअधिकारको सरक्षण र सम्वर्द्धन गर्दै दिगो शान्तिका लागि चालिएका कदम र भावि योजनाहरुले राष्ट्रमा स्थायी शान्ति स्थापित हुनेछ भन्ने कुरामा आमजनता आशावादी छन्। लोकतान्त्रिक जनआन्दोलनमा इन्सेकको योगदानले जे जस्तो सम्मानजनक स्थान लिएको छ, आगामी दिनका महत्वपूर्ण घडिमा पनि इन्सेकले महत्वपूर्ण योगदान दिनेछ।

पार्वती चौधरी, मानपुर-४, दाङ
डाँफे सहयोगी सामुदायिक समूह

इन्सेक दाङद्वारा संचालित द्वन्द्वरुपान्तरणका लागि सामुदायिक सशक्तिकरण कार्यक्रम अन्तर्गत मानवअधिकार सचेतनाले अधिकारका वारेमा जानकारी दिन र कमलरीलाई एकत्रित गरी कमैया-कमलरीको शोषण विरुद्धमा ०६३ माघ १६ गते गाउंमा सडक नाटक प्रस्तुत गरी कमलरीका अधिकार सम्बन्धी सवालहरु प्रस्तुत गर्न सहयोग गरेको छ । साथै हामीलाई अधिकारका लागि बोल्न सिकाएको छ ।

लालवहादुर कार्की
सल्लाहकार, महिला सामुदायिक संस्था
भुर गाविस, जाजरकोट

हिजो सम्म गुम्सिएका समुदायका मानिसहरुलाई संगठित भएर एक आपसमा छलफल गर्न सिकाएको छ । यस कार्यक्रम आएदेखि नै विगतका दिनमा भएको द्वन्द्वकालिन स्थितिको आंकलन गरि सबै सामु भन्न सक्ने भएका छन् ।

मिना बास्फोर
शमशेरगंज गाविस-५, बाँके

पढन थालेपछि,आफू मात्र होइन छोरा छोरीलाई पनि पढाउने उत्प्रेरणा जागेको छ । शान्ति शिक्षामाला पढ्ने बानी परेको छ । जसले गर्दा मान्छेका यस्ता अधिकार पनि हुन्छन भन्ने कुराको जानकारी भएको छ । इन्सेकले हामी जस्तै धेरै नपढ्ने महिलाहरुको लागि काम गरोस् भन्ने मेरो इच्छा हो ।

ज्ञानबहादुर श्रेष्ठ
गाविस स्तरीय सामुदायिक संस्था समन्वय समिति बिजुवार, प्युठान

द्वन्द्वबाट प्रभावित बालबालिकाको लागि शिक्षा, असहाय गरिबको लागि स्वास्थ्य उपचार, मानवअधिकारसम्बन्धी जनचेतना कार्यक्रम, गाविसस्तरीय सामुदायिक संस्था समन्वय समितिको गठन, समूहहरूको सचेतना कार्यक्रम, समूहको क्षमता अभिवृद्धिको लागि आर्थिक सहयोग कार्यक्रम, सबैको लागि शिक्षामा समान पहुँच, सार्वजनिक जनसमिक्षा भौतिक पूर्वाधार तथा पुन:निर्माण जस्ता कार्यक्रम जनमानसमा ज्यादै प्रभावकारी देखियो।

शरद अधिकारी
रेडियो मध्यपश्चिम ९१.४
घोराही दाङ

सशस्त्र द्वन्द्वको अन्त्यपछि जुन ढङ्गले शान्ति प्रक्रिया अघि बढ्नु पर्दथ्यो त्यो रूपमा अघि नबढेको समयमा इन्सेकले सञ्चालन गरेको कार्यक्रमलाई सकारात्मक रूपमा लिनुपर्छ । संक्रमणकालीन अवस्थामा संघसंस्थाहरूले महत्वपूर्ण भूमिका खेल्न सक्दछन् भन्ने कुरा जग जाहेर छ। इन्सेकले सञ्चालन गरेका दुवै कार्यक्रममा द्वन्द्वको अन्त्य र शान्ति स्थापना प्रति जनताको सकारात्मक प्रतिक्रिया रहेको पाएको छु । जनतामा शान्ति स्थापनाका सवालमा भएका क्रियाकलापप्रति चासो बढ्नुलाई कार्यक्रमको सफलता मान्न सकिन्छ ।

ठाकुर डि. सी., नेपाल वार एसोशिएस
जिल्ला इकाई, दाङ

इन्सेकले द्वन्द्व रूपान्तरणका लागि सामुदायिक सशक्तिकरण र द्वन्द्व मध्यस्थता सम्बन्धी कार्यक्रम सञ्चालन गरेकाले समुदाय स्तरमा परस्पर विरोधीका बीचमा उकआपसमा मेलमिलाप र भाइचाराको अभिवृद्धि भएको मैले महसुस गरेको छु ।

प्रस्तुतिः सेमन्त गौतम, त्रिभुवन बिसि, बिष्णु पोखेल, लोकबहादुर खडका, नविन रेग्मी, जगदिश पराजुली, बसन्त ओझा, शिव पण्डित, किरण देवकोटा, केशव शर्मा

बेपत्ता छोरी फर्किने आशामा आशु बगाउँदै

घरको मूल ढोकामाथि मुसुक्क मुस्काइरहेको सुन्दर तस्वीर हेर्दा लाग्छ उनी घरैमा छिन्। उनले बनाएको फूलबारीको फूल ओइलिएर झरेपनि फूलबारीले भने बाँझै रहनु परेको छैन। वृद्ध आमा बाबुको मन वहलाउने माध्यम वनेको छ त्यो फूलबारी। घरमाथि रहेको फूलबारीमा यस पटक पनि गोदावरी, मखमली र सयपत्री झुल्ने बेला भइसकेको छ। तर घरको उज्यालो रङ्ग उडेको भने चार बर्ष भइसक्यो। उनका भाइ दिदी घर फर्किने आशामा तीनै फूललाई हेर्दै दिन बिताउँछन्। वहिनीले सप्तरङ्गीले निधार सजाइदिए पनि दिदीको हातको सप्तरङ्गी टीका लाउने भाइको रहर दिदी घर नफर्केपछि पुरा हुन सकेको छैन। अव त उनले आशासमेत मारिसकेका छन्।

पारी डाँडामा अध्याँरोलाई छिचोल्दै एकाविहानै घाम उदाउँछ। अध्याँरोलाई चिरेर संसारलाई सूर्यले उज्यालो दिइरहेपनि उनको मन भने अध्याँरो नै छ। छोरीले ०६० माघ २८ गते घर छोडेर गएदेखि उनको मन उज्यालो हुन सकेको छैन। उमेरले ६२ काटेका खैअध्याँरोलाई चिरेर संसारलाई सूर्यले उज्यालो दिइरहेपनि उनको मनलाई भनेराङ्ग गाविस-१ फलामढुङ्गाका हैकमसिंह राईका दिन रात छोरी हराएदेखि कहिल्यै पनि सहजरूपमा बित्न सकेका छैनन्। पूर्वबाट उदाएको सूर्य रहुन्जेल छोरीको प्रतिक्षामा रहने हैकमसिहको मन साँझ परेपछि भने कुँडिनसम्म कुँडिन्छ। छोरीले घर छोड्ने बेलामा प्रवेशिका परीक्षा उर्त्तीण गरेर शिक्षक बन्छु भनेको उनको कानमा अहिले पनि गुन्जीरहन्छ। उमेरले ६० टेकेकी पूर्णमायाले छोरी हराऐदेखि अहिलेसम्म राम्ररी दिनरात बिताएकी छैनन्। दुःख गरेर हुर्काएकी छोरी वेपत्ता भएपछि उनी छोरीको पिरले दुब्लाएर सिन्को भएकी छन्। उनीहरुको यो अवस्था हेर्दा लाग्छ, संसारमा अन्याय र थिचोमिचो गरिव र दुखीहरुमा माथि नै पर्दो रहेछ।

सुन्दा र पढ्दा कथा जस्तो लागेपनि यो यो कहानी एउटा परिवारको सत्य घटना हो। जुन उनीहरुले भोगिरहेका छन्। भोजपुर सदरमुकामबाट डेढ दिन पैदल दुरी दक्षिण खैराङ्ग गाविस-१ फलामढुङ्गामा एक तले खरले छाएको एउटा सानो घर छ। जुन घरमा हैकमसिंह राईको पाँच सदस्यीय परिवारले दुःखका साथ आफ्ना दिन बिताइरहेको छ। २० वर्षीया इन्द्र राईले घर छोड्नु अघि पनि उनीहरुको परिवारमा पाँच जना नै थिए। अहिले पनि पाँच जना नै छन्। दिदीलाई ०६० माघ २८ गतेदेखि माओवादी आरोपमा प्रहरीले धरान बसपार्कमा गिरफ्तार गरी वेपत्ता पारेपछि १७ वर्षीय भाई बलबहादुरले विद्यालयको पढाई त्यागेर घर धान्नकै लागि विवाह गरे। अहिले इन्द्रको स्थान वुहारीले लिएकी छन्।

२० बर्षीया इन्द्र राई प्रवेशिका परीक्षाको तयारीको लागि घरबाट धरान हिंडेकी थिइन्। इन्द्रका छिमेकी तथा सगरमाथा उच्च मावि घोडेटारका शिक्षक प्रेमकुमार राईका अनुसार गाउँमा इमान्दार इन्द्रलाई प्रहरीले माओवादी आरोपमा गिरफ्तार गरेको कुरा पत्याउन पनि कठीन लाग्छ। "घरको काम धानेर पनि इन्द्र भ्याएसम्म नियमितरूपमा विद्यालय आउँथिन्। हामीले थाहा पाएसम्म उनी गिरफ्तार हुनु अघि माओवादीलगायत अन्य राजनीतिक दलमासमेत लागेकी थिइनन्। गिरफ्तार गरेपछि कम्तीमा पनि उनको अवस्थावारे थाहा पाउने परिवारको अधिकारकोसमेत राज्यले ख्याल गरेको पाइएन," शिक्षक राईले भने।

घरबाट हिंडेकै दिन सुनसरीको चतराबाट को १ ख ३८ नम्वरको वसमा चढेर धरान गएकी इन्द्रलाई बसबाट ओलर्ने वित्तिकै भ्यानमा आएको प्रहरीले गिरफ्तार गरी लगेको थियो। गिरफ्तारपश्चात उनको अवस्था अहिलेसम्म अज्ञात छ। बाबु हैकमसिंह राई अझै पनि छोरी घर फर्किने आशमा खैराङ्ग पारीको मूलबाटो हेर्दै बसिरहेका छन्। गिरफ्तार गरे लगत्तै छोरीको खोजीको लागि धरानका सवै सुरक्षा निकायमा धाएपनि गिरफ्तार नगरिएको र "तेरो छोरी यँहा छैन" भन्दै सेना प्रहरीले जवाफ दिएको हैकमसिंह बताउँछन्।

आर्थिक अवस्था अत्यन्त कमजोर रहेको यो परिवारलाई छोरीको खोजीको पहल गर्न कुन निकाय वा संस्थाले काम गर्छ भन्नेसमेत थाहा छैन। त्यसैले बाबु हैकमसिंहले छोरीको खोजी गरेर नभेटेपछि उनको खोजी गर्न नै छोडेका छन्। इन्सेक प्रतिनिधि हैकमसिंहको घरमा पुग्दा उनीहरुले पहिलो पटक इन्द्रको बारेमा बुझ्न कोही आएको बताइरहेका थिए। इन्द्रका बाबु हैकमसिंह पनि इन्सेक प्रतिनिधि छोरीको बारेमा बुझ्न आएको सुनेपछि भक्कानिएर रोएका थिए। "हजुर आजसम्म मेरो छोरीको बारेमा बुझ्न मेरो घरमा कोही पनि आएको थिएन। तपाईं आउनुभयो, जिउँदो, मरेको जस्तो भएपनि मेरी छोरीको अवस्था पत्ता लगाइदिनु होला। छोरीको अवस्था पत्ता लागेमा म पनि शान्तिपूर्वक मर्ने थिएं। जिउँदै छोरी फर्किए राम्रो नभएपनि हामीले काजक्रिया गर्नका लागि मारेको भएपनि खवर पाउनुपर्‍यो ," हैकमसिंहले भने।

हुन पनि भोग्नेलाई मात्र थाहा हुन्छ परिवारको एउटा सदस्य गुमाउनुको पीडा। "छोरी जिउँदै भए त पढेलेखेकी थिई, चिठी लेखेर पठाउँथी। चिठी समेत नलेखेपछि अव त मन मरेको छ। सवैका हराएका छोराछोरी खोजी हुँदैछ भन्ने रेडियोमा सुन्छु। हाम्री छोरी कसले खोजिदिने ? हामी बुढाबुढी भयौं, यी बाँकी भएका छोराछोरी पनि दिदीको खोजी गर्न सक्ने अवस्थामा छैनन्। हामीलाई न्याय दिलाउन पहल गरिदिनुस्," इन्द्रकी आमा पुर्णमायाले रुदै भनिन्।

सगरमाथा उच्च मध्यमिक विद्यालय घोडेटारबाट कक्षा १० उर्त्तीण गरेकी इन्द्र विद्यालयमा अध्ययनरत हुंदा राजनीतिक दलका कुनै पनि संगठनमा नलागेको सो विद्यालयका प्रधानाध्यापक इश्वरमान राई बताउँछन्। "उनी विद्यायमा अध्ययनरत समयमा पढ्नेबाहेक अन्य

राजनीतिक गतिविधिमा नलागेकी इन्द्रलाई माओवादी आरोपमा गिरफ्तार गरी वेपत्ता पारेको सुन्दा दुःख लागेको छ। जसरी हुन्छ उनको अवस्था पत्ता लगाउन मानवअधिकारकर्मीहरुले चासो दिनुपर्‍यो। राज्यले पनि उनको अवस्था सार्वजानिक गर्नुपर्‍यो," प्रधानाध्यापक राईले भने।

इन्द्र जस्तै भोजपुर जिल्लाबाट माओवादी आरोपमा राज्यले विभिन्न समयमा १० जना नागरिकहरुलाई वेपत्ता पारेको छ भने माओवादीले पार्टी बिरुद्ध सुराकी गरेको आरोपमा एक जना नागरिकलाई अपहरण पछि वेपत्ता पारेको छ। उनीहरु सबैको अवस्था हालसम्म पत्ता लाग्न सकेको छैन। वेपत्ता मध्ये माओवादीले अपहरण गरेका वोखिम गाविस-८ काफ्लेका प्रकाश तामाङ्गमात्र घर फर्केका छन्। अरु सबै नागरिकहरु जिउँदो वा मृत अवस्था छन् भन्ने कुरा अज्ञात रहेको छ। परिवारको एउटा सदस्य वेपत्ता भएपछि अधिकांश पारिवारिक अवस्था विग्रदों छ। केही व्यक्तिका परिवारको घरैमा तालासमेत लागेको अवस्था छ।

लोकतन्त्र प्राप्तीपछि गठीत जनताको सरकारले वेपत्ताको अवस्था सार्वजानिक नगरेर पीडित परिवारको घाउमा महलम लाउनुको साटो नुन छर्किने काम गरिरहेको छ। वेपत्ता नागरिकहरुको सूची सार्वजानिक गर्ने कार्यमा सरकारले काम गरेपनि भोजपुरका एउटा पनि नागरिकको अवस्था राज्यले सार्वजनिक गरेको छैन। माओवादीले समेत आफ्नो प्रतिवद्धतालाई कागजमा मात्र सीमित गरेको छ। जुन पीडित परिवारको लागि दुःखदायी बिषय हो।

ज्ञानेन्द्र खड्का, भोजपुर

शान्ति सहमतिले दिन नसकेको शान्ति

लामो दिनको शुरुवातको तरखर गर्दै गरेकी जोगबुडा गाविस-४ गजलेगडाकी मधु बुढामगरका लागि ०६१ भदौ १ कालरात्रि बनेर आइपुग्यो। त्यस दिनको घटनाले उनलाई विक्षिप्त झैं बनाएको छ। बारम्बार उनी बर्बराउँछिन्, "हे भगवान्, मेरो निर्दोष पतिको हत्या गर्ने हत्याराहरू र मलाई बलात्कार गर्नेहरूको नास होस्।" कञ्चनपुर जिल्लाको भगतपुर र अर्जुनी ब्यारेकबाट सो दिन झिसमिसेमा आएका सुरक्षाकर्मीहरूद्वारा आफ्ना पति रतन र जेठाजु नरबहादुर मारिएपछिको पीडासँगै तिनै सुरक्षाकर्मीद्वारा सामूहिक रुपमा बलात्कृत हुनुपरेपछि लागेको चोट उनको मनमा आलै छ।

"अपराधीहरूले मेरो श्रीमान र जेठाजुलाई घरबाट कुट्दै लगेर तल जंगलमा गोली हानी हत्या गरे। मलाई गोठमा लगेर बलात्कार गरे। यसले मेरो हृदयलाई अहिले पनि भतभती पोलिरहेको छ। म कसरी भुल्न सक्छु र ?" मधु बुढा भन्छिन्।

सुरक्षाकर्मीले दाजुभाइ नरबहादुर बुढामगर र रतन बुढा मगरलाई माओवादीको आरोपमा घरबाटै गिरफ्तार गरी नजिकैको जंगलमा लगी गोली हानी हत्या गरेका थिए।

एकातिर पति मारिनु र अर्कोतिर गाँउलेकै अगाडि बलात्कृत हुनुपरेको पीडासँगै दुई छोरी र एक छोराको लालनपालनको चिन्ता पनि उस्तै छ। पतिको अभावमा बेसाहारा भएकी मधुलाई छोराछोरीको लालनपालन र पढाइ लेखाइको समस्याले थप बदलाको भावना जागृत गराएको छ।

यसवर्ष मात्र कक्षा ७ मा भर्ना गर्न नसकेर मधुले जेठी छोरी मिनाकुमारी बुढालाई स्कुल छुटाउन बाध्य भइन्। अरु दुई छोराछोरीको भविष्य र पठनपाठनको अवस्था पनि दोसाँधमा छ। खेतीपातीका नाममा जंगलको वीचमा दुईचार कट्टा रोपनी पाखो जमिन छ तर खेती गर्ने पति गुमेपछि कसरी खेती गर्ने भन्ने समस्या छ। गाईगोरु, वाखा पालेर अहिलेसम्म घरपरिवार र केटाकेटीको खर्च जेनतेन चलाइरहेको उनी बताउँछिन्।

केटाकेटी हुर्कंदै गरेको अवस्थामा कमाउने पति गुमाएर बेसहारा बनेकी मधुको जस्तै पीडा नरबहादुरकी पत्नी नन्दकलीको पनि छ। उनका पनि दुई वटा छोराछोरी छन्। जेठो छोरा रामबहादुर बुढा मगर अपांग छ। त्यसो हुँदा उनलाई पनि सन्तान हुर्काउन र पढाउन धौधौ नै छ।

पतिका हत्यारालाई सजाय हुने र बालबच्चालाई सहयोग पाइने आसमा उनीहरु सबै कार्यालय पनि धाइसके। तर न त राहत न क्षतिपूर्ति न त दोषीलाई नै कारवाही। मधु र नन्दकलीको मात्र हैन त्यस क्षेत्रका समस्त जनताहरूको यसमा गुनासो छ।

द्वन्द्वका नाममा सहरका होटेलहरूमा पैसो खेती गर्ने गैरसरकारी संस्थाहरूले पनि यस्ता वास्तविक पीडितहरूलाई राहत दिन नसकेको विचार राख्छन् जोगबुढा गाविस-४ का पूर्व वडा सदस्य वीरबहादुर धामी। संघसंस्थाहरूलाई गाउँमा पुगेर काम गर्न आग्रह गर्दै उनी भन्छन्, "कसरी सरकार छ भन्ने, कसरी संघसंस्थाले काम गरिरहेका छन् भन्ने, वास्तविक पीडितको पीडा सुनिदिएनन् भने।"

११ वर्षे हिंसात्मक द्वन्द्वको क्रममा डडेल्धुरा जिल्लाको जोगबुढा क्षेत्रमा यस्ता घटना थुप्रै छन्। यस क्षेत्रमा मात्र राज्य र माओवादीबाट करीब १ सय जनताको हत्या गरिएको छ भने कैयौ यातनाका सिकार भएका थिए। दोहोरो मारमा परेका यस क्षेत्रका जनता अहिले माओवादी हतियार बिसाएर युद्धको अन्त्यको घोषणा गरेकोमा हर्षित छन् तर द्वन्द्व पीडितहरूको आधारभूत समस्यालाई सरकारले सम्बोधन गर्न नसकेमा, दोषीमाथि कारवाही हुन नसकेमा युद्धको अन्त्य हुने कुरामा शंका व्यक्त गर्छन्। डडेल्धुरा नागरिक समाजका सदस्य वीरबहादुर महरा भन्छन्, "प्रचण्ड र कोइरालाले हस्ताक्षर गर्दैमा युद्धको अन्त्य भएको मानिदैन। दिगो शान्तिका लागि दोषीमाथि कारबाही र पीडितलाई उचित क्षतिपूर्ति दिलाउनु जरुरी छ।"

केशव बोहोर
डडेल्धुरा

निरिह बनेर उसको आक्रोश आँखाबाट बग्न थाल्यो। लास्टिप सकेर आएदेखि धुमधुमति बसिरह्यो। गुरुजीले खान हिँड भन्दा मानेन," मलाई मन छैन।" "फुच्चे बेला बेलामा औँसी पूर्णे लागेर फ्रिज हुन्छ। लास्ट सेन्टी छ। नभए हिँड मसँग, आधी गिलास जति स्वाट्ट पार सब ठीक हुन्छ। "गुरुजी भुतभुताउँदै हिँड्यो लौ नजाने भए गाडीमै बस है त।"

कतिबेरसम्म रोइरहेको हो, उसलाई थाहा भएन। लामो सास फेरेर कमिजको फेरले उसले मुख पुछ्यो। उ सँधै रुने गर्दैन। कहिलेकाहीँ मात्र रुन्छ - जब कसैले उसलाई माया देखाउँछन्। आज त्यस्तै भयो। रत्नपार्कबाट हिड्न थाल्नासाथ मुसलधारे पानी पर्न थाल्यो। टयाम्पोको पछिल्तिर झुण्डिँदा ढाडमा दुख्ने गरी पानीले चुट्यो। ट्याम्पो प्याक थियो। तै पनि छेउमा बस्नेले अलि पर सरेर बस्ने ठाउँ मिलाएर उसलाई बस्न भन्यो। बस्यो , मानौ उ खलासी नभएर आफ्नो अभिभावकसँग यात्रा गरिरहेको कुनै बालक थियो। एकै छिन पछि अर्को यात्रुले उसको औकात चिनाइदियो" सिटमा बसेपछि पैसा तिर्लास नि तैँले पनि। "

अर्कोले भन्यो" तँ सिटमा बसेकोले मलाई बस्न अप्ठेरो भयो। म चाहीँ पैसा तिर्दिन।"

उ मुसुमुसु हाँसेर बसिरह्यो। पैसाको बारेमा दुईचारजनासँग गलफती नभएको दिनै हुँदैन। कोही कोही त हात हालिहाल्छन् - फुच्चे बढता हुँदो रहेछ।

फुच्चे भयो भन्दैमा जसले जे गरे पनि हुने कस्तो ठाउँ यो ? उनीहरूका घराँ पनि त फुच्चेहरू हुँदा हुन्। उनीहरू त बाबु मैया भइहाले नि। टयाम्पोमा उनका छोराछोरी एक छिन उभिनु हुँदैन।बाबु नानी भनेर काखमा बसाल्छन्। हामी भने बिहान पाँचबजेदेखि रात नौ दश बजेसम्म खटेको खट्यै।

गुरुजी मुख तितो नपार भन्छ र कसैले गाली गऱ्यो पिट्यो भने उनीहरूलाई केही भन्दैन। उल्टै "ए धेरै नकरा" भन्छ। भाडा कम लियो, पैसा कम उठ्यो भने उसको तिनपुस्तालाई गाली गर्छ। उसलाई बाजेको त सम्झना नै छैन। दुई तीन वर्षको मात्र थियो रे आमा खस्दा। त्यसैले बाबुको मात्र सम्झना आइरहन्छ। पोहोर कै कुरा त हो। उ भन्दा तीनचार वर्ष ठूलो दाजु स्कूल गएको थियो एक दिन फर्केर आएन। मामाघरतिर गए कि। उसले नै बाबुलाई आस देखाएका थियो। मामा घरतिर पनि गएको रहेनछ। कसैले भन्यो जङ्गलतिर लगे। बाबुले पत्याएन -नचाहिने कुरा, त्यसतो बुझक्की बालक के जान्थ्यो तेता तिर । साँझतिर बाबु सँधै टोलाएर स्कूलको बाटोतिर हेरेर बस्ने गर्दथे। पछि गएर उसले बुझ्यो, बाउ अझै दाजु घर फर्किने आस गरेर बसिरहेका छन्। एक दिन उसले पनि स्कूल जाने रहर गरेको थियो। बाउ झन्कियो" किन जान पऱ्यो स्कूल ? मान्छे बर्बाद हुन्छ।" बाबु क्वाँ क्वाँ गरेर रोएपछि उसले स्कूलको नाम उच्चारण गर्न छाडिदियो।

निर्दयी शहर

- सुधीर यादव

दाजु हराएदेखि एकथरी बन्दुक बोकेकाँ मान्छे घरमा आएर बाबुलाई बेला बेलामा गाली गर्ने, पिट्ने गर्न थाले। अर्कथरी आएर भात पकाउन लगाँउथे। नमाने तिनले पनि गाली गर्ने पिटने गर्थे। सा-सानो दुईओटा पोका पुन्तुरा बोकेर बजार पसेको दुईचार दिनपछि बाबुले निधाउरो अनुहार लगाउँदै भन्यो, "बाबु तँलाई शहरतिर पठाउन लागेको। फलानो काका टेम्पो हाँक्छ उसैसँग बस्नू। जसोतसो ज्यान त जोगाउनु पऱ्यो नि। राम्ररी बस्नू। असल मान्छे बन्नू है बाबु।"

टेम्पो हाँक्ने काकाले उसलाई साथीको टेम्पोमा खलासी राखिदियो। बिहानदेखि राति आठ नौ बजेसम्म त फुर्सदै हुन्न। सुत्ने बेलामा उसलाई बाबुको सम्झना आइरहन्छ- एक्लै के गरी बस्दा हुन्। राम्ररी खाँदा हुन् कि हुन्नन्। टेम्पोमा बाबु र दाजुको झझल्को दिलाउने क्यौँ अनुहार देखिन्छ। तिनिहरूको मति भने मान्छेको जस्तै हुँदैन। पढे लेखेपछि मान्छेभित्रको दया माया रित्तिने रहेछ क्यार। नभए मान्छेले मान्छेलाई मान्छे जस्तो बेहबार किन गर्दैन त ? गुरुजीलाई यही कुरा सोद्धा गुरुले उसलाई पागल भनेको सम्झियो। बरु हाम्रै गाउँका नपढेका मान्छे ठीक, शहरका ठूलाबडा भन्दा। उसको आँखाबाट भलभल आशु बग्न थाल्यो। कमिजको फेरले फेरि आशु पुछ्यो। बिहान चल्ने बसहरु स्टार्ट गर्न थालेछन् क्यार। कति चाँडो बिहान भएको भयो। लामो सास फेरेर उसले सम्झियो आज त टेम्पु धुने दिन पो हो त। उ जुरुक्क उठ्यो अनि बाल्टिन बोकेर धारातिर लाग्यो।

कविता

शब्दस्मृति

- निर्मल ज्ञवाली

विज्ञानको भाषाबाट भनु भने शब्दस्मृति "अप्टिक्स" हुन्छ तिमीलाई
अप्टिक्सकै भाषाबाट भनु भने "लाइट" हुन्छ तिमीलाई
लाइटको भाषाबाट शब्दस्मृति "प्रकाश" हुन्छ तिमीलाई
प्रकाशको भाषाबाट भनुभने "उज्यालो" हुन्छ तिमीलाई।

उज्यालो दिइरहेको दीपशिखा निभिदिँदा कहिलेकाँही
मध्यनिशा पलभरको लागि बनिदिँदा ठाँउ त्यही
अत्तालिन्छन् होला मानिसहरू बुझी नबुझी कहिलेकाँही
राप सेलाएको हुँदैन किरणको, ताप रहन्छ ठाउँ त्यही।

बालस्मृतिमा त्यो बेला, तिमी निभेजस्तो लागेथ्यो
यो दृश्यबाटै अधिकारको, आवाज भागेजस्तो लागेथ्यो
प्रकाश तिमीले त हजारौँ दीप पो बालेर गएछौ
यो युवा निर्मलको स्मृतिमा अमिट र अमर भएछौ।

तिम्रो गाथा गाइराछु, प्रकाश शब्दको माला उनेर
प्राची पनि देखिराछु आँखीझ्यालको ताना बुनेर
तिमीलाई यीनै शब्दसुमन, शब्दस्मृति अनि श्रद्धाञ्जली
आजको मात्र होइन तिमीलाई, देशको सम्झना पनि भोलि।

मानवअधिकार सामान्यज्ञान

१. सूचना सम्बन्धी विधेयक नेपालको अन्तरिम संसदद्वारा कहिले पारित गरिएको हो ?
२. सूचना मागेको कति दिनभित्र सूचना अधिकारीले सूचना उपलब्ध गराउनु पर्नेछ ?
३. सूचना उपलब्ध नगराउने सूचना अधिकारीलाई कस्तो कारबाही हुने व्यवस्था गरिएको छ ?
४. फ्रान्समा राष्ट्रिय संविधानसभाको गठन कहिले भएको हो ?
५. नर्वेको वर्तमान सविधान नर्वेजियन संविधान सभाले कहिले पारित गरेको हो ?
६. रसियन संविधानसभाको गठन कहिले भएको थियो ?
७. जर्मनीको विइमर संविधान कहिले पारित भएको थियो ?
८. आईरिसमा भएको संविधानसभालाई केको नामले चिनिन्छ ?
९. सिरियामा संविधानसभाको गठन कहिले भएको थियो ?
१०. सिरियामा सैनिक शासनको अन्त्य भई नागरिक शासनको सुरुवात कहिले भएको थियो ?
११. चिनको वर्तमान संविधान कहिले पारित गरिएको थियो ?
१२. इटालीमा संविधानसभाको गठन कहिले भएको थियो ?
१३. भारतमा संविधानसभाको गठन कहिले भएको थियो।
१४. पाकिस्तानमा संविधानसभाको गठन कहिले भएका थियो ।
१५. एल्साल्भाडोरमा संविधानसभाको गठन किन र कहिले भएको थियो?
१६. कोलम्वियामा संविधानसभाको गठन किन र कहिले भएको थियो ।
१७. पेरुमा अलवर्टो फूजिमोरीले नयाँ संविधानको मस्यौदा तयार गर्न प्रजातान्त्रिक संवैधानिक कांग्रेसको घोषणा कहिले गरेका थिए ?
१८. संयुक्त राज्य अमेरिकामा कतिवटा संघीय गणराज्यहरु छन् ?
१९. नागरिक तथा राजनीतिक अधिकारहरुसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा कतिमा कुनैपनि व्यक्तिको हत्यालाई निषेध गरिएको छ ?
२०. संयुक्त राष्ट्र संघीय कार्यदलले आदिवासी अधिकारका रूपमा आत्म निर्णयको अधिकार वा स्वायत्त शासनको हक,जातीय पहिचान कायम राख्न पाउने हक,सांस्कृतिक विकासको हक,मातृभाषाको प्रयोग गर्न पाउने हकलाई कहिले प्रस्ताव गरेको हो ?

उत्तरहरू

१. ०६४ साउन २ गते ।
२. १५ दिन भित्र।
३. एक हजार देखि पन्ध्र हजार रूपैयासम्म जरीवाना र विभागीय कारबाही।
४. सन् १७८९ मा।
५. सन् १८१४ मा।
६. सन् १९१८ मा रसियामा भएको अक्टुवर क्रान्तिको समयमा ।
७. सन् १९१९ मा जर्मन राष्ट्रिय सम्मेलनले पारित गरेको थियो।
८. थर्ड डेलको नामले।
९. सन् १९३०।
१०. सन् १९४९ मा।
११. सन् १९४६ मा।
१२. सन् १९४६ जुलाई १३ मा।
१३. सन् १९४६ डिसेम्वर ९ मा।
१४. सन् १९४७ अगष्ट १० मा।
१५. सन् १९८२ मा संविधानको मस्यौदा तयार गर्न भएको थियो।
१६. संविधानको मस्यौदा तयार गर्न सन् १९९१ मा भएको थियो।
१७. सन् १९९२ मा।
१८. ५० वटा।
१९. धारा ६ मा।
२०. सन् १९८२ मा।

प्रस्तोता : शिव खकुरेल

प्रकाश मानवअधिकार पुरस्कार : विगतदेखि वर्तमानसम्म

गणेश भण्डारी

अथक मानवअधिकार योद्धा तथा इन्सेकका संस्थापक सचिव प्रकाश काफ्लेको स्मृतिलाई चिरस्थायी राख्ने क्रममा इन्सेकले ०५१ सालमा काफ्लेको नाममा प्रकाश मानवअधिकार पुरस्कारको स्थापना गरेको हो । हरेक वर्ष मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा कार्यरत एकजना विशिष्ट व्यक्तिलाई प्रदान गरिने यो पुरस्कारमा नगद पच्चीस हजार रूपैयाँ र अभिनन्दन पत्र तथा इन्सेकको प्रतीक चिह्न रहेको छ । हालसम्म यो पुरस्कारबाट १३ जना व्यक्तित्व सम्मानित भइसक्नु भएको छ ।

"मानवअधिकार रक्षा र विकास जनताको सचेतन जागरण र संगठित आवाजबाट मात्र सम्भव छ ।"

अथक मानवअधिकार योद्धा प्रकाश काफ्ले

अथक मानवअधिकार योद्धा तथा इन्सेकका संस्थापक सचिव प्रकाश काफ्लेको स्मृतिलाई चिरस्थायी राख्ने क्रममा इन्सेकले ०५१ सालमा काफ्लेको नाममा प्रकाश मानवअधिकार पुरस्कारको स्थापना गरेको हो। हरेक वर्ष मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा कार्यरत एकजना विशिष्ट व्यक्तिलाई प्रदान गरिने यो पुरस्कारमा नगद पच्चीस हजार रूपैयाँ र अभिनन्दन पत्र तथा इन्सेकको प्रतीक चिह्न रहेको छ। हालसम्म यो पुरस्कारबाट १३ जना व्यक्तित्व सम्मानित भइसक्नु भएको छ।

प्रकाश मानवअधिकार पुरस्कारको सिलसिला

मानवअधिकारको सवाललाई जनताको प्रत्यक्ष सरोकारको विषय बनाउने अभियानमा निरन्तर लाग्नु भएका प्रकाश काफ्लेको स्मृतिलाई चिरस्मरणीय बनाउँदै स्थापित यो पुरस्कार मानवअधिकारको क्षेत्रमा विविध पक्षमा उल्लेखनीय योगदान पुऱ्याउने विशिष्ट व्यक्तित्वलाई छनौट गरी हरेक वर्ष एकजनालाई उक्त पुरस्कार स्वर्गीय काफ्लेको स्मृति दिवस साउन १६ गतेका अवसरमा आयोजित विशेष कार्यक्रममा प्रदान गरिँदै आएको छ।

यसैक्रममा प्रथम प्रकाश मानवअधिकार पुरस्कार ०५१ ग्रामीण क्षेत्रमा पत्रकारितामार्फत् मानवअधिकार चेतनाको निर्माणमा उल्लेख्य योगदान पुऱ्याउनु हुने पाल्पा जिल्लाका पत्रकार विनयकुमार कसजूलाई ०५२ सालमा प्रदान गरियो। कसजू विकास पत्रकारितामा विशेष दखल राख्नुहुन्छ भने सामुदायिक सञ्चार क्षेत्रमा सक्रिय व्यक्तित्व हुनुहुन्छ।

यसैगरी ०५२ सालको दोस्रो प्रकाश मानवअधिकार पुरस्कार सामाजिक क्षेत्रमा सक्रिय वीरगञ्जका गजेन्द्रबहादुर बस्नेतलाई प्रदान गरिएको थियो। उहाँले सामाजिक सेवाको क्षेत्रममध्ये विपन्न वर्गका जनताको स्वास्थ्य उपचारमा निःस्वार्थ सेवा र योगदान पुऱ्याउँदै आउनु भएको थियो।

ऋषिराम थारु तेस्रो प्रकाश मानवअधिकार पुरस्कार ०५३ प्राप्त गर्ने व्यक्तित्व हुनुहुन्छ। दाङ जिल्लाको त्रिभुवन नगरपालिका निवासी थारु विगत ५० औ वर्षदेखि कमैया प्रथाविरुद्ध सक्रिय रही कमैया किसान मुक्तिका लागि संघर्ष गर्दै आउनु भएको थियो। उहाँले सामन्ती शोषण, उत्पीडन तथा जमिन्दारी प्रथाको विरुद्धमा आवाज उठाउँदा कठोर जेल जीवनको समाना गर्नु परेको थियो।

यसैगरी, नेपालकै पहिलो कल्याणकारी परोपकार संस्थाका संस्थापक र सञ्चालक तथा रेडक्रस सोसाइटीका संस्थापक सदस्य दयावीर सिंह कंसाकारले ०५४ सालको प्रकाश मानवअधिकार पुरस्कार प्राप्त गर्नुभएको थियो। उहाँ नेपालको प्रथम रक्तदाता पनि हुनुहुन्थ्यो। उहाँ स्वास्थ्य, शिक्षा, परोपकार अनाथलय, एम्बुलेन्स सेवालगायतका सामाजिक कार्यमा आजीवन लागि रहनु भयो। सो क्षेत्रका उहाँ अग्रणी र प्रेरणादायी व्यक्तित्व हुनुहुन्थ्यो।

०४७ को संविधान मस्यौदा निर्माता रहेको रामानन्दप्रासाद सिंहलाई ०५५ को प्रकाश मानवअधिकार पुरस्कारबाट सम्मानित गरियो। विभिन्न मानवअधिकारवादी संस्थाको संस्थापक तथा सदस्य रहेका सिंहले क्रिमिनल जस्टिक सिस्टम अफ नेपाल, ह्वाइट कलर क्राइम अफ नेपाल एण्ड प्रिमभेन्सन अफ ह्वाइट कलर क्राइम जस्ता कृतिहरू पनि प्रकाशन गर्नु भएको छ।

दलित संघसंस्थामा रहेर कार्यरत छुवाछुत जातीय भेदभाव विरोधी आन्दोलनमा पूर्वाञ्चल क्षेत्रको लाहानमा नेतृत्वदायी भूमिका निर्वाह गरेका विश्वेन्द्र पासवानलाई ०५६ सालको प्रकाश मानवअधिकार पुरस्कार प्रदान गरिएको थियो।

सामाजिक कुरीति, गलत परम्परा र बेथितिका विरुद्ध आवाज उठाउँदै आउनु भएकी सोनाम छेजुङ लामालाई प्रकाश मानवअधिकार पुरस्कार ०५७ बाट सम्मानित गरियो। सोनाम छेजुङ्ग लामाको संघर्ष आफ्नो समाजमा विधवा आइमाई माथि हुने गरेको भेदभाव, सामाजिक थिचोमिचो र पक्षपातको विरोधमा सुरु भएको हो। मानवअधिकार, महिलाअधिकार र समानताका लागि चेतनाको दियो बाल्दै हिँडेकी संघर्षशील स्वाभाव र कर्मशील व्यवहारकी धनी सोनाम मुगु जिल्लाका २४ ओटै गाविसमा पुग्नु भएको छ भने अशिक्षित र अचेत बस्तीहरूमा शिक्षा र चेतनाको ज्योति छर्न र भेदभावको कृत्रिम सिमारेखाहरू मेटाउन चाहनुहुन्छ।

यसैगरी, महिला विरुद्ध हुने विभेद र महिला मतदाधिकारको पक्षमा अनवरत लडिरहने वसन्तीदेवी झा प्रकाश मानवअधिकार पुरस्कार, ०५८ बाट सम्मानित तराईवासी महिला हुनुहुन्छ। महोत्तरी जिल्लामा महिला अधिकार, राजनीतिक चेतना अभिबृद्धि, सामन्ती उत्पीडन, सामाजिक रुढी र कुसंस्कारका विरुद्ध लडेकी झा महिला मताधिकारको लागि आफ्नो क्षेत्रमा महिला भएर पनि पुरुषको अवरोधका बावजुद मतदान गर्ने पहिलो महिला हुनुहुन्छ।

प्रकाश मानवअधिकार पुरस्कार, २०५९ बाट पुरस्कृत व्यक्तित्व नारायण प्रसाद शर्मा त्यो नाम हो, जसले झण्डै तीन दशकदेखि कठिन र प्रतिकूल परिस्थितिकाबीच पनि विचलित नभइ पत्रकारिता एवम् सामाजिक संघसंस्थामार्फत् अभिव्यक्ति स्वतन्त्रता, सामाजिक न्याय र समानताका निम्ति उल्लेखनीय योगदान पुऱ्याउँदै आउनु भएको छ। दाङमा युगबोध पाक्षिक पत्रिकाको प्रकाशन सुरु गरेर नयाँ युगबोध दैनिकको प्रकाशनसम्म अनेकौं अवरोध पार गरेर आएका शर्मा ब्राह्मण परिवारमा जन्मिएर पनि आधा शताब्दी पहिले जातीय भेदभाव विरुद्ध आवाज उठाएर दलितहरूको घरमा पूजा लगाउँदा जाति बहिष्कारको अमानवीय पीडा समेत खेप्नु परेको थियो।

०६० सालको प्रकाश मानवअधिकार पुरस्कार कास्कीका सक्रिय मानवअधिकार कार्यकर्ता टेकनाथ बरालले प्राप्त गर्नु भएको थियो। अविचलित रुपमा मानवअधिकार र सामाजिक न्यायलाई जीवनको साध्य ठानी विभिन्न संस्थामा सक्रिय रहँदै आउनु भएका बराल न्याय, समानता र आममानिसको समृद्धिको अभियानमा संलग्न हुनुहुन्छ।

अभिव्यक्ति स्वतन्त्रता सबै अधिकारहरूको कुँजी हो र यही कुँजीद्वारा सामाजिक न्यायको मूलद्वारा उघार्न भगीरथ प्रत्नमा तल्लीन प्रेस स्वतन्त्रता सेनानी सुदूरपश्चिमाञ्चल क्षेत्रको वैतडी जिल्लाका रामबहादुर चन्द ०६१ सालको प्रकाश मानवअधिकार पुरस्कारबाट सम्मानित हुनु भयो। न्यायपूर्ण संघर्षमा समर्पित चन्द मानवअधिकार र सामाजिक न्यायविना शान्ति सम्भव छैन, प्रजातन्त्रका निम्ति संवादको संस्कृति र संवादका लागि प्रेस स्वतन्त्रता आजको अपरिहार्यता हो भन्दै जीवन आदर्शका सन्देशहरू प्रवाह गर्दै आउनु भएको छ।

०६२ सालको प्रकाश मानवअधिकार पुरस्कार शिवबहादुर कार्कीलाई प्रदान गरियो। उहाँ राजनीतिक आन्दोलन र पत्रकारिताको माध्यमबाट आमनेपाली जनताको हक अधिकारको लागि चार दशकदेखि निरन्तर क्रियाशील हुनुहुन्छ। ०३६ साल र ०४६ सालको जनआन्दोलन र ०६२/०६३ को लोकतान्त्रिक आन्दोलनमा कार्कीको योगदान महत्वपूर्ण रहेको छ।

समाजबाट अपहेलित र बहिष्कृत भएर बस्नुपर्ने दलित महिलाको हक अधिकारको लागि लड्ने निर्भिक योद्धाको नाम हो - रामरतिदेवी राम, जो प्रकाश मानवअधिकार पुरस्कार ०६३ बाट सम्मानित हुनुभयौं। सिरहाकी राम सधैभरी उपल्लो जातकाबाट शोषित पीडित भएर बस्नु भन्दा अमानवीय के हुनसक्छ भन्दै यसको विरुद्धमा आवाज उठाउनैपर्छ भनेर लाग्नुभयो- दलित माथिको भेदभाव, उत्पीडन, महिला हिंसा विरुद्ध सशक्त आवाज उठाउन। यसबीचमा सामाजिक क्रियाकलापमा कथित उपल्लो जातका भनाउनेहरूको दबाब र धम्कीका बाब पनि उहाँको सक्रियता कहिल्यै मत्थर भएन। उहाँ सम्पन्न वर्ग र पुरुषको मात्र अधिकार हुँदैन, हक अधिकार सबैको समान हुन्छ भनेर सामाजिक आन्दोलनमा सक्रिय हुनुभएको छ।

प्रकाश मानवअधिकारबाट पुरस्कृत व्यक्तित्वरूको जीवन, दृष्टिकोण र अनुभवले जुनसुकै तहमा काम गर्ने मानवअधिकार कार्यकर्तालाई प्रेरणा, हौसला र आत्मविश्वास प्रदान गरिरहने छ।

अधिकारका लागि लड्दै



महावीर पुन

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९ मा प्रत्येक व्यक्तिले आफ्नो विचार बोलेर, लेखेर वा प्रकाशनमार्फत खुलस्त पार्न पाउने अधिकारका बारेमा उल्लेख गरिएको छ। सो धाराले प्रत्येक व्यक्तिले आफूलाई लागेको बिचार व्यक्त गर्न पाउने तथा कुनैपनि माध्यममार्फत सूचना माग्न, पाउन र बाड्न पाउने अधिकारकोसमेत प्रत्याभूति गरेको छ। भनिन्छ सूचना ज्ञान हो र त्यो ज्ञान शक्ति हो। संसारमा सबैभन्दा शक्तिशाली व्यक्ति भनेका सूचना हुनेहरू नै हुन्। सूचनाको अधिकार र सञ्चारमा जनताको पहुँचलाई पूरा गर्ने जिम्मेवारी राज्यको हो। यद्यपी नेपालमा ग्रामीण भेगका जनतालाई बेतार प्रणालीमार्फत सूचना र सञ्चारको संसारसँग परिचित गराउनुभएकोछ **महावीर पुनले**।

महावीरले म्याग्दी जिल्लाका सातवटा दुर्गम बस्तीका बासिन्दालाई हाइफाइ र वायरलेस सञ्चार प्रविधिसँग परिचित गराएर साचो अर्थमा जनताको सूचना पाउने अधिकार रक्षा भएको छ। महावीरको नाम सार्थक भएको छ, एशियाको नोवेल मानिने रोमन म्यागासेसे पुरस्कार प्राप्त गरेर। म्याग्दी जिल्लाको नागीलगायतका सातवटा गाविसमा वायरलेस प्रविधिमार्फत इन्टरनेट सञ्जाल स्थापना गरेबापत **कम्युनिटी लिडरशीप** शीर्षकमा पुनलाई प्रतिष्ठित **रोमन म्यागासेसे पुरस्कार** प्रदान गरिएको हो। पुरस्कार लिन फिलिपिन्स जानुअघि ०६४ साउन २१ गते **प्राचीका सम्पादक लक्ष्मणदत्त पन्तसँगको** कुराकानीमा पुनले भन्नुभयो, "मसँग दुर्गम कर्णाली क्षेत्रका सत्रवटा पहाडी जिल्लालाई वायरलेस प्रविधिसँग साक्षात्कार गराउने योजना छ। सो योजना सफल भएमा नेपाल **सूचनाको उच्च राजमार्गको** बाटोतिर उन्मुख हुनेछ र नेपाली जनताले सही अर्थमा सूचना र सञ्चारको अधिकार उपभोग गर्नेछन्।"

अन्तर्वाताको सारसंक्षेप

प्राचीः म्यागासेसे पुरस्कार पाउँदा कस्तो अनुभूति भएको छ ?

महावीरः म आफ्नो काममा कटिवद्ध छु। काम धेरै बाकी छ, पुरस्कार अलि चाडै भयो कि जस्तो लागेको छ। यद्यपी बढी जिम्मेवारीबोध भएको छ। मैले नेपाललाई नै सञ्चार संजालसँग जोडने [illegible]ा सजाएको छु।

प्राचीः तपाईले कस्तो प्रविधिको प्रयोगमार्फत सञ्चार संजाल स्थापना गर्नुभएको हो ?

महावीरः म यसलाई सञ्चारको पहुँच भन्न रूचाउछु। मैले त केवल पोखराबाट वायरलेस प्रविधि गाउँमा भित्र्याएको मात्र हु। यसका लागि महरे डाँडामा एन्टेना स्थापना गरिएको छ। यस सञ्जालको प्रमुख स्टेशन पोखरास्थित नदीपुरमा छ। यो जनताले लिएको टेलिफोन र इन्टरनेटको सुविधा हो। हामीले यस प्रविधिको प्रयोग मुलतः शैक्षिक र बिकासको प्रयोजनका लागि गरेका हौ। बिकासका लागि सञ्चार अवधारणाबाट हाम्रो अभियान निर्देशित छ। जनतालाई सहभागितामुलक बिकासको अनुभूति दिलाउन उनीहरूको सञ्चार संजालमा पहुँच हुने समेत जरूरी छ। जनतालाई सञ्चार संजालमार्फत अधिकारका लागि सचेत गराउने हाम्रो प्रयास हो। भिस्याट मोबाइल सबैभन्दा सस्तो प्रविधि मानिन्छ। सोही प्रविधिअन्तर्गत Voice Over Internet Protocol (VOIP) बाट यो आवाजसमेत पठाउन मिल्ने वायरलेस प्रयोग गरिएको हो।

मसँग दुर्गम कर्णाली क्षेत्रका सत्रवटा पहाडी जिल्लालाई वायरलेस प्रविधिसँग साक्षात्कार गराउने योजना छ । सो योजना सफल भएमा नेपाल सूचनाको उच्च राजमार्गको बाटोतिर उन्मुख हुनेछ र नेपाली जनताले सही अर्थमा सूचना र सञ्चारको अधिकार उपभोग गर्नेछन् ।"

प्राचीः जनताले यो प्रविधिको प्रयोग कसरी गरिरहेका छन् ?

अहिले म्याग्दीका नारच्याङ, सिख, घार, हिस्तान, राम्चे, लेकफाट, लुम्लेलगायतका गाउँमा टेलिफोन र इन्टरनेट पुगेको छ। ती गाउँका करिब सोह्र हजार जनता अहिले यो प्रविधिबाट लाभान्वित छन्। यो प्रविधिको प्रयोग जसका लागि पनि खुला छ। यहाँ अहिले बिदेशमा काम र अध्ययनको खोजी गर्नेहरू इन्टरनेट र इमेलको प्रयोग गरिरहेका छन्। स्थानीय स्तरमा उत्पादन भएका खाद्य सामग्री, तरकारी, फलफुलको किनमेलदेखि गाइवस्तुको खरिदबिक्रीसमेत अब इन्टरनेटमार्फत सम्भव भएको छ।

प्राचीः तपाइको अभियानमा राजनीतिक द्वन्द्वको प्रभाव परेन ?

महावीरः सुरूमा म आफैलाई पनि यो प्रविधि थाहा थिएन। यसलाई सञ्चालन गर्न मैले केही बिदेशी साथीहरूको सहयोग

सरकारले नियन्त्रण गर्न नसक्ने र जनताको हितमा भएका कतिपय सञ्चार प्रविधिलाई कानूनी मान्यता दिनुको बिकल्प छैन् । जस्तो कि VOIP (Voice Over Internet Protocol) चलिरहेको छ, तर अबैधानिक मानिन्छ, यसलाई रोक्न पनि त सम्भव छैन ।

लिनुपर्‍यो। हामीले यसको सुरूवात सन् २००२ मा गरेका हौ। त्यतिखेर नेपालमा माओवादी र सरकारको द्वन्द्व उत्कर्षमा पुगेको थियो। यस प्रविधिको लाइसेन्स लिनुपर्ने नभएकोले हामीलाई खाशै समस्या परेन। यद्यपी सैनिकले टेलिफोन काटने गरेको समयमा टेलिफोनकै अभियान चलाउनु चुनौतीपूर्ण थियो। अमेरिका, युरोपलगायतका देशबाट बिदेशी स्वयम्सेवीमार्फत प्राविधिक साधनहरू ल्याइएको हो। सुरक्षाकर्मीले सुरक्षापोस्टमा बिदेशीलाई जाँच गर्दैनथे। माओवादीले यो कस्तो प्रविधि हो भनेर सोधे, तर बाधा पुर्‍याएनन्। तत्कालीन शाही नेपाली सेनाले हामी कार्यरत स्थानमा पेट्रोलिङ गरेपनि केही भनेनन्, उनीहरूलाई इमेल-इन्टरनेट थाहा थिएन।

प्राचीः यो प्रविधिको प्रयोगमा केही समस्या देखिएका छन् कि ?

महावीरः मुख्य कुरा अनुभवको हो। संचारको क्षेत्रमा हामीले नयाँ तर सस्तो प्रविधिको अनुभव संगालेका छौ। यद्यपी इन्टरनेट र इमेल प्रयोग गर्ने सम्बन्धमा अंग्रेजी भाषाको समस्या देखिएको छ। सबै जनता साक्षर र शिक्षित नभएसम्म सञ्चारको पहुँच असजिलो हुनसक्छ। सञ्चार संजाललाई शिक्षाका लागि अधिकतम सदुपयोग गर्न सकेको खण्डमा भविस्यमा यस्ता समस्यासमेत कम

भएर जानेछन्। नेपाली सफ्टवयरको निर्माण गरी नेपाली भाषामा नै सञ्चार गर्न सकिएमा जनता आफ्ना अधिकारका बारेमा बढी सचेत हुनेछन्।

प्राचीः तपाईको भविश्यको योजना के छ ?

महावीरः मसँग दुर्गम कर्णाली क्षेत्रका सत्रवटा पहाडी जिल्लालाई वायरलेस प्रविधिसँग साक्षात्कार गराउने योजना छ। सो योजना सफल भएमा नेपाल सूचनाको उच्चराजमार्गको बाटोतिर उन्मुख हुनेछ र नेपाली जनताले सही अर्थमा सूचना र सञ्चारको अधिकार उपभोग गर्नेछन्। त्यसको लागि यो प्रविधिको पहिचान देशका बिभिन्न स्थानमा हुनु जरूरी छ। तराई भेगमा अप्टिकल फाइवर प्रयोगमा आइसकेको सन्दर्भमा पहाडी जिल्लाहरूलाई सञ्चारसँग जोड्न वायरलेस र हाइफाइ प्रविधि उपयुक्त हुनेछ। दुवैको अधिकतम प्रयोगबाट नेपालको ग्रामीण भेगमा सूचनाको सुनिश्चितता हुनेछ।

सञ्चारबाट जनताले अधिकारका बारेमा सिक्दछन् । अधिकारका बारेमा सचेत नागरिक कर्तब्यका बारेमासमेत सचेत हुन्छन् । देशप्रतिको कर्तब्यबोध शान्ति स्थापनाको आधारशिला मान्न सकिन्छ ।

प्राचीः सञ्चार संजालको राष्ट्रब्यापी पहुँचका लागि तपाईले सरकारबाट के अपेक्षा गर्नुभएको छ ?

महावीरः सरकारले सञ्चार नीति खुकुलो बनाउनु पर्दछ। सरकारले नियन्त्रण गर्न नसक्ने र जनताको हितमा भएका कतिपय सञ्चार प्रविधिलाई कानूनी मान्यता दिनुको बिकल्प छैन्। जस्तो कि VOIP (Voice Over Internet Protocol) चलिरहेको छ, तर अबैधानिक मानिन्छ, यसलाई रोक्न पनि त सम्भव छैन। आधुनिक प्रविधिको बिकाससँगै भित्रिएका कतिपय सञ्चारका माध्यमहरूको प्रयोगमा सहयोग पुर्‍याउने कानूनी संयन्त्र निर्माण आवश्यक छ।

प्राची : तपाईको सञ्चार संजाल अभियानले शान्ति प्रक्रियालाई कसरी सहयोग गर्ला ?

महावीरः जनतालाई सञ्चार संजालसँग परिचित गराउनु आफैमा एउटा लडाई हो। सञ्चारबाट जनताले अधिकारका बारेमा सिक्दछन्। अधिकारका बारेमा सचेत नागरिक कर्तब्यका बारेमासमेत सचेत हुन्छन्। देशप्रतिको कर्तब्यबोध शान्ति स्थापनाको आधारशिला मान्न सकिन्छ।

"तराई क्षेत्र भनेको नेपाल र भारतको बीचमा रहेको मध्यदेश हो। नेपालको आधा जनसंख्या जो तराईमा बस्छन् ,उनीहरूको मातृभाषा हिन्दी हो। चालिस लाख मधेशीले नागरिकता पाएका छैनन्।"

एसिया ट्रिब्युनमा प्रकाशित उपरोक्त भनाइ राजेन्द्र महतोको हो। तराई र पहाडमा नागरिकताविहीनको संख्या झण्डैझण्डै उस्तै रहेको कुरा प्रमाणित भइसकेको छ।यसबाहेक, नेपाल भारतबीच सन् १९५० मा भएको सन्धिअनुसार नेपालको तराईमा अधिकार छैन,तराईमा बसोबास गर्ने नेपालीभाषी(पहाडी मूल)का मानिसबाहेक अरु सबै आदिवासी हुन्, थारु भाषा भाषा नै होइन, थारु भनेको मधेशी हुन् भन्ने धारणा जोडतोडमा साथ प्रचार प्रसार भइरहेको छ। यिनै मान्यताका आधारमा तराईका केही जिल्लामा हिंसात्मक गतिविधि यति बढेको छ कि राजनीतिक मुद्दा छायामा परेको क्षेत्र होइन, श्रृंखलाबद्ध आपराधिक घटनाको बाढी नै आइरहेको छ।

इतिहास र यथार्थलाई पर सारेर भ्रमलाई यथार्थको वस्त्र लगाउने कसरत भइरहेको यस कालमा **नेपालको तराई तथा यसका भूमिपुत्रहरू** प्रकाशन भएको छ। लेखक हुनुहुन्छ -महेश चौधरी। विद्वता,अध्ययनशीलता, निर्भिकता र राष्ट्रवादी चिन्तनबाट सुसज्जित चौधरीको राजनीतिक जीवन पनि तिनै विशेषताबाट सुशोभित छन्।

नेपालको सीमा क्षेत्र"सुगौली सन्धिभन्दा पहिले नेपालको सीमाना पुर्वपश्चिम टिस्टादेखि सतलजसम्म र उत्तर दक्षिण हिमालयदेखि गङ्गासम्म" फैलिएको थियो।(पृष्ठ १६) यसबाट के प्रष्ट हुन्छ भने नेपाल र भारतबीचको देश मधेश हो भन्ने धारणा मनोगत हो, यथार्थ होइन।

नेपालमा विभिन्न कालमा उत्तरी भारतको सीमा क्षेत्रबाट नेपाल बसाई सरेको यथार्थवारे भारतले पनि स्वीकार गरिसकेको तथ्य हो।" १५ जुलाई १९८० को भारतीय अफिसियल स्रोतले रिपोर्ट गरेको थियो कि केही आफ्नो देशभन्दा बाहिर १ करोढ ९ लाख भारतीयहरू बाहिर छन् जसमध्ये ३८ लाख नेपालमा छन्।"पृष्ठ २२८) तै पनि यो यथार्थलाई बिर्सेर आफूलाई नेपालको आदिवासी प्रमाणित गर्न अर्घेल्याइँ गर्नेहरूको ज्ञान खुलाउन यो पुस्तकले अवश्य नै सहयोग पुऱ्याउनेछ।



तराईमा बस्ने नेपालीभाषी (पहाडी मूल) बाहेक अरु सबै तराईका आदिवासी हुन् भन्ने प्रचारलाई भ्रामक सावित गर्दै तराईका वास्तविक आदिवासी को को हुन् ? पुस्तकमा उत्तरमात्र दिइएको छैन, यथेष्ट प्रामाणिक आधार पनि खुलाइएको छ। भारतबाट आएका विभिन्न जात जातिहरू र पहाडी मूलका मानिसहरूबाट तराईका आदिवासी कसरी शोषित भए त्यसको समेत संक्षिप्त विवेचना गरिएको यो पुस्तक पठनीय र संग्रहणीय छ, यसमा दुई मत छैन। तर पुस्तकका केही आलोच्य पक्ष पनि छ।

पुस्तक ऐतिहासिक तथ्यलाई उजागर गर्नेतर्फ केन्द्रित भए पनि मानवशास्त्र, पुरातात्विक प्रसंग ठाउँमा अनावश्यक प्रतीत हुन्छ। लेखकबाट यस विषयमा वेग्लै पुस्तकको अपेक्षा गरिनु अस्वभाविक होइन। यसबाहेक थारू कल्याणकारी सभाका विज्ञप्तिलगायत अन्य सामग्रीले यो पुस्तक त्यही सभाकै हित गर्नका लागिमात्र लेखिएको हो कि भन्ने भ्रम उत्पन्न हुने मौका नदिएको भए उचित हुने थियो। आगामी संस्करणमा भाषालगायत उपरोक्त विषयमा लेखक तथा प्रकाशकले अवश्य नै ध्यान दिनु हुनेछ।

पुस्तकको नाम : नेपालको तराई तथा यसका भूमिपुत्रहरू
लेखक : महेश चौधरी
प्रकाशक : शान्ति चौधरी

– ***आभास शर्मा***

संविधानसभा सदस्य निर्वाचन, २०६४

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली

कार्यक्रम	मिति		समय		स्थान
	देखि	सम्म	देखि	सम्म	
उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने।	२०६४/६/१८		१०.००	१७.००	निर्वाचन अधिकृतको कार्यालय (जिल्ला सदरमुकाम)
उम्मेदवारको मनोनयनपत्र दर्ता भएको सूची प्रकाशन गर्ने।	२०६४/६/१९		१०.००	१७.००	ऐ. ऐ.
उम्मेदवारको विरोधमा उजुरी दिने।	२०६४/६/२०		१०.००	१७.००	ऐ. ऐ.
मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने।	२०६४/६/२१		१०.००	१७.००	ऐ. ऐ.
उम्मेदवारको नामावली प्रकाशन गर्ने।	२०६४/६/२१			१७.००	ऐ. ऐ.
उम्मेदवारको नाम फिर्ता लिने।	२०६४/६/२२	२०६४/६/२३	१०.००	१७.००	ऐ. ऐ.
उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने।	२०६४/६/२३			१७.००	ऐ. ऐ.
उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने।	२०६४/६/२४		१०.००	१७.००	ऐ. ऐ.
मतदान गर्ने।	२०६४/८/६		०७.००	१७.००	सम्बन्धित मतदानकेन्द्र

समानुपातिक निर्वाचन प्रणाली

कार्यक्रम	देखि	सम्म	देखि	सम्म	स्थान
राजनीतिक दलहरुले उम्मेदवारको बन्दसूची पेश गर्ने।	२०६४/६/१३		१०.००	१७.००	निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं।
उम्मेदवारको बन्दसूची सच्याउन राजनीतिक दललाई सूचित गर्ने।	२०६४/६/१४	२०६४/६/२०	१०.००	१७.००	ऐ. ऐ.
राजनीतिक दलले उम्मेदवारको बन्दसूची संशोधन गरी पेश गर्ने।	२०६४/६/२१	२०६४/६/२७	१०.००	१७.००	ऐ. ऐ.
उम्मेदवारको बन्दसूची सार्वजनिक गर्ने।	२०६४/६/२८		१०.००	१७.००	ऐ. ऐ.
उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको उम्मेदवारको योग्यता सम्बन्धमा दावी विरोध गर्न निवेदन दिने।	२०६४/६/२९	२०६४/७/५	१०.००	१७.००	ऐ. ऐ.
उम्मेदवारको बन्दसूचीमा समावेश उम्मेदवारको योग्यता सम्बन्धी दावी विरोधको निवेदन उपर जाँचबुझ र निर्णय गर्ने।	२०६४/७/६	२०६४/७/१२	१०.००	१७.००	ऐ. ऐ.
उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन गर्ने।	२०६४/७/१३		१०.००	१७.००	ऐ. ऐ.
उम्मेदवारको बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको बन्दसूचीबाट फिर्ता लिन चाहेमा निवेदन दिने।	२०६४/७/१४		१०.००	१७.००	ऐ. ऐ.
उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम फिर्ता लिएको जानकारी सम्बन्धित राजनीतिक दललाई दिने।	२०६४/७/१५		१०.००	१७.००	ऐ. ऐ.
उम्मेदवारको बन्दसूची अन्तिम रुपमा प्रकाशन गर्ने।	२०६४/७/१६		१०.००	१२.००	ऐ. ऐ.
निर्वाचन चिन्ह प्रदान गर्ने।	२०६४/७/१६		१२.००	१७.००	ऐ. ऐ.

स्रोत : निर्वाचन आयोग





इन्सेकमा उपलब्ध केही प्रकाशनहरू



का. जि. का. द. नं. २१/४९/५०

नेपालको पहिलो

मानवअधिकार समाचार अनलाइन

नेपाली र अंग्रेजी भाषामा

www.inseconline.org

मानवअधिकारसम्बन्धी विविध
समाचारहरू समेटिएको
यस वेबसाइटमार्फत्
देशको मानवअधिकार स्थितिको ताजा
जानकारी लिनुहोस् ।

BY AIRMAIL